# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **शीतविन्दुका कविताको विश्लेषण** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानवीकि तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको हो ।

## १.३ विषयपरिचय

कविता विधामा 'शीतविन्दु' का उपनामले चिनिने प्रदीप ज्ञवाली आधुनिक समसामयिक धाराका एक सशक्त प्रतिभा हुन् । यिनको २०४१ साल भाद्र २८ गते 'आँशुले के भन्छ' शीर्षकको कविता **दैनिक** समालोचनामा छापिएपछि यिनी सार्वजनिक रूपमा कविका रूपमा देखापरेका हुन् । यही कविता यिनको पहिलो प्रकाशित रचना हो । कवितासङ्ग्रहका रूपमा **चिताजलिरहेछ** (२०५३) मा ३० वटा कविता ४८ पृष्ठमा सङ्कलित भएर प्रकाशित भएको छ । उनको अर्को **आस्था ओ मेरी प्रिया** (२०५९) कवितासङ्ग्रह सालमा २८ वटा कविता ६७ पृष्ठमा सङ्कलित भएर विवेक सिर्जनशील प्रकाशनबाट प्रकाशित भएको छ । उनका साहित्यिक र साहित्येतर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । समसामयिक नेपाली समाजलाई शीतविन्दुले दिएको योगदानको मूल्याङ्कन गर्नु प्रस्तुत शोधकार्यको लक्ष्य रहेको छ ।

## १.४ समस्याकथन

यस शोधपत्रमा साहित्यकार प्रदीप ज्ञवाली 'शीतविन्दु'का कविताको अध्ययन गरिएको छ । नेपाली साहित्यको कविता विधामा कलम चलाउने शीतविन्दुका कवितालेखनसम्बन्धी निम्न बुँदाहरूमा प्रकाश पारिएको छ :

(१) शीतविन्दु (प्रदीप ज्ञवाली) को जीवनी र व्यक्तित्व केकस्तो छ ?

(२) शीतविन्दुका कवितायात्रामा केकस्ता चरणगत प्रवृत्तिहरू देखापरेका छन् ?

(३) शीतविन्दुका कविताको विश्लेषण केकसरी गर्न सकिन्छ ?

(४) शीतविन्दुका कवितागत प्रवृत्तिहरू केकस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

२०४१ सालदेखि हालसम्म अनवरत रूपमा नेपाली साहित्य र समाजको सेवा गर्दै आएका शीतविन्दुका **चिता जलिरहेछ** (२०५३) र **आस्था ओ मेरी प्रिया** (२०५९) कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । यीबाहेक प्रशस्त साहित्यिक कृति र साहित्येतर लेखहरू पनि प्रकाशित भइसकेका छन् । अतः उनको कविताका विविध पाटाहरूको अध्ययन गर्दै उनको कवितासृजनाक्रममा देखापरेका कवितायात्रा र प्रवृत्तिको अध्ययन गर्नुका साथै उनका कवितागत प्रवृत्तिहरू केलाउनु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । निष्कर्षमा प्रस्तुत शोधपत्रको उद्देश्यहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

१) शीतविन्दु (प्रदीप ज्ञवाली) को जीवनी र व्यक्तित्वको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गर्ने,

२) शीतविन्दुका कवितायात्रामा देखिएका चरणगत प्रवृत्तिहरू केलाउने,

३) शीतविन्दुका कविताको विश्लेषण गर्ने,

४) शीतविन्दुका कवितागत प्रवृत्तिहरू केलाउने ।

## १.६ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली साहित्यको विशेषतः कविता विधामा साधनारत शीतविन्दुका बारेमा हालसम्म चर्चापरिचर्चाबाहेक उनका कविताकृतिहरूको विस्तृत र सुव्यवस्थित अध्ययन-विश्लेषण भएको पाइँदैन । केही पत्रपत्रिका र समालोचकका केही कृतिहरूमा सामान्य टिप्पणी र चर्चा मात्र गरिएको पाइन्छ । आजसम्म उनका बारेमा गरिएका केही टीकाटिप्पणी, चर्चापरिचर्चाको विवरण निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

गोविन्द भट्टले **चिता जलिरहेछ** (२०५३) कवितासङ्ग्रहको भूमिकामा “नेपाली साहित्यको कविता विधामा यता देखापरेका नयाँ पुस्ताका एक संवेदनशील र सशक्त प्रतिनिधि प्रतिभा हुन् । कवि शीतविन्दु, उनका कविता आँसु, रगत र आगोका लप्काहरू हुरी बतास र हिमाली अभियानहरूमा जन्मेका छन्” भनेका छन् ।

गोपीरमण उपाध्यायले **प्रगतिशील साहित्य समालोचना** (२०५९) को पृ. ४२ मा "प्रदीप ज्ञवालीका कविताहरूमा मानवीय जीवनका विभिन्न अवस्थामा प्रकट हुन सक्ने आँसु, हाँसो, राग, अनुराग, विवेक, जाँगर, विश्वास र सङ्कल्पलाई कविले काव्यगत अभिव्यक्तिका साथ अत्यन्त सुक्ष्मता र गम्भीरताका साथ प्रस्तुत गरेका छन्" भनेका छन् ।

दिल साहनीले 'कवि शीतविन्दु र चिता जलिरहेछ' **समकालीन साहित्य** (२०५९, वर्ष १३, अङ्क ३, माघ-फागुन) पत्रिकामा "कवि ज्ञवाली थुप्रै प्रतीक, इतिहास सन्दर्भहरू, बिम्बहरू, प्रभावकारी शब्दहरू सुन्दर भाषा तथा शैलीहरू तीव्र अनुभूतिहरू, अन्य कल्पनाहरू, गम्भीर विचारहरू, जीवन्त परिवेशहरू आदि प्रयोग गरेर कविताको शील्पपक्षलाई आकर्षक र भावपक्षलाई व्यापक तथा गाम्भीर्यपूर्ण पार्न सफल देखिन्छन्" भनेका छन् ।

दिलिपकुमार नेपालीले 'वर्तमान समयको धड्कन छाम्ने आस्था ओ मेरी प्रिया' **जनतहल्का** साप्ताहिक (२०५९, वर्ष ६, अङ्क ३४, फागुन) पत्रिकामा "प्रदीप ज्ञवाली एकातिर आफ्ना कविताहरूमा क्रान्तिप्रति उत्कृष्ट आस्था र चाहना प्रकट गर्दछन् भने अर्कातिर क्रान्तिको नाममा उग्र आक्रोश व्यक्त गर्दछन्" भनेका छन् ।

मञ्जुलले **आस्था ओ मेरी प्रिया** (२०५९) कवितासङ्ग्रहको भूमिकामा, "जन्मले नै शीतविन्दुलाई कवि हुने सौभाग्य दिएको छ, । उनका कविताहरूमा गल्ती सुधारेर त्यसलाई हटाइएर संसार सुन्दर पारौँ र मानवीय ढङ्गले बाँचौँ भन्ने तीव्र चाहना व्यक्त भएको छ" भनेका छन् ।

मातृका पोखरेलले 'सामाजिक मूल्यको दृष्टिमा शीतविन्दुका कविताहरू' **जनएकता** (वर्ष ७, अङ्क ३५, २०५९) पत्रिकाको पृ. ४ मा "प्रदीप ज्ञवालीले नेपाली राजनैतिक आकाशमा देखापरेका विशृङ्खलताहरू, नेपाली जनजीवनले भोगिरहेका शासकीय यन्त्रणाहरू असल कार्यमा जीवन उत्सर्ग गर्ने अग्रजहरूका सम्झनाहरूलाई मुख्य रूपमा कथ्य बनाएका छन्" भनेका छन् ।

विजय सुब्बाले **आस्था ओ मेरी प्रिया** (२०५९) कवितासङ्ग्रहको पछिल्लो पृष्ठमा, "शीतविन्दुका कवितामा यथास्थितिवादप्रतिको गम्भीर असहमति र सामाजिक परिवर्तनप्रतिको अटुट आस्था कविका मूल परिचय बनेका छन्" भनेका छन् ।

विमल निभाले **आस्था ओ मेरी प्रिया** (२०५९) कवितासङ्ग्रहको बारेमा, "समकालीन जीवनको आरोह-अवरोहलाई सूक्ष्म ढङ्गले उतार्ने इमान्दार प्रयासका रूपमा यो पुस्तक अघि आएको छ । कविले भोगेका आनन्द, तनाव, प्रेम, क्रोध, सङ्कल्प, घृणा, आक्रोस, करुणा, सङ्घर्ष, पीडा आदिको साक्ष्य यी कविताहरू हुन्" भनेका छन् ।

हरिगोविन्द लुइटेलले, **आस्था ओ मेरी प्रिया** (२०५९) कवितासङ्ग्रहको पछिल्लो पृष्ठमा, "कवि शीतविन्दुका कविताको सँगालो **आस्था ओ मेरी प्रिया** ले विगत दुई दशकको सिङ्गो नेपालको एउटा कलात्मक चित्र उतारेको छ" भनेका छन् ।

केशव खनालले 'प्रदीप ज्ञवाली: राजनीति र साहित्य दुवै क्षेत्रमा चर्चित' **छलफल** (२०६०, वर्ष २२, अङ्क १९) पत्रिकामा "प्रदीप ज्ञवालीका रचनाहरू प्रगतिशील र गरिवमुखी भएर देखापरेका छन् । उनका रचनामा समाजका शोषण, दमन एवम् उत्पीडन भत्काउँदै सभ्य मान्छेको मूल्यलाई न्यायपूर्ण समाज स्थापना गर्ने सङ्कलन उनका रचनामा भेटिन्छ" भनेका छन् ।

चिन्तामणि फूल्देलले **प्रदीप ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतिŒवको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) २०६१ को पृष्ठ ७१ मा "प्रदीप ज्ञवालीका कृतिहरू प्रगतिवादी विचार धारामा रचना गरिएका छन् । उनका कविताहरूमा सर्वहारा मानवतावादी दृष्टिकोणको अभिव्यक्ति, आमूल परिवर्तनप्रति विश्वास र आस्थाको अभिव्यक्ति, समतामूलक सामाजिक व्यवस्था निर्माणका निम्ति आह्वान, राष्ट्रविरोधी शक्तिप्रति घृणा र राष्ट्रियताप्रति प्रेमको अभिव्यक्ति, नारी जातिको शोषणको विरोध, सामाजिक विसङ्गतिको उद्घाटन, स्वतन्त्रता र समानताको चाहनाजस्ता प्रवृत्तिहरू रहेका छन्" भनेका छन् ।

रवीन्द्रराज घिमिरेले, **सहयात्री उपन्यासको कृतिपरक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) २०६२ को पृ. ४२ मा “नेपाली बामपन्थी आन्दोलनका एक सक्रिय व्यक्तित्व प्रदीप ज्ञवाली नेपाली प्रगतिवादी कवि र साहित्य जगत्मा शीतविन्दुको नामले सुपरिचित छन्” भनेका छन् ।

## १.७ शोधकार्यको औचित्य

यस शोधकार्यले नेपाली साहित्यका पाठकहरूलाई नयाँ ज्ञान अवगत गराउँछ । ‘शीतविन्दु’का कविताले नेपाली कविताको इतिहासमा उल्लेखनीय योगदान दिएको पाइन्छ । ‘शीतविन्दु’का बारेमा छिटफुट चर्चापरिचर्चा भएर ओझेलमा रहिरहेका उनका कविताको व्यवस्थित ढङ्गले व्यापक अध्ययन–अनुसन्धान गरिनु स्वतः औचित्यपूर्ण देखिन्छ । नेपाली कविताको विकासमा शीतविन्दुले पुऱ्याएको योगदानलाई मूल्याङ्कन गर्न र आउने पिँढीलाई शीतविन्दुले नेपाली साहित्यमा दिएको योगदानको महŒव बुझ्न, प्रस्तुत कविताहरूको मूल्याङ्कन गर्न, कवि शीतविन्दु बारेमा जान्न यस शोधपत्रले ठूलो सहयोग पुऱ्याउनु महŒवपूर्ण कार्य हो । यी विविध दृष्टिकोणले गर्दा प्रस्तुत शोधपत्रको अध्ययन औचित्यपूर्ण भएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

शीतविन्दुले दुई कवितासङ्ग्रह **चिता जलिरहेछ** (२०५३), **आस्था ओ मेरी प्रिया** (२०५९) का अतिरिक्त अन्य साहित्यिक र साहित्येतर विधामा समेत कलम चलाएका छन् । यिनै कवितासङ्ग्रहको विश्लेषण यस शोधपत्रमा गरिएको र अन्य साहित्यिक र साहित्येत्तर लेखरचनाहरूको विश्लेषण यस शोधपत्रमा नगरिनु नै यस शोधकार्यको सीमाङ्कन हो ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको सामग्रीसङ्कलनका क्रममा मूलतः पुस्तकालयको सहयोग र शोधनायकसँग प्रत्यक्ष रूपमा भेटी आवश्यक जानकारी र सामग्री लिइएको छ । शीतविन्दु र उनका कविता एवम् कृतिका बारेमा गरिएका केही समीक्षा तथा टिप्पणीहरूको सहयोग लिनाका साथै कविता विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक आधार र विभिन्न साहित्यिक विद्वान्हरूका सुझावलाई पनि सामग्रीसङ्कलनका आधारहरू बनाइएको छ ।

शीतविन्दुका कविताकृतिको विश्लेषणमा मूलतः डा. खगेन्द्रप्रसाद लुइटेलको प्रकाशित शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण** (२०६२) लाई आधार बनाएर गरिएको छ । प्रस्तुत शोधपत्रमा शीतविन्दुको कविता सृजनाको पृष्ठभूमिमा रहेका सन्दर्भहरू, उनले बाँचेको युग, देशको राजनैतिक, सामाजिक अवस्था आदिलाई कविता विश्लेषणका आधारमा पहिल्याउने प्रयास गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | **शोधपरिचय** |
| दोस्रो परिच्छेद | : | **शीतविन्दुको सङ्क्षिप्त परिचय** |
| तेस्रो परिच्छेद | : | **शीतविन्दुको कवितायात्रा** |
| चौथो परिच्छेद | : | **शीतविन्दुका कविताको विश्लेषण** |
| पाँचौँ परिच्छेद | : | **शीतविन्दुका कवितागत प्रवृत्तिहरू** |
| छैटौँ परिच्छेद | : | **उपसंहार तथा निष्कर्ष** |

# दोस्रो परिच्छेद

## शीतविन्दुको सङ्क्षिप्त परिचय

## २.१ जीवनी

### २.१.१ जन्म र जन्मस्थान

नेपाली साहित्यको कविता विधामा आफ्नो पहिचान दिन सफल प्रदीप ज्ञवालीको जन्म नारायणदत्त ज्ञवालीकी श्रीमती पुण्यकला ज्ञवालीका कोखबाट भएको हो ब्राह्मण परिवारको एक निष्ठावान परिवारमा २०१९ साल भाद्र २८ गते नेपालको हालको लुम्बिनी अञ्चल, गुल्मी जिल्लाअन्तर्गत बलेटक्सार गा.वि.स., चौताराको तल्ला थुम्का भन्ने टोलमा भएको हो ।[१] प्रदीप ज्ञवाली साहित्यका क्षेत्रमा शीतविन्दुका नामले परिचित छन् ।

### २.१.२ बाल्यकाल

प्रदीप ज्ञवालीको बाल्यकाल आफ्नै घरदैलोमा आमा, बाबु र दाजुकासाथ रमाइलोसँग बितेको थियो । आमा, बाबु र दाजुको न्यानो मायामा हुर्कने अवसर पाएका ज्ञवालीलाई वाल्यकालमा कुनै ठूला दुःख र सङ्कटहरू परेनन् ।[२] उनको बाल्यकालीन व्यक्तित्व निर्माणमा आफ्नो आमाको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । आमाको शिष्टता नम्रता, सरलताजस्ता व्यवहारबाट उनले बाल्यकालमा धेरै कुराहरू सिके । उनी सानैदेखि तीक्ष्ण बुद्धि, सरल स्वभाव, तार्किक र जिज्ञासु प्रवृत्तिका थिए । उदण्ड, नचाहिँदो काम र व्यवहार उनले सानै उमेरदेखि मन पराउँदैनथे ।[३] बाल्यकालमा विभिन्न व्यक्ति र क्षेत्रबाट विभिन्न विषयमा अनुभव बटुली सामाजिक, सांस्कृतिक, प्राकृतिक वातावरणअनुरूपको व्यक्तित्व निर्माण गर्दै सुखद्पूर्वक नै उनको बाल्यकाल वितेको पाइन्छ ।

### २.१.३ शिक्षादीक्षा

#### २.१.३.१ प्रदीप ज्ञवालीको अक्षराम्भ

प्रदीप ज्ञवालीको शिक्षा विशेषगरी पाठशाला र प्रकृतिरूपी पाठशालामा सम्पन्न भएको थियो । यसका अतिरिक्त उनले जीवनको प्रारम्भिक अवस्थामा छरछिमेक, नातागोता,

---

१. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
२. ऐजन ।
३. प्रदीप ज्ञवालीका दाजु हरिप्रसाद ज्ञवालीबाट प्राप्त जानकारी ।

साथीसँगीका साथै समाजका बौद्धिक व्यक्तित्वबाट धेरै कुराहरू सिकिसकेका थिए । प्रदीप ज्ञवालीका पुस्तामा प्रशस्त मात्रामा शिक्षित व्यक्तिहरू भएको पाइँदैन । उनका परिवारमा शिक्षित व्यक्ति भनेका दाजु हरिप्रसाद ज्ञवाली थिए ।[४] आमाबाबु पढेलेखेका नभएका कारण घरपरिवारका शिक्षित दाजुबाटै प्रदीप ज्ञवालीलाई अक्षराम्भ गराउने काम भएको थियो ।[५] दाजुको निगरानी, नियन्त्रण र निर्देशनमा ज्ञवालीले अक्षराम्भ गरेका थिए । अक्षराम्भको प्रारम्भिक अवस्थामा काठको कालोपाटीमा अँगार, पहेँला, सेता ढुङ्गाका टुक्राले अक्षर लेख्ने तरिका घरमै उनका दाजुले सिकाएका थिए । आफ्नै दाजुको ममतामय छहारीमा ५ वर्षको उमेरदेखि उनले अक्षरारम्भ गरेका थिए । आजको कवि शीतविन्दु बन्नमा यही पारिवारिक पाठशालाको उल्लेखनीय भूमिका रहेको छ । उनले आजसम्म जेजति ज्ञान हासिल गरेका छन् त्यसको श्रेय उनका दाजु हरिप्रसाद ज्ञवालीमा जान्छ ।[६] जसले त्यो अवोध बालकलाई पढ्ने र लेख्ने प्रेरणा प्रदान गऱ्यो ।

घरमा नै अक्षर चिनिसकेका प्रदीप ज्ञवाली वि.सं. २०२५ मा बम्घा प्राथमिक विद्यालयमा भर्ना भएर औपचारिक शिक्षाको आरम्भ गरेका हुन् ।[७] कक्षा ५ सम्म त्यस विद्यालयमा अध्ययन गरेपछि ग्वादी निम्न माध्यमिक विद्यालयबाट नि.मा.वि. तहको शिक्षा हासिल गरे । माध्यमिक तहको शिक्षा हासिल गर्नका लागि रिडी मा.वि. मा अध्ययन गर्न २०३० सालमा भर्ना भए ।[८] तीक्ष्ण बुद्धि र तार्किक ज्ञान भएका कारण कलिलो उमेरमा वि.सं. २०३२ सालमा रिडी मा. वि. गुल्मीबाट एस्. एल्. सी. पार गरे ।[९] कलिलै उमेरमा एस्. एल्. सी. उत्तीर्ण गरेका प्रदीप ज्ञवाली तीक्ष्ण बुद्धि र प्रतिभाशाली व्यक्ति हुँदाहुँदै पनि उनले औपचारिक रूपमा उच्च शिक्षा हासिल गरेनन् । उच्च शिक्षा हासिल गराउने घरपरिवार र उनको पनि चाहना हुँदाहुँदै तत्कालीन समयमा उनमा आएको वैचारिक परिवर्तनले गर्दा राजनीतिको वातावरणमा प्रवेश गरेकाले उच्च शिक्षा ग्रहणको कार्यलाई निरन्तरता दिन सकेनन् ।

## २.१.४ पारिवारिक स्थिति र आर्थिक अवस्था

प्रदीप ज्ञवालीको पारिवारिक पृष्ठभूमिलाई नियाल्दा कृषि क्षेत्रमा पहाडी ग्रामीण क्षेत्रको बसोवास भएको, सरकारी उच्च स्तरको पदमा कोही नपुगेको, मिहिनेती, सम्मानित

---

४. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
५. ऐजन ।
६. ऐजन ।
७. ऐजन ।
८. ऐजन ।
९. ऐजन ।

र सरल परिवार पाइन्छ । शिक्षण क्षेत्रमा भन्दा कृषि, पशुपालनजस्ता क्षेत्रमा बढी ध्यान दिएको कर्मशील जीवनयापन गरेका पारिवारिक पृष्ठभूमि पाइन्छ ।[१०] राजनीतिलाई जीवनको मुख्य लक्ष्य बनाएका प्रदीप ज्ञवाली ने. क. पा. एमालेका एक वरिष्ठ नेताको रूपमा चिनिन्छन् । व्यक्तिगत स्वार्थलाई त्यागी पार्टी, देश, समाज र जनताका लागि सदाका लागि पर्ने ज्ञवालीले पार्टीका विभिन्न पदमा रही काम गरेका छन् । घरको आर्थिक स्थिति कमजोर भएका कारण घरपरिवार चलाउन काकाहरू विदेशमा गई दुःखसुखको काम गरी पैसा कमाएर ल्याउने परम्परा पनि देखिन्छ ।[११] प्रदीप ज्ञवालीको हालको आर्थिक अवस्था भनेको सपरिवार काठमाडौँको बुद्धनगरमा डेरा गरी बसेको, काठमाडौँमा घरजग्गा नभएको, साधारण जीवनयापन गर्नका लागि पत्र-पत्रिकामा लेखरचना र स्तम्भ लेखनबाट सीमित आयस्रोत जुटाई सरल जीवनयापन गरेको पाइन्छ ।[१२]

## २.१.५ स्वभाव र रुचि

प्रदीप ज्ञवाली वाल्यकालमा पनि चटपटे स्वभावका नभई भद्र, लगनशील स्वभावका थिए ।[१३] सामान्य ग्रामीण परिवेशमा जन्मिएका र शिक्षित दाजुको सङ्गतमा हुर्किएका, घरपरिवार पनि सामान्य खालको भएकाले उनको स्वभाव नम्र, शिष्ट, मिलनसार र सहयोगी खालको रहेको छ ।[१४] उच्चस्तरको शिक्षा हासिल नगरेका भए तापनि नयाँनयाँ किताब किन्न र किनेका किताव नपढ्दासम्म अत्यन्तै बेचैन महसुस भएको ठान्छन् ।[१५] अध्ययनलाई मुख्य रुचिको विषय बनाएका ज्ञवालीले विज्ञानका नयाँनयाँ विषयमा जानकारी लिन, साहित्यिक जीवनवादी गीत सुन्न, फुटवल हेर्न, चेस खेल्न मन पराउँछन् ।[१६]

मूल रूपमा राजनीतिमा नै जीवन बिताउने, अध्ययन गर्ने, साहित्यलेखनतर्फ लाग्ने, देश र जनताको सेवा गर्नेजस्ता रुचि उनमा रहेका देखिन्छन् ।

## २.१.६ पेसा

प्रदीप ज्ञवालीले जीवनका पूर्वाद्धका केही वर्षहरू शिक्षण पेशामा विताएका थिए । उनले २०३३ सालको माघ महिनादेखि २०३६ सालको कार्त्तिकसम्म गुल्मी ग्वादीको मरेक

---

१०. ऐजन ।
११. केशव खनाल, 'प्रदीप ज्ञवली राजनीति र साहित्य दुवै क्षेत्रमा चर्चित', **छलफल**, (वर्ष २२, अङ्क १९, २०६०), पृ. ५ ।
१२. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
१३. प्रदीप ज्ञवालीका दाजु हरिप्रसाद ज्ञवालीबाट प्राप्त जानकारी ।
१४. केशव खनाल, **पूर्ववत्** ।
१५. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
१६. ऐजन ।

प्रा. वि. बम्घाको जनज्योति प्रा. वि. मा र जनवोध नि. मा. वि. मा अध्ययन कार्य गरेको पाइन्छ ।[17] त्यसपछि हालसम्म राजनीतिक पेसामा निरन्तर लागि परेका छन् ।

## २.१.७ साहित्यिक संलग्नता

### २.१.७.१ लेखनको आरम्भ र विस्तार

प्रदीप ज्ञवालीको साहित्यलेखनको सुभारम्भ आठ वर्षको कलिलो उमेरमा नै जन्मस्थल गुल्मीबाट भएको थियो । आठ वर्षको उमेरदेखि नै कविता रच्न थालेका ज्ञवालीको साहित्यलेखनको प्रारम्भ कविता विधाबाट भएको हो । उनका प्रारम्भिक अवस्थामा रचना गरिएका दुई कविताहरू 'देशभक्ति' र 'म अरिँगाल होइन' नामक शीर्षकका रहेका छन् ।[18] यी कविताहरू २०२८ सालतिर रचना गरिएका थिए । २०३१ सालमा रचना गरिएको उनको 'किन' शीर्षकको कविता प्रथम पटक स्थानीय कविता प्रतियोगितामा प्रथम भएको थियो ।[19] यसले उनलाई लेखनमा हौसला प्रदान गऱ्यो । सानै उमेरमा रचना गरिएका उनका कविताहरू सामाजिक जागरणतर्फ उन्मुख रहेका छन् । कविता विधाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका ज्ञवालीले साहित्यका अन्य क्षेत्रमा पनि कलम चलाएका छन् । उनले उपन्यास, कथा, निबन्ध, खण्डकाव्य र केही मात्रामा समालोचना क्षेत्रमा पनि छिटफुट रूपमा कलम चलाएका छन् । उनका हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा ४०० भन्दा बढी सङ्ख्यामा फुटकर लेखरचनाहरू भइसकेका छन् । उनको हालसम्मको साहित्यिक लेखनलाई नियाल्दा पूर्वार्द्ध त्यति सशक्त रूपमा नदेखिए पनि उत्तरार्द्ध भने गतिशील रूपमा रहेको देखिन्छ ।

प्रदीप ज्ञवालीको पहिलो प्रकाशित रचना 'आँसुले के भन्छ' नामक शीर्षकको कविता वि.सं. २०४१ साल भाद्र ७ गतेका दिन 'शिशिर' नामबाट प्रकाशित भएको हो ।[20] साहित्यलेखनकार्य २०२८ सालबाट नै आरम्भ भए तापनि प्रकाशन कार्य भने २०४१ सालबाट मात्र भएको पाइन्छ । २०४१ सालदेखि पत्रपत्रिकाका माध्यमबाट साहित्यिक रचनाहरू प्रकाशन गर्न लागेका प्रदीप ज्ञवालीका विभिन्न विधाका पुस्तकाकार कृतिहरू निम्न नामबाट प्रकाशित भएका छन् ।

---

१७. ऐजन ।
१८. ऐजन ।
१९. ऐजन ।
२०. ऐजन ।

| क.सं. | शीर्षक | विधा | प्रकाशित नाम |
|---|---|---|---|
| १ | **सहयात्री** | उपन्यास | शीतविन्दु |
| २ | **अब मसाल कताख ?** | वैचारिक निबन्ध | प्रदीप ज्ञवाली |
| ३ | **चिता जलिरहेछ** | कवितासङ्ग्रह | शीतविन्दु |
| ४ | **मार्क्सवादको सिर्जनात्मक प्रयोग र नेपाली क्रान्ति** | वैचारिक निबन्धसङ्ग्रह | प्रदीप ज्ञवाली |
| ५ | **प्रचण्डपथः विचारको केन्द्रीकरण कि भ्रष्टीकरण** | वैचारिक निबन्ध सङ्ग्रह | प्रदीप ज्ञवाली |
| ६ | **आस्था ओ मेरी प्रिया** | कवितासङ्ग्रह | शीतविन्दु |
| ७ | **कुहिरो** | कथासङ्ग्रह | प्रदीप ज्ञवाली |

ज्ञवालीले साहित्यिक रचनाहरूका साथै साहित्येतर लेखहरू पनि प्रकाशन गराउँदै आएका छन् । हालसम्म उनका करिब ४०० जति लेखहरू प्रकाशित भइसकेका छन् भने यो क्रम केही पत्रिकाहरू आज पनि जारी छ ।

## २.१.८ सामाजिक संलग्नता

प्रदीप ज्ञवाली सामाजिक कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहँदै आएको पाइन्छ । २०५६ सालमा प्रतिनिधि सभाको सदस्य भएपछि उनले समाज विकासका केही महŒवपूर्ण कार्यहरू गरेका छन् । पाल्पा-तम्घास मोटरबाटो ग्रावेल गर्ने, कालोपत्रे गर्ने, ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्ने, खानेपानीको व्यवस्था मिलाउने, विद्यालयहरूमा फर्निचर सुविधा उपलव्ध गराउने काम गर्नुका साथै विभिन्न सामाजिक संस्थाहरूसँग आबद्ध भई सामाजिक कार्यमा संलग्न भएका छन् । प्रदीप ज्ञवाली नेपाल मृगौला समाजको सल्लाहकारको रूपमा रही काम गर्दै आएका छन् ।[२१] त्यस्तै गुल्मीस्थित श्रृङ्गेश्वर क्याम्पसको सञ्चालक समितिमा रही काम गर्दै आएका छन् ।[२२]

## २.१.९ राजनीतिक संलग्नता

आफ्नो जीवनको अभिन्न अङ्गको रूपमा राजनीतिलाई लिने प्रदीप ज्ञवाली विद्यार्थी कालदेखि नै राजनीतिक कार्यमा संलग्न भएका थिए । पञ्चायती निरङ्कुश शासनको

२१. ऐजन ।
२२. ऐजन ।

दमनको समयमा पनि ज्ञवाली २०३० सालमा अखिल नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको सदस्यका रूपमा रही विद्यार्थी सङ्गठनलाई सुदृढ र विस्तारित गर्ने काममा लागेका थिए ।[२३] संस्थागत रूपमा रही विद्यार्थी सङ्गठनलाई सुदृढ र विस्तारित गर्ने कामको सुरुआत २०३० सालदेखि नै सुरु भए तापनि वि.सं. २०३४ सालदेखि सक्रिय रूपमा लागेको देखिन्छ । तत्कालीन समयमा बामपन्थीभित्रका विभिन्न कमिटिहरू छिन्नभिन्न भएको अवस्थामा सबैलाई एकीकृत गर्ने उद्देश्यले स्थापना भएको को.के (को-अर्डिनेसन केन्द्र) को २०३५ साल कार्त्तिक महिनादेखि सदस्य पदमा रही कमिटि संयोजनमा तदारुकताका साथ काम गर्न थाले ।[२४] २०३५ चैत्रमा पार्टीको जिल्ला कमिटिको सदस्यको रूपमा रही गुल्मी जिल्लाको राजनीति क्षेत्रलाई सशक्त बनाउने काममा लागे । तत्कालीन पञ्चायती निरङ्कुशताको पार्टी दमनको नीतिका कारण २०३६-२०४६ सालसम्म ज्ञवालीले भूमिगत जीवन बिताउनु परेको थियो ।[२५] देशमा प्रजातन्त्र पुनर्वहाली पश्चात् ज्ञवालीले ने.क.पा. माले, अर्घाखाँची जिल्ला कमिटिको सचिव पदमा रही काम गरे । २०५१ सालमा अञ्चल सचिवको रूपमा र २०५२ मा राष्ट्रिय परिषद्को सदस्यको रूपमा रही काम गरे ।[२६] पार्टीगत कार्यको मूल्याङ्कनको आधारमा २०५४ सालमा ने.क.पा. एमाले केन्द्रीय कमिटिको सदस्यको रूपमा काम गर्दै आएका छन् ।[२७] २०५६ देखि हालसम्म गुल्मी जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभाको सदस्यको रूपमा विजयी भई पार्टीगत र सामाजिक कार्य गर्दै आएका छन् । ज्ञवाली २०६२/०६३ सालको जनआन्दोलनपछि गठन भएको ७ दलको अन्तरिम सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र सरकारी वार्ता टोलीका सदस्यसमेत भई नेपालको शान्ति प्रक्रियामा महŒवपूर्ण कार्य गरेका कारण पनि सफल नेताका रूपमा परिचित छन् । उनी हालसम्म पनि अन्तरिम व्यवस्थापिका संसद्का रूपमा रही राजनीतिक कार्य गर्दै आएका छन् र २०६४ साल चैत्र २८ गतेको संविधान सभाको चुनावमा गुल्मी जिल्ला क्षेत्र नं. २ बाट प्रत्यक्ष सदस्यका रूपमा विजयी भएका छन् ।

## २.२ व्यक्तित्व

नेपाली साहित्यका साहित्यकारमध्ये शीतविन्दुको साहित्यिक व्यक्तित्व मूलतः नेपाली साहित्यका विभिन्न कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, निबन्धकार

२३. केशव खनाल, **पूर्ववत्** ।
२४. ऐजन ।
२५. ऐजन ।
२६. ऐजन ।
२७. ऐजन ।

व्यक्तित्व, समालोचक व्यक्तित्व, भूमिकालेखक व्यक्तित्वका साथै साहित्येतरअन्तर्गत सामाजिक, राजनीतिक र स्तम्भलेखक व्यक्तित्वका रूपमा चर्चित छन् ।

### २.२.१ कवि व्यक्तित्व

शीतविन्दुले वि. सं. २०४१ सालदेखि कविता विधामा औपचारिक रूपमा कलम चलाएको देखिन्छ । उनको पहिलो कविता 'आँसुले के भन्छ' **दैनिक** समालोचनमा प्रकाशित भएको थियो ।[२८] शीतविन्दुलाई कवि व्यक्तित्वका रूपमा चिनाउने प्रकाशित पुस्तकाकार कृतिहरू **चिता जलिरहेछ** (२०५३), **आस्था ओ मेरी प्रिया** (२०५९) हुन् । उनका कविताहरू मुक्त छन्दमा रचिएका छन् । उनका कविताहरूमा समाजमा विद्यमान राजनीतिक द्वन्द्वले निम्त्याएका विकृति, गरिबीका कारण विदेशमा पलायन हुनुपर्ने बाध्यता, समाजका विकृति र विसङ्गतिप्रति विद्रोह, आर्थिक समस्या, नारी शोषण, नारीको विद्रोहका स्वरजस्ता विषयवस्तुलाई कविताको विषय बनाइएको छ ।

### २.२.२ कथाकार व्यक्तित्व

प्रदीप ज्ञवालीको साहित्यिक व्यक्तित्वअन्तर्गत कथाकार व्यक्तित्व पनि एक हो । २०४१ सालदेखि कथाविधामा कलम चलाएका ज्ञवालीलाई कथाकार व्यक्तित्वका रूपमा चिनाउने कथासङ्ग्रह **कुहिरो** (२०६०) हो ।[२९] १७ वटा कथा रहेको यस कथासङ्ग्रहमा सामाजिक अन्याय-अत्याचार, पुँजीवादी शोषण, जातीय भेदभाव, प्रशासनिक भ्रष्टप्रति निर्मम प्रहार गर्दै सामाजिक एवम् सास्कृतिक परिवर्तनको चाहना जस्ता विषयवस्तुलाई कथाका विषयवस्तु बनाइएको छ ।

### २.२.३ उपन्यासकार व्यक्तित्व

प्रदीप ज्ञवालीले उपन्यासका क्षेत्रमा पनि आफ्नो व्यक्तित्व स्थापना गरेको पाइन्छ । ज्ञवालीलाई उपन्यासकार व्यक्तित्वका रूपमा चिनाउने उपन्यास **सहयात्री** (२०४६) हो । यो उपन्यासमा मूल रूपमा २०४६ सालको जनआन्दोलनमा महिलाको भूमिकामा केन्द्रित रहेको छ ।[३०] यस उपन्यासमा व्यक्तिको आत्म रूपान्तरण र वर्गीय आन्दोलनलाई मुख्य विषयवस्तु बनाइएको छ । चारित्रिक, आर्थिक, राजनीतिक, सामाजिक विचलनलाई लिएर लेखिएको यो

---

२८. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
२९. ऐजन ।
३०. ऐजन ।

उपन्यास नेपाली प्रगतिशील साहित्यको महŒवपूर्ण दस्तावेज बन्न समेत सफल भएको छ ।

### २.२.४ निबन्धकार व्यक्तित्व

प्रदीप ज्ञवालीको अर्को कलम चलेको विधा हो निबन्ध । २०४३ सालदेखि निबन्ध विधामा कलम चलाएका ज्ञवालीको पहिलो प्रकाशित वैचारिक निबन्ध 'अब मसाल कता ?' (२०४७) हो ।[३१] यो २०४७ सालमा पत्रिका युगज्योति छापाखाना प्रकाशनबाट प्रकाशित भएको थियो । ज्ञवालीलाई वैचारिक निबन्धकार व्यक्तित्वका रूपमा सुपरिचित गराउने निबन्धनात्मक सङ्ग्रहहरूमा **मार्क्सवादको सिर्जनात्मक प्रयोग र नेपाली क्रान्ति** (२०५७), **प्रचण्डपथः विचारको केन्द्रीकरण कि भ्रष्टीकरण** (२०५८) रहेका छन् । ज्ञवालीका निबन्धहरूमा विभिन्न राजनीतिक चलखेलका विषयवस्तुलाई आत्मसाथ् गरी निबन्धको सिर्जना गरिएको पाइन्छ ।

### २.२.५ समालोचक व्यक्तित्व

नेपाली प्रगतिवादी साहित्यको फाँटमा देखा परेका ज्ञवालीको समालोचक व्यक्तित्व पनि केही मात्रामा रहेको छ । ज्ञवालीले समालोचना गरेका समालोचकीय रचनाहरू यसप्रकार छन् :

(१) नविन विलास - **ऐठन परेको रात** (निबन्धसङ्ग्रह) ।

(२) प्रदीप नेपाल - **नन्दिता** (उपन्यास) ।

(३) सूर्य थापा - **विश्वमा राजतन्त्र** (वैचारिक निबन्धसङ्ग्रह) ।

यी समालोचनात्मक कृतिहरूको समीक्षा ज्ञवालीले केही **बुधवार** साप्ताहिक पत्रिकामा गरेको पाइन्छ भने केही **एक्काइसौँ शताब्दी** पत्रिकामा समीक्षा गरेको पाइन्छ । ज्ञवाली समालोचक व्यक्तित्वका क्षेत्रमा पनि आफ्नो स्थान राख्न सफल देखिन्छन् ।

### २.२.६ भूमिकालेखक व्यक्तित्व

मार्क्सवादको द्वन्द्वात्मक, भौतिकवादी चिन्तनपद्धतिलाई समालोचनाको मूल मियो बनाई त्यसको सेरोफेरोमा कृतिको रचना गर्ने ज्ञवालीको साहित्यिक द्रष्टा व्यक्तित्व, भूमिकालेखक व्यक्तित्वका रूपमा समेत विस्तारित रहेको छ । स्मृति अर्याल, शीतविन्दु, शिशिर आदिजस्ता छद्म नामबाट विभिन्न पत्रपत्रिकाहरूमा लेखरचनाहरू प्रकाशन गर्ने ज्ञवालीले भूमिकालेखनका क्रममा पनि यी नामहरू प्रयोग गरेका छन् । ज्ञवालीले हालसम्म

३१. ऐजन ।

बिभिन्न कृतिहरूमा भूमिका लेखेर भूमिकालेखक व्यक्तित्वका रूपमा परिचित हुन सफल रचनाहरू यस प्रकार छन् :

(१) वासुदेव अधिकारी : **आफन्तलाई सम्बोधन** (कवितासङ्ग्रह)

(२) वोमबहादुर खड्का : **जनताको बहुदलीय जनवाद** (वैचारिक निःसङ्ग्रह)

(३) गोविन्द भट्टराई - **जीजिविषा** (कवितासङ्ग्रह) रहेका छन् ।

(४) राजेन्द्र राईद्वारा लिखित **विचारको खेती** वैचारिक निबन्धसङ्ग्रह ।[घद]

यी कृतिहरूमा भूमिकाहरू लेख्ने क्रममा ज्ञवालीले कृतिभित्रका गर्भ र अन्तरवस्तुको पक्षपक्षान्तरलाई कोट्याउँदै कृतिभित्रका गुण र दोष दुबै पक्षलाई स्पष्ट पारेका छन् । कृतिभित्र देखिएका कमजोरीहरूलाई स्पष्ट पार्दै उनले भूमिका लेखेका छन् । ज्ञवालीले अन्य विधामा झैं भूमिकालेखक व्यक्तित्वका रूपमा पनि आफ्नो पहिचान राख्न सफल देखिन्छन् ।

## २.२.७ साहित्येतर व्यक्तित्व

प्रदीप ज्ञवालीले आफ्नो व्यक्तित्वलाई साहित्येतर व्यक्तित्वका रूपमा पनि स्थापना गरेका छन् । ज्ञवालीका साहित्येतर व्यक्तित्वसँग सम्बन्धित व्यक्तित्वहरू सामाजिक, राजनीतिक र स्तम्भलेखक व्यक्तित्वसँग सम्बन्धित छन् ।

### २.२.७.१ सामाजिक व्यक्तित्व

किशोर अवस्थादेखि नै समाजमा विद्यमान रुढि एवम् अन्धविश्वास हटाई सामाजिक जागरण ल्याउन सक्रिय ज्ञवालीले सामाजिक, सास्कृतिक एवम् सुधारक व्यक्तित्वको परिचय दिन सफल भएका छन् । आफ्नो गाउँमा बाटोघाटो, विद्युतीकरण, खानेपानी, धार्मिक एवम् ऐतिहासिक संरक्षण गर्ने, जिल्ला क्षेत्रका विद्यालयहरूमा आर्थिक सहयोग गरी सहज रूपमा शिक्षाको विकासमा सुविधा पुऱ्याउनेजस्ता सामाजिक कार्यहरूमा उनको उल्लेखनीय योगदान देखिन्छ ।[घघ]

ज्ञवालीले विभिन्न सामाजिक सेवासँग सम्बद्ध रही सामाजिक कार्य गरेका छन् । उनी नेपाल मृगौला समाजको सल्लाहकारका रूपमा रही काम गर्दै आएका छन् ।[घढ] गुल्मी जिल्लाको बलेटक्सार गा.वि.स. स्थित श्रृङ्गेश्वर क्याम्पसको सञ्चालक समितिमा रही शिक्षाको गुणस्तरलाई उकास्ने कार्य गर्दै आएका छन् ।[घछ] साधारण जनताका भावनालाई

३२. ऐजन ।
३३. ऐजन ।
३४. केशव खनाल, पूर्ववत् ।
३५. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।

बुझेर सामाजिक कार्यमा लागेका प्रदीप ज्ञवालीले आफ्नो व्यक्तित्वलाई सामाजिक व्यक्तित्वका रूपमा पनि स्थापित गर्न सफल भएका छन् ।

## २.२.७.२ राजनीतिक व्यक्तित्व

ज्ञवालीको राजनैतिक व्यक्तित्व मूलतः मार्क्सवादी राजनीतिक भौतिकवादी चिन्तनपद्धति र तदनुसार साहित्यिक लेखनतर्फ अग्रसर हुन थालेपछि विशेष चर्चित बन्न पुगेको हो ।[३६] उनको गहन अध्ययन, सरल व्यवहार र निम्नाकर्षक वक्तृत्वकलालाई हेर्दा उनमा कुशल राजनीतिज्ञमा हुनुपर्ने प्रशस्त गुणहरू स्पष्ट झल्किन्छन् ।

२०२८ सालमा नौ वर्षको हुँदा प्रदीप ज्ञवाली पञ्चायती व्यवस्था बिरोधी जुलुसमा सहभागी भई राजनीतिक जीवन्त यात्रामा प्रवेश गरेका थिए । उनका दाजु हरिप्रसाद ज्ञवाली पनि राजनीतिक रूपमा सचेत र सङ्गठित भएकाले ज्ञवालीको घर नेताहरूको सुरक्षित आश्रयस्थल थियो । जसले गर्दा उनलाई पार्टी गतिविधि बुझ्न सजिलो परेको थियो । उनले सानै उमेरदेखि पार्टीका चिट्ठीपत्र आदानप्रदान गर्ने काम पनि गरे । २०३० सालमा उनी तत्कालीन पुष्पलाल समूहसँग सम्बन्धित अखिल नेपाल क्रान्तिकारी सङ्घको विद्यालयस्तरीय कमिटिमा सङ्गठित भए ।[३७] २०३४ सालको कार्तिक महिनामा मात्र उनी जीवराज आश्रितमार्फत तत्कालीन कोर्डिनेसन केन्द्रको सम्पर्कमा आए ।[३८] २०३५ को कार्त्तिक महिनामा को-अर्डिनेसन केन्द्रको पार्टी सदस्यता प्राप्त गरे जसलाई उनले जीवनकै सर्वाधिक खुशीको दिन ठान्दछन् ।[३९] २०३५ को चैत्र महिनामा उनी तत्कालीन नेकपा (माले) गुल्मी-पाल्पा संयुक्त जिल्ला कमिटिको सदस्यको रूपमा जिल्ला कमिटिमा आबद्ध भए ।[४०] २०३६ सालको कार्तिक महिनादेखि उनले भूमिगत जीवन सुरु गरे ।[४१] एघार वर्ष लामो भूमिगत जीवनको क्रममा उनले गुल्मी, अर्घाखाँची, पाल्पा, बाग्लुङ र पर्वत जिल्लाका विभिन्न भूभागहरूमा पार्टीको काम गरे । २०४६ सालमा अर्घाखाँची जिल्ला कमिटिको सचिव भए ।[४२] २०५१ सालमा अञ्चल कमिटिको सचिव, २०५२ सालमा राष्ट्रिय परिषद् सदस्य र २०५४ सालदेखि पार्टी केन्द्रीय कमिटिको सदस्यको रूपमा पार्टीको काम गर्दै आएका

३६. केशव खनाल, पूर्ववत् ।
३७. ऐजन।
३८. ऐजन ।
३९. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
४०. ऐजन ।
४१. ऐजन ।
४२. ऐजन ।

छन् ।[43] २०५६ देखि हालसम्म गुल्मी जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभाको सदस्यका रूपमा विजयी भई पार्टीगत कार्यका साथै सामाजिक कार्यमा महŒवपूर्ण योगदान पुऱ्याइएका   थिए ।[44] हाल उनी वि.सं. २०६४ साल चैत्र २८ गते भएको संविधान सभाको निर्वाचनमा गुल्मी क्षेत्र नं. २ बाट नेकपा एमालेका तर्फबाट संविधान सभा सदस्यको रूपमा विजयी भएका छन् ।

### २.२.७.३ स्तम्भलेखक व्यक्तित्व

प्रदीप ज्ञवालीले स्तम्भलेखन क्षेत्रमा पनि आफ्नो व्यक्तित्वलाई स्थापित गरेका छन् । उनका स्तम्भलेखहरू साहित्येतर विषयसँग सम्बन्धित छन् । उनका स्तम्भलेख एवम् समीक्षाहरू विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न शीर्षकमा प्रकाशित भएका छन् । उनले **गोरखापत्र**मा 'विचार', स्तम्भअन्तर्गत **कान्तिपुर**मा 'दृष्टिकोण'अन्तर्गत, **छलफल**मा 'गाउँबस्ती'अन्तर्गत, दैनिक **लुम्बिनी**मा 'प्रस्थान विन्दु'अन्तर्गत, **दृष्टि** साप्ताहिकमा 'आवहिक'अन्तर्गत, दैनिक **जनसङ्घर्ष**मा 'विचार'अन्तर्गत र **श्रीनगर** साप्ताहिकमा 'अतिथिक्रम'अन्तर्गत आफ्ना स्तम्भलेखरचनाहरू प्रकाशन गरेका छन् । केही पत्रिकाहरूमा आज पनि यो क्रम जारी नै रहेको छ ।

४३. ऐजन ।

४४. ऐजन ।

# तेस्रो परिच्छेद

## शीतविन्दुको कवितायात्रा

### ३.१ कविता यात्रा र चरण विभाजन

शीतविन्दुको कवितायात्रा औपचारिक रूपमा २०४१ सालदेखि सुरु भएको हो । उनले 'आशुले के भन्छ' शीर्षकको कविता २०४१ भदौ ७ गतेका दिन शिशिर उपनाम राखी **दैनिक समालोचना** नामक पत्रिकामा छपाएपछि उनले कविता प्रकाशनको आरम्भ गरेका छन् । विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशन गरी तिनको सङ्कलित रूप २०५३ **चिता जलिरहेछ** कवितासङ्ग्रहका रूपमा नवयुग प्रिन्टर्स परासीबाट प्रकाशित गराएका छन् भने त्यस्तै अर्को कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया** (२०५९) विवेक सिर्जनशील प्रकाशनबाट प्रकाशित गराएका छन् । यिनको साहित्यिक जीवनको आरम्भ पनि कविता विधाबाट भएको हो ।[१] आफ्नो कवितायात्राका सन्दर्भमा शीतविन्दु स्वयम् भन्दछन् : "२०२७-२०२८ सालमा हुनुपर्छ, म त्यस्तै आठ वर्षको थिए, मैले पहिलो कविता त्यतिबेला लेखेजस्तो लाग्छ 'हाम्रो देश' शीर्षकमा दाजुको प्रभाव वा त्यतिबेलाको परिवेशको कारणले हुन सक्छ । लेख्ने क्रमको सुरुआत त्यही बेलादेखि अगाडि बढ्यो ।[२] त्यसबाट के स्पष्ट हुन्छ भने ज्ञवालीका दाजु हरिप्रसाद ज्ञवाली साहित्यानुरागी थिए ।[३] दाजुको प्रभावबाट प्रदीप ज्ञवालीले केही टुक्राटाक्री अमिल्दा कविताको रचना गरेका कारण आजका शीतविन्दु बन्न पुगे ।

शीतविन्दुको साहित्य लेखनको यात्रालाई अध्ययन गर्दा उनका पुस्तकाकार कृति र त्यसको प्रकाशन मिति र उनका फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशनपछि तिनै कविताहरूको सङ्गृहीत पुस्तकाकार कृतिको प्रकाशनको मितिमा समयान्तर पाइन्छ । शीतविन्दुका रचनाहरूको अध्ययन उनको कविता यात्राको विविध मोड र चरणगत प्रवृत्तिहरू छुट्याउनका लागि सिङ्गो पुस्तकाकार कृति अथवा सङ्ग्रहहरूका आधारमा नमिल्ने देखिन्छ । त्यसैकारण कवि शीतविन्दुको कविता यात्राको अध्ययन र विभाजन गर्दा फुटकर रूपमा प्रकाशित रचना र तिनको सङ्ग्रहका आधारमा गरिएको छ । हाल उनी पुगनपुग पाँच दशकमा हिँडिरहे पनि साहित्यिक कृति र साहित्येतर रचनाहरूमा निरन्तर लागिरहेका छन् ।

---

१. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।
२. ऐजन ।
३. ऐजन ।

साहित्यका क्षेत्रमा कविता विधालगायत विभिन्न विधा कथा, उपन्यास, निबन्ध, समालोचनामा विभिन्न पक्षबाट सेवा गर्दै आएका शीतविन्दुले कवितालेखनका विभिन्न चरण पार गर्दे आएका छन् । मूल रूपमा उनको पहिलो प्रकाशित फुटकर रचनादेखि हालसम्मको अवधिलाई नै कवितायात्रा भनिन्छ । यस अवधिमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर रचनाहरू र तिनको सङ्कलन पुस्तकाकार कृतिहरूको आधारमा नै उनको सिङ्गो कविता यात्राको चरण विभाजन र विभिन्न प्रवृत्तिगत मोडहरूको निक्यौंल गरिएको छ । यस क्रममा उनले पार गरेको यो लामो कविता साधनाको अवधि प्रगीतात्मक कवितामा केन्द्रित भएर कवि व्यक्तित्वको प्रवृत्तिगत घुम्ती तथा मोडहरूको निक्यौंल गर्दै कविताको प्रधानता र न्यूनता आदिको विवेचना र विश्लेषण गर्नु उनको कवितायात्राको निरूपण गर्नु हो ।

साहित्यकारका साहित्ययात्रालाई विभाजन गर्ने केही खास आधारहरू हुन्छन् । साहित्यकारको साहित्यलेखन अवधिभित्र देखापर्ने प्रवृत्तिगत विविधता, रचनाको परिणाम तथा गुणस्तर, सक्रिय र निस्क्रिय काल, विधागत प्रधानता, साहित्यिक धारागत प्रवृत्तिको अन्तरविकास र कृतिगत सङ्ग्रह प्रकाशनका आधारमा कवितायात्राको काल वा चरण विभाजन गरिन्छ । शीतविन्दुको करिब दुई दशक लामो कवितायात्राले पनि विभिन्न घुम्ती र मोड पार गरेको देखिन्छ । कवि शीतविन्दुको कविता लेखनको थालनी, फुटकर रचनाको प्रकाशन, साहित्यिक रचनाको परिणाम र गुणस्तर, फुटकर रचनाको प्रकाशन, साहित्यिक रचनाको परिणाम र गुणस्तर कविताहरूका प्रधानताका आधारमा उनको साहित्यिक यात्राका विविध घुम्तीहरू देखिन्छन् । यिनै मोडका आधारमा शीतविन्दुको दुई दशक लामो कविता यात्रालाई दुई चरणहरूमा विभाजन गरिएको छ । ती दुई चरणहरू हुन् ।

१) पहिलो चरण (२०४१-२०५३)

२) दोस्रो चरण (२०५३- हालसम्म)

## ३.२ पहिलो चरण (२०४१-२०५३)

विद्यार्थी जीवनदेखि नै साहित्य लेख्न र पढ्न रुचि राख्ने शीतविन्दुको 'आँशुले के भन्छ' शीर्षकको कविता २०४१ सालमा **दैनिक** समालोचनामा प्रकाशित भएपछि औपचारिक रूपमा कवितायात्राको प्रारम्भ भएको हो । यसै कविताको प्रकाशन भएपछि **दृष्टि** साप्ताहिक, बुधबार साप्ताहिक, प्रलेस जस्ता पत्रिकाहरूमा फुटकर कविताहरू प्रकाशित भएका छन् । कविता विधाबाट नेपाली साहित्यमा देखापरेका शीतविन्दुको २०४१ सालदेखि २०५३

सालसम्मको एक दशकभन्दा लामो अवधिमा प्रकाशित भएका फुटकर कविताहरूको सङ्ग्रहका रूपमा **चिता जलिरहेछ** कवितासङ्ग्रह (२०५३) **नवयुग प्रिन्टर्स परासी**बाट प्रकाशित भएको छ । पुस्तकाकार सङ्ग्रहको प्रकाशन कवितायात्राको उत्तरार्द्धतिर भए पनि यसमा सङ्कलित कविताहरू फुटकर प्रकाशनका हिसाबले पहिलो चरणका प्रारम्भिक कालीन रचनाहरू नै हुन् । उनको यस अवधिमा प्रकाशित कृति एउटा मात्र **चिता जलिरहेछ** नै हो । उनका यस कृतिमा सङ्कलित कवितामा आफ्नो मुलुकमा काम नपाएका नेपालीहरूको व्यथा देशभक्त नागरिकहरूको निर्मम हत्या र त्यसबाट उजाडिएका हजारौँ घरपरिवारहरूको दयनीय अवस्था, आफ्नो मातृभूमिलाई निरङ्कुश सामन्ती अत्याचारबाट मुक्त पार्नका लागि मुलुकका विभिन्न भेगहरूमा जुधिरहेका वीरयोद्धाहरूको आत्मीय सम्झना, युद्धमा मारिएका आफ्ना प्रिय कमरेडहरूलाई क्रान्तिकारी अभिवादन र उनले अपूर्ण छाडेको विजय अभियानलाई लक्ष्यसम्म पुर्‍याई छाड्ने फलामे सङ्कल्पबद्धता, देशीविदेशी प्रतिक्रियावादीहरूको कुत्सित षडयन्त्रमा परेर दिवङ्गत हुन पुग्नु भएका आदरणीय एवम् प्रिय नेताहरूको असामयिक मृत्युमा स्वभावतः अतिशय शोक विह्वल हुन पुगेको अन्तरआत्माको रोदनक्रन्दन र पछि त्यस शोकलाई शक्तिमा परिणत गरिदिएर अझै जोश-जाँगरका साथ अघि लम्कने अदम्य क्रान्तिकारी-प्रतिबद्धता टड्कारो रूपमा देखा परेको पाइन्छ । यस अवधिमा शीतविन्दु क्रान्तिकारी कविका रूपमा देखा परेका छन् ।

शीतविन्दुका कविताहरू सङ्ख्यात्मक रूपमा प्रशस्त नभए पनि गुणात्मक रूपमा उनका कविता उल्लेखनीय छन् । यसै चरणमा शीतविन्दु खण्डकाव्य लेखनमा पनि सक्रिय भएका छन् । २०३३ सालमा **अधुरो इतिहास** नामक खण्डकाव्य लेखिएको हो तर त्यो खण्डकाव्य हालसम्म पनि अप्रकाशित नै रहेको छ ।[४] तत्कालीन समयमा उनमा आएको विचारको परिवर्तनले गर्दा यो खण्डकाव्य आजसम्म पनि यथास्थितिमा रहेको छ ।

वि.सं. २०४१ सालदेखि २०५३ सालसम्मको लगभग एकदशक भन्दा लामो अवधि शीतविन्दुको कवितायात्राको पहिलो चरण मानिएको छ । सर्वप्रथम कविता विधाबाट आफ्नो साहित्ययात्रा सुरु गरेका शीतविन्दुले यसै अवधिभित्र उपन्यास, कथा, निबन्ध, समालोचनालगायत विविध साहित्येतर विधामा समेत कलम चलाएका छन् ।

**चिता जलिरहेछ** कवितासङ्ग्रहभित्रका कविताहरू संरचनात्मक आयामका दृष्टिले मध्यम आकारका छन् र यिनमा सामाजिक र राजनैतिक विकृति र विसङ्गति, अन्याय र अत्याचार, शोषण र दमनको विरुद्धका जनवर्गीय स्वरूपहरूलाई मुख्य विषयवस्तु बनाएको

---

४. ऐजन ।

छ । यसका साथै मानवीय प्रेम, राष्ट्रियता, प्रकृतिप्रेमका अतिरिक्त मान्छेभित्रका शोक र करुणा, व्यथा र वेदना, कुण्ठा र नैराश्य, विद्रोह र आक्रोश, उत्साह र जोस आदि भावहरूको अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । उनले विशेषगरी राजनीतिक सचेतना विषयवस्तुअन्तर्गत २०४६ साल अगाडिको निरङ्कुश पञ्चायती व्यवस्था र उक्त व्यवस्थाले जनताको मौलिक हकअधिकारप्रति पारेको कुठाराघात, निराशा र आक्रोशलाई प्रस्तुत गरेका छन् । २०४६ सालपछि अथवा प्रजातन्त्र प्राप्तिपछि रचना गरेका कवितामा प्रजातन्त्र प्राप्तिपछि पनि जनता स्वतन्त्र हुन नसकेको, शासकहरूको शासन व्यवस्थामा पञ्चायती शासनकालमा भन्दा केही फरक नभएको, देशभक्त नेताहरूलाई रहस्यमय दुर्घटनामा पारेर हत्या गरिएको, नेताहरू सत्ता प्राप्तिपछि आफ्नो स्वार्थपूर्तिमा तल्लीन रहेको जस्ता विषयवस्तुलाई टड्कारो रूपमा प्रयोग गरिएको छ ।

शीतविन्दुको पहिलो चरण भूमिगत जीवन, वैवाहिक जीवन र सन्तानप्राप्ति तथा देशमा प्रजातन्त्र प्राप्तिदेखि २०५३ सालसम्म रहेको देखिन्छ । यस प्रारम्भिक चरणमा समकालीन साथीहरू मोदनाथ प्रश्रित, प्रदीप नेपाल, जीवराज आश्रितजस्ता व्यक्तिहरूको घनिष्ट सम्बन्ध थियो । यिनका साथै शीतविन्दुले यस चरणमा अग्रज साहित्यकारहरू नेपाली, हिन्दी र रुसी कविहरूका कविताहरूको पनि स्वअध्ययन गरी गोपाल प्रसाद रिमाल, दौलतविक्रम विष्ट, टाल्सटोय, प्रेमचन्द्र चेखोव, दस्तोएबस्की, मायाकोबस्की तथा चौताराको सौन्दर्यमय प्राकृतिक वातावरण आदिबाट प्रेरणा र प्रभाव लिएको देखिन्छ ।

यस अवधिमा प्रथम प्रकाशित मौलिक पुस्तकाकार कृति **चिता जलिरहेछ** यिनको गद्य कविताहरूको उत्कृष्ट सङ्ग्रह हो । यसमा प्रजातन्त्रको आगमन हुनुभन्दा अगाडिको र प्रजातन्त्रको आगमन भएपछिको देशको दुरावस्थाको चित्रण पाइन्छ । स्वार्थी मानिसका खराव प्रवृत्तिमाथि व्यङ्ग्य गर्दै असल एवम् स्वस्थ समाजको स्थापना गर्न चाहेको कुरा व्यक्त गरिएको छ । उनका कविताहरूमा सामन्ती समाज र संस्कारको विरोध गर्दै त्यसभन्दा अघि-बढी स्वस्थ समाज र संस्कारको निर्माणको लागि स्वस्थ चिन्तनका आधारमा वैज्ञानिक दृष्टिले हरेक कुराहरूलाई हेरी परिवर्तनको चासो राख्ने प्रगतिवादी दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । यसप्रकार शीतविन्दुको कवि व्यक्तित्व पहिलो चरणमा स्पष्ट रूपमा देखिएको छ । उनको यस चरणको प्रमुख उपलब्धि **चिता जलिरहेछ** कवितासङ्ग्रह हो ।

## ३.३ दोस्रो चरण (२०५३ - हालसम्म)

शीतविन्दुको दोस्रो चरण वि.सं. २०५३ सालबाट भएको पाइन्छ । यो चरण ज्ञवालीको पूर्ण विकास र विस्तारको चरण हो तर कविता विधामा यस चरणमा पहिलो चरणका केही कविताहरूलाई दोस्रो कवितासङ्ग्रहमा जम्मा २८ वटा कविताहरूको सङ्ग्रह **आस्था ओ मेरी प्रिया** को प्रकाशन गराएका छन् । उनको कवितायात्राको दोस्रो चरणको प्रकाशित पहिलो कविता 'एका बिहानै एउटी चेली' वि.सं. २०५३ सालको साउन महिनाको 'प्रलेस' पत्रिकामा प्रकाशित भएको छ ।[५]

यसपछि उनका कविताहरू निरन्तर रूपमा **महिला मुक्ति, सङ्कल्प, लहर, प्रलेस, कविता क्यालेन्डर, दृष्टि, बुधबार, जनआस्था, बुटवल**जस्ता पत्रपत्रिकाहरूमा प्रकाशित छन् । केही पत्रिकाहरूमा यो क्रम आज पनि जारी छ । यस चरणमा लेखिएका प्रकाशित र केही अप्रकाशित कविताको सङ्कलन गरी प्रकाशित गरिएको कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया** (२०५९) हो । जुन २०५९ सालमा विवेक सृजनशील प्रकाशन प्रा.लि. बाट प्रकाशित भएको हो ।[६] यस सङ्ग्रहका कवितामा जनताको आवाज र सहिदको बलिदानले ल्याएको प्रजातन्त्र सत्ताधारी भ्रष्ट नेताहरूले आफूखुशी व्यवहार गर्दा उब्जिएको चौतर्फी संङ्कटावस्थाका विकृतिहरूलाई उनका कविताले चोटिलो व्यङ्ग्यप्रहार गरेका छन् । समग्रमा शीतविन्दुको यो चरण प्रगीतात्मक कवितामा केन्द्रित रहेको छ ।

शीतविन्दुको करिब दुई दशक लामो कवितायात्राको अध्ययन गर्दा दुई चरणमा विभाजित रहेको देखिन्छ । विषयवस्तुगत दृष्टिले पहिलो चरणमा राष्ट्र र राष्ट्रियता, तत्कालीन राजनीतिक-सामाजिक विकृति र विसङ्गति, अत्याचार, शोषण, दमन प्रगतिवादी चिन्तनजस्ता प्रवृत्तिहरू पाइन्छन् भने दोस्रो चरणमा देशको राजनीतिक अस्थिरता र विसङ्गति, नारीलाई पुरुषले गरेको दमन, शोषण, गरिबी, अशिक्षा, पछौटेपन, भ्रष्ट नेताको सत्ता बचाई राख्ने चलखेल, देशमा हत्या, हिंसा, आतङ्कले घरवारविहीन भई घर, आँगन मसानघाट भएका यथार्थ घटनाजस्ता विषयवस्तु अँगालिएका छन् ।

शीतविन्दुले हालसम्मको कविता यात्रामा मौलिक पुस्तकाकार कृति २ वटा प्रकाशित गराएका छन् । थुप्रै फुटकर रचनाहरू प्रकाशित गराएका शीतविन्दुले दोस्रो चरण परिमाणका दृष्टिले कम भए तापनि गुणात्मकताका दृष्टिले उपलब्धिपूर्ण चरण देखिएको छ । यिनको पहिलो चरण अभ्यासकालीन चरण हो भने दोस्रो चरण पूर्ण विकास र परिपक्वताको

५. शीतविन्दु, 'एकाबिहानै एउटी चेली' **प्रलेस** (१२ अगस्त १९९६) पृ. ३
६. प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी ।

चरण हो । उनको पहिलो चरण **चिता जलिरहेछ** नामक कविता कृतिले प्रतिनिधित्व गरेको छ भने दोस्रो चरणमा **आस्था ओ मेरी प्रिया** नामक कवितासङ्ग्रहले प्रतिनिधित्व गरेको छ । यी दुई पुस्तकाकार कृतिहरू सिङ्गो कवितायात्राकै उपलब्धि देखिन्छन् ।

यस चरणमा शीतविन्दुका कवितामा प्रगतिवादी चेत तीव्र रूपमा प्रकट भएको पाइन्छ । यस चरणका कविताहरूमा सर्वहारा मानवतावादी दृष्टिकोणको अभिव्यक्ति, आमूल सामाजिक र राजनीतिक परिवर्तनप्रति विश्वास र आस्थाको अभिव्यक्ति, समतामूलक सामाजिक व्यवस्थानिर्माणका निम्ति आह्वान, राष्ट्रविरोधी शक्तिप्रति घृणा र राष्ट्रियताप्रति प्रेमको अभिव्यक्ति, नारी जातिको शोषणको विरोध, सामाजिक विसङ्गतिको उद्घाटना, स्वतन्त्रता र समानताको चाहनाजस्ता प्रवृत्तिहरू यस चरणका कवितामा शीतविन्दुले देखाएका छन् ।

# चौथो परिच्छेद

## शीतविन्दुका कविताको विश्लेषण

शीतविन्दुका कविताको विश्लेषण गरिने यस शोधपत्रमा उनका **चिता जलिरहेछ** कवितासङ्ग्रह र **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहको विश्लेषण गरिन्छ । यो विश्लेषण डा. खगेन्द्रप्रसाद लुइटेलको प्रकाशित विद्यावारिधि शोधपत्र **कविताको संरचनात्मक विश्लेषण**मा प्रस्तुत गरिएको संरचनात्मक प्रारूपका आधारमा गरिएको छ ।

### ४.१ 'चिता जलिरहेछ' कवितासङ्ग्रहको विश्लेषण

### ४.१.१ परिचय

'आँसुले के भन्छ' शीर्षकको कविताका माध्यमबाट वि.सं. २०४१ सालमा नेपाली कविताको फाँटमा देखा परेका शीतविन्दुका विभिन्न पत्रपत्रिकामा छरिएर रहेका कविताहरूको सङ्ग्रह **चिता जलिरहेछ** (२०५३) नवयुग प्रिन्टर्स परासीबाट प्रकाशित भएको छ । यस कवितासङ्ग्रहमा ज्ञवालीका २०३९ सालदेखि २०५३ सालसम्म पत्र-पत्रिकामा प्रकाशित करिब ३० वटा कविताहरू ४८ पृष्ठमा सङ्गृहीत छन् । यी कविताहरूको सामान्य चर्चा मात्र भएकाले यहाँ कवित्वको विस्तृत अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.१.२ विभाजन

संरचना वा कृतिका वृहत् एकाइको लघु विवरणलाई विभाजन भनिन्छ । यसअन्तर्गत एउटा सिङ्गो संरचना विभिन्न एकाइहरूमा बाँडफाँट वा वर्गीकरण गरेर कृतिका बाह्य पक्षहरू केलाउने काम गरिन्छ । कुनै पनि कृतिलाई भाग (सर्ग, परिच्छेद, उच्छ्वास आदि), अङ्क दृश्य (स्थान), प्रसङ्ग पङ्क्तिपुञ्ज (श्लोक) पङ्क्ति (पाउ, चरण, हरफ) आदि विभिन्न एकाइहरूमा विभाजन गरिएको हुन्छ । यी सबै एकाइहरूमध्ये कुनै कृतिमा सम्पूर्णको र कुनै कृतिमा केहीको मात्र अवस्थिति रहन्छ । कतिपय रचनाहरूमा यस्ता एकाइहरूको विभाजन लेखक स्वयंले गरेको हुन्छ भने कतिपयलाई अविव्यक्त अवस्थामा छाडिएको हुन्छ । लेखकद्वारा विभाजन गरिएको भए चिन्हित हुन्छ र ती सहजै देखिन्छन् भने लेखकद्वारा विभाजन नगरिएको भए अचिन्हित र ती सहजै देखिँदैनन् ।[१]

प्रगीतात्मक कृतिलाई सामान्यतः दृश्य, प्रसङ्ग, पङ्क्तिपुञ्ज, पङ्क्ति आदिमा विभाजन गरिएको हुन्छ । यस्ता सबै कृतिहरूको विश्लेषण गर्दा सर्वप्रथम कृतिमा चिह्नित

१. डा. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२) पृ. ३०२ ।

(प्रत्यक्ष) वा अचिह्नित (परोक्ष) रूपमा रहेका विभाजक एकाइहरूलाई केलाइएर कृतिको विभाजन स्पष्ट पारिन्छ ।[२]

शीतविन्दुको **चिता जलिरहेछ** कवितासङ्ग्रहका ३० वटा कविताहरूलाई एकै रूपमा विभाजन नगरी विभिन्न तरिकाले विभाजन गरिएको छ । यी कविताहरूमा सबैभन्दा छोटो कविता 'यो महल' शीर्षकको पाँच पङ्क्तिमा आबद्ध भएको छ । यसैगरी सबैभन्दा लामो कविता 'बिहानीको प्रतीक्षामा' कविता ११३ पङ्क्तिमा आबद्ध भएको छ । यो कविता सात पङ्क्तिपुञ्जमा विभाजित भएर रहेको छ ।

यीबाहेक अन्य कविताहरूलाई छोटोदेखि लामो कवितालाई क्रमशः निम्नानुसार देखाइएको छ :

| क्र.सं. | कविता-शीर्षक | पङ्क्ति |
|---|---|---|
| १. | रिडी | ७ |
| २. | प्रेम | ८ |
| ३. | जीवन | ८ |
| ४. | सङ्कल्प | ९ |
| ५. | सिस्नेको तिरैमा | १० |
| ६. | पखेरको गुराँस | १२ |
| ७. | दुई अस्तिŒव | १५ |
| ८. | शहिदको सन्देश | १६ |
| ९. | एक्लो जून बन्न खोज्नेलाई | २२ |
| १०. | बिदाइमा | २५ |
| ११. | म के दिउँ तिमीलाई? | २५ |
| १२. | मलाइ कुहिरो मन पर्दैन | २६ |
| १३. | भावुक कविप्रति | २८ |
| १४. | अभिलाषा | ४१ |
| १५. | ओ यात्री | ४२ |
| १६. | यी पाइतालाका डोबहरू | ४६ |

२. ऐजन ।

| | | |
|---|---|---|
| १७. | विशृङ्खलित विचारहरू | ४७ |
| १८. | नदी | ४९ |
| १९. | यतिबेला गाउँमा अलिकति साँझ परेको छ | ४९ |
| २०. | उषा म तिमीलाइ नै पर्खी बसेको छु | ५२ |
| २१. | एउटा चिठी सांसद छोराको नाममा | ५३ |
| २२. | सम्झनामा | ५७ |
| २३. | चिता जलिरहेछ | ५७ |
| २४. | भञ्ज्याङको चौपारीबाट | ५८ |
| २५. | तिम्रो नयाँ यात्राको थालनीमा | ६१ |
| २६. | मेरो जीवनमा स्वागत छ | ७१ |
| २७. | उर्लिएका वेदनाहरू | ८१ |
| २८. | रगतमा होली खेलीरहेको देश | १११ |

यसरी शीतविन्दुका **चिता जलिरहेछ** सङ्ग्रहका कविताहरू केही लामा केही छोटा छन् भने धेरैजसो कविताहरू मझौला आकारका छन् । उनका कविताहरूमा पद्यात्मक कविताहरू मझौला आकारका छन् । उनका कविताहरूमा पद्यात्मक ढाँचामा प्रस्तुत भएका कविताहरू हुन्: 'सहिदको सन्देशः सिस्नेको तिरैमा', 'बिदाइमा' आदि । यीबाहेक अन्य कविताहरू गद्यात्मक ढाँचामा प्रस्तुत भएका छन् ।

यस सङ्ग्रहका कविताहरूलाई पङ्क्तिपुञ्जमा विभाजन गर्दा कतै चिह्नहरूको प्रयोग गरिएको पाइन्छ भने कतै चिह्नहरूको प्रयोग नगरी सोझै एकै पङ्क्तिपुञ्जमा बढाइएको पनि पाइन्छ । उदाहरणका लागि 'जीवन' शीर्षक कवितालाई हेर्दा एकै पङ्क्तिपुञ्जमा बढाइएको छ :

कसैका लागि जीवन पासा र पप्लुको खेल होला
कसैका लागि जीवन अग्ला पर्खाल भित्रकोजेल होला
अझ कसैका लागि त यो
रोई रोई उर्लिएको आँसुका भेल पनि होला
मलाई सोध्छौ भने त जीवन
माथि देउरालीबाट बज्ने मालसिरीको धून हो
आफू जलेर पनि अरूलाई उज्यालो दिने दियो
र राती जङ्गलमा बाटो देखाउने आकासको जून हो ।    (पृ.४६) ।

शीतविन्दुले गद्यात्मक ढाँचामा धेरै र कहीं कतै पद्यात्मक ढाँचाको प्रयोग गरेर केही लामा केही छोटा र धेरैजसो मध्यम आकारका कविताहरूलाई कहीं एकै पङ्क्तिपुञ्ज र कही एकभन्दा बढी पङ्क्तिपुञ्जमा विभाजन गरेर कविताको रचना गरेको पाइन्छ । उदाहरणको लागि 'ओ यात्री' शीर्षकको कवितालाई हेर्दा एकभन्दा बढी पङ्क्तिपुञ्जमा बढाइएको वा रचना गरिएको छ :

काठमाडौँमा एउटा घर
श्रीमतीलाई सुन र साडी
साँझै पिच्छे मासु र ह्विस्की
ढोकाबाहिर यौटा गाडी
सुन्दै थिएँ
आजभोली
त्यो आदर्शको महामारी
फैलिँदैछ रे
पार्टि भरी
मेरो गुरु ।
थला त परेनौं ?
ताला गोलीले नढलेका
बहादुर सिपाहीहरू
चास्नीको गोलीले लड्िए
सुनाउँदै थिए छिमेकीहरू
बढेका छन् जहान
फितलिएका छन् नियम
सगरमाथा जस्तै
अग्लो लाग्ने
मेरो प्रिय
आजभोली कतै
पाताल त झरेनौं ? (पृ. ४८) ।

### ४.१.३ सङ्गठन

संरचनालाई पूर्णता प्रदान गर्ने दृष्टिबाट परस्पर सम्बद्ध तथा स्वतन्त्र प्रकार्य हुने अवयव वा अङ्गहरूको व्यवस्थापनलाई सङ्गठन भनिन्छ । यसअन्तर्गत कुनै कृतिका अवयव वा अङ्गलाई निश्चित क्रममा व्यवस्थापन गरिन्छ । प्रगीतात्मक संरचना भएका कविताहरू क्रमिक वा व्यक्ति क्रमिक ढङ्गले आदि, मध्य र अन्त्यकै क्रममा सङ्गठित भएका हुन्छन् ।[३]

कुनै पनि कवितामा विषयवस्तुको सङ्गठनको व्यवस्था आदि, मध्य र अन्त्यको क्रमिक रूपमा मिलेर भएको हुन्छ । कविताको आदि भागमा सर्वप्रथम कविताको चिनारी प्रस्तुत गरिएको हुन्छ । यसमा स्थान, सहभागी, घटना आदिमध्ये कुनैको परिचय गराउनाका साथै सम्भाव्य समस्या र परिस्थितितर्फ सङ्केत गरिएको हुन्छ ।[४]

शीतविन्दुका कविताहरूमा पनि सर्वप्रथम कविताको चिनारी प्रस्तुत गरिएको छ । उनका कवितामा स्थान, सहभागी, घटना आदिमध्ये कुनैको परिचय दिइएको छ । जस्तो उदाहरणको लागि 'सम्झनामा' शीर्षकको कवितालाई हेर्दा :

एउटा आँखा सदाको लागि चिम्लिएको छ
जो उन्मुक्त र सुखी जीवनको सुन्दर सपना देख्यो
एउटा कवि अब कहिल्यै नउठ्नेगरी ढालिएको छ
गाउँबेसी घोपेको हुस्सु फार्न जो घाम जस्ता कविता लेख्थ्यो
सँगी साथी हो, आफूलाई धैर्य राख है
बोटबाट रातो गुराँसको एउटा थुँगा चटक्क चुँडिएको छ
हाम्रो मुटुको एउटा प्यारो टुक्रा क्रुरतापूर्वक लुटिएको छ । (पृ. २८) ।

कविताको आदि भागपछि सम्भाव्य समस्या र परिस्थितिको सङ्केत मध्य भागमा गरिएको छ । यही कवितालाई हेर्दा;

एउटा सेनापति ढालिए पनि सबै सिपाइहरू ढल्दैनन्
माली जल्न सक्छ तर उसले हुर्काएका सबै फूलहरू जल्दैनन्
शोकको समुन्द्रमा डुबेर मर्नु त लुरेहरूका काम हो
बारहरू त आँखाबाट निभाउनै नसक्ने फिलिङ्गा वर्षाउँछन्
र भस्मीभूत पार्छन् त्यसमा सारा काँडेधारीहरू । (पृ. २९) ।

---

३. ऐजन ।
४. ऐजन ।

शीतविन्दुले मध्य भागमा कविताको समस्यालाई देखाएका छन् कविताको अन्त्य भागमा घटना शृङ्खलाको निष्कर्ष प्रस्तुत गरिएको छ । यही कवितालाई उदाहरणका रूपमा हेर्दा :

भुक्ने छैन कदापि भुक्ने छैन हाम्रो यो स्वाभिमान
किनभने कमरेडको अन्तिम थोपा रगतले हाम्रो
भन्डा अभ्र रातो बनेको छ । (पृ. ३०)

शीतविन्दुले आदि, मध्य र अन्त्यको सुन्दर संयोजन गरेर आफ्ना कविताको रचना गरेका छन् । चिनारी, समस्या र निष्कर्षलाई उनका कवितामा क्रमशः प्रस्तुत गरेर कविता टुङ्ग्याइएको छ ।

## ४.१.४ वस्तु

वस्तुले कृतिले सारभूत अंश वा सारतŒवलाई जनाउँछ । वस्तु सबै खाले कृतिमा हुन्छ र वस्तुबिना कुनै पनि कृतिको संरचना हुँदैन । वस्तु मूलतः भाव वा विचारका रूपमा अभिव्यक्त हुन्छ । प्रगीतात्मक संरचना भएका कृतिमा भाव र विचारका रूपमा सारतŒव आउँछ ।[५] कविताहरूलाई प्रत्येक शीर्षक बमोजिम निम्नलिखितअनुसार भावको विकास र व्यवस्थापनलाई प्रस्तुत गरिन्छ ।

| क्र.सं. | शीर्षक | मूलभाव |
|---|---|---|
| १. | उर्लिएका वेदनाहरू | हामी बाँचेको यो समाज थोर विषमताले भरिपूर्ण छ । एकाथरी मानिसको जीवन कता हो कता चुलिएको छ भने अर्काथरीको जीवन कल्पना नै गर्न नसकिने गरी पातालमा धसिँदै गइरहेको छ । एउटा मानिसले जिजीविषाका लागि कस्तो कस्तो सङ्घर्ष गर्नुपर्छ र कस्ताकस्ता यातनाहरू खप्नुपर्छ भन्दै विदेशको विसङ्गत परिस्थितिमा एक्लै आकुलव्याकुल भएर सर्वसाधारण नेपालीहरू बाँच्नु परेको छ भनिएको छ । |
| २. | विशृङ्खलित विचारहरू | २०४० सालको नववर्षलाई आधार बनाएर लेखिएको ‘विशृङ्खलित विचारहरू’ नामक कवितामा शासकहरू जहिले पनि एउटा कुरा फलाक्छन् र व्यवहार अर्कोतिर गर्छन् । |

५. ऐजन ।

| | | |
|---|---|---|
| | | नवर्षका अवसरमा दिइने गरेका सुस्वास्थ्य र समृद्धिका शुभकामनाहरू एउटा खोक्रो औपचारिकतामा परिणत भएका छन् । आज देशभरि शस्त्रवलका सहायताले नरहत्या गरिएको परिप्रेक्ष्यमा हामीले जनतालाई नववर्षको शुभकामना कसरी दिन सकिन्छ? भन्ने भाव बोकेको यस कविताले समाजको विशृङ्.खलित र बेथितिको अवस्थामाथि एउटा सार्थक हस्तक्षेप गर्न सफल भएको छ । जुनकुरा अहिले पनि त्यति नै सान्दर्भिक छ भन्ने भाव यस कवितामा देखाइएको छ । |
| ३. | रगतमा होली खेलिरहेको देश | तत्कालीन समयमा देखापरेका सामाजिक, आर्थिक र राजनीतिक विकृति र विसङ्गतिलाई मध्यनजर गरेर लेखिएको कविता 'रगतमा होली खेलिरहेको देश' पिस्कर हत्याकाण्डमा मारिएका वीर योद्धाहरूका नाममा समर्पित यो कविताले सङ्घर्षको सम्मान गरेको छ । योद्धाहरूको सम्मान गरेको छ । नेपालको राजनीतिक अधिकारका निम्ति लडिएको सङ्घर्षमा खुनी सत्ताले कसरी दमन गर्दछ, कसरी किसानहरूको रगतमा होली खेलिएको छ भन्ने विषयलाई स्पष्टसँग राखिएको छ । न्याय, समानता र अधिकारका निम्ति बलिदान हुने हुतात्माहरू कहिल्यै पनि एक्ला हुँदैनन्, सङ्घर्षमा सहिद हुनेहरूका आकाङ्क्षाहरूलाई हामी बाँचेकाहरूले पूरा गर्नुपर्छ भन्ने सङ्कल्पको भावलाई मूर्त रूपमा प्रस्तुत गरिएको छ । |
| ४. | सिस्नेको तिरैमा | वसीर मियाको स्मृतिमा लेखिएको कविता सिस्नेको तिरैमा २०४८ सालको निर्वाचनपछि नेपाली काङ्ग्रेस सत्तामा आएपछि देशभरि काङ्ग्रेसी सर्वसत्तावाद लागू गर्ने क्रममा माओवादीहरूको जन्म भई नेपाली सर्वसाधारण किसान र चेलीहरूले कस्ता दुःख, कष्ट भोग्नुपर्‍यो भन्ने भाव उक्त कवितामा भनिएको छ । अहिले यस युद्धले समाजमा जुन प्रकारको सर्वनास निम्त्याइरहेको छ त्यसको आरम्भ पनि कामरेड बसीर मियाहरूको हत्याबाटै सूत्रपात भएको हो । |

| | | |
|---|---|---|
| | | यसरी काङ्ग्रेसीहरूको सर्वसत्तावादले गर्दा सर्वसाधारणदेखि पाँचबर्से वालाहरूले पनि अनेक दुःख, कष्टपीडा सहनु पऱ्यो भन्ने भाव यस कवितामा देखाइएको पाइन्छ । |
| ५. | म के दिउँ तिमीलाई? | आफ्नो आराध्य एवम् प्रियजनलाई दिने मन र मुटुभन्दा अर्को महŒवपूर्ण वस्तु के हुन सक्छ र भन्दै युगौदेखि साँचेर आएको जल्लादहरूले खोस्न नसकेको आफन्तको माया र उज्यालोको चाहनामा छटपटाइरहेको एउटा सङ्कल्प मात्र मसँग बाँकी छ । त्योबाहेक अरू म तिमीलाई के दिन सक्छु र भन्दै प्रश्न गरिएको छ । |
| ६. | बिहानीको प्रतीक्षामा | सहिदहरूको बलिदान कहिल्यै खेर जाँदैन । उनीहरूका सङ्कल्पहरू परिपूर्तिमा बाधाव्यवधान उत्पन्न भए तापनि आखिर सहिदका सहयात्रीहरूले उनको सङ्कल्पलाई जसरी भए पनि पूरा गरिछाड्छन् । यसरी शान्ति खल्बलिएको मुलुकमा हर बिहानीको चिसो सिरेटो एउटा अत्यास लाग्दो बनेको छ । निर्मम खबरहरूले प्रत्येक नेपाली आमाको छाति चर्चर चिरिएको बेला कविले वर्तमान समय र सन्दर्भको एउटा बिम्बलाई प्रस्तुत गरेका छन् भनिएको छ । |
| ७. | भज्ज्याङको चौपारीबाट | 'भज्ज्याङको चौपारीबाट' नामक कविता विप्रयोगका घटनासँग सम्बन्धित कविता हो । २०४१ सालतिर लेखिएको यो कविता सम्भवत कुनै आत्मीय कामरेडका नाममा समर्पित कविता हुनुपर्छ । कविताको एक ठाउँमा भनिएको 'प्यारो कामरेड थाहा छैन तिमी यतिबेला कहाँ छौ' भन्ने उद्गारबाट स्पष्ट भएको छ । यसरी प्रकृतिको सुन्दर चित्रणबाट सुरु भएको कविता आफूलाई प्रगतिशील जनवादी एवम् जनअधिकार प्राप्तिको मार्गदर्शन गर्नुहुने कामरेडप्रति हार्दिक आभार व्यक्त गर्दै क्रान्ति, बलिदान र सङ्घर्ष निरन्तर गर्दै गएमा अवश्य पनि विजयका माला एकदिन हामी सबैले लगाउने छौँ भन्ने आशा व्यक्त |

| | | |
|---|---|---|
| | | गरिएको छ । |
| ८. | नदी | मानवजीवन भनेको नदीको वेग जस्तै हुन्छ । सचेत मानवजीवन त झन् महान् उद्देश्यप्राप्तिका निम्ति अगाडि बढिरहेको नदीको अजस्रप्रवाह हो । जसरी ठूलो नदीको मूल प्रवाहमा सानातिना नदी र भङ्गाला मिल्दै जान्छन् । त्यसैगरी आमूल परिवर्तनका लागि सामाजिक सङ्घर्षमा लाग्नेहरू पनि नदीजस्तै भएर अगाडि बढिरहन्छन् । त्यसैले सचेत र सार्थक मानवजीवनको स्वभाव पनि त यही नदीको स्वभावजस्तै हुन्छ भनिएको छ । |
| ९. | अभिलाषा | परिवर्तनको चाहना राखिएको कविता 'अभिलाषा' मा जस्तोसुकै दुःख, कठिनाइ या आपत्विपत् भोग्नु परे पनि त्यसमा अविचल रहन सकूँ भन्ने अभिलाषा राखिएको छ । |
| १०. | एक्लो जून बन्न खोज्नेलाई | अहिलेको परिस्थितिमा घटनाक्रम र समस्याका प्रकृतिहरू भिन्दाभिन्दै हुने भए तापनि सङ्घर्षमा सामूहिकता हुनैपर्छ । मानव जातिले परापूर्वकालदेखि प्रकृतिसँग सङ्घर्ष गर्नु पर्दा होस् या मानवद्वारा सिर्जित असमानताका विरुद्धको सङ्घर्षमा होस् एक्लो वीरले कहिल्यै पनि जित्न सक्दैन भनिएको छ । |
| ११. | भावुक कविप्रति | यदि यस संसारका प्रत्येक सिर्जनात्मक कुराहरूले मानवीय गरिमा र महत्ताको संरक्षण गर्न सक्दैनन् भने तिनीहरू जतिसुकै राम्रा भए पनि व्यर्थ छन् । मानवीय मूल्य र गरिमालाई बेवास्ता गर्ने तर प्रकृतिको गीत रचना गरेर सौन्दर्यको बखान गर्ने कुराको कुनै मूल्य र महŒव हुँदैन । यस्तो भावनामा आधरित भएर गरिएको साहित्यसिर्जनाको पनि कुनै महŒव हुँदैन भनिएको छ । |
| १२. | मलाई कुहिरो मन पर्दैन | यहाँ कुहिरोलाई अज्ञानतासँग तुलना गर्दै कुहिरोलाई अज्ञानताले जन्माउने भ्रान्ति अवास्तविकाता हो भनिएको छ । जसरी कुहिरो देख्दा सेतो, नरम र सफा देखिन्छ  त्यसैगरी कुहिरोले |

| | | |
|---|---|---|
| | | मानवलाई दिग्भ्रमित पारेर झुक्याएजस्तै अज्ञानता पनि अवास्तविक हो यसमा कुनै सत्यता छैन । केवल मानिसलाई भ्रममा पार्ने अवसरवादीसँग तुलना गर्दै यी दुईमा कुनै भिन्नता नरहेको सधैंभरि अँध्यारोमा सुताइराख्ने जनतालाई भ्रममा पार्ने एम्बुस थाप्ने अज्ञानतासँग कुहिरोलाई तुलना गरिएको छ । यसकारण जनतालाई शोषण गरी सधैँ आफ्नो स्वार्थपूर्तिमा लाग्ने शोषकहरूप्रति व्यङ्ग्य गर्दै मलाई कुहिरो मन पर्दैन भन्दै कविले यस कवितामा देखाएका छन् । |
| १३. | मेरो जीवनमा स्वागत छ | हाम्रा अगाडि अनेक प्रकारका समस्या र पर्खालहरू छन् यी समस्या र पर्खालहरूलाई पार गरी आफ्नो लक्ष्यमा पुग्न जस्तोसुकै बाधाव्यवधान आए पनि सधै म समस्याको भारी बोक्न निरन्तर लागि पर्ने छु भनिएको छ । |
| १४. | सम्झनामा | चाहे सुखैसुखको अवस्था होस् चाहे दुःखै दुःखको अवस्था होस् त्यस्तो अवस्थामा मानिसले आफ्नो आदर्शलाई परित्याग गर्नु हुँदैन किनकि एउटा राष्ट्रप्रेमी व्यक्ति ढल्दैमा सम्पूर्ण राष्ट्रप्रेमीहरू ढल्दैनन, फूलवारीमा फूलहरूलाई मलजल प्रदान गरी फुलाउने माली जल्दैमा (ढल्दैमा) उसले हुर्काएका सबै फूलहरू मर्दैनन् भनिएको छ । |
| १५. | सहिदको सन्देश | देशका लागि आफ्नो प्राणको आहुति दिने सहिदले बाँच्नेहरूलाई देश र जनताको प्रगतिका निम्ति लड्न आह्वान् गरेको कुरा देखाइएको छ । |
| १६. | उषाः म तिमीलाई नै पर्खी बसेको छु । | २०४६ सालको जनआन्दोलनको आमूल परिवर्तन पछिको समय नै एक प्रकारले उषा हो । अहिले विद्यमान निरङ्कुश एवम् नोकरशाही तन्त्र नै अन्धकारको रात हो त्यो हटेर नयाँ बिहान आउने आशामा उषालाई पर्खी बसेको छु भनिएको छ । |
| १७. | तिम्रो नयाँ यात्राको थालनीमा | देश र जनताको स्वतन्त्र अधिकार प्राप्तिका निम्ति क्रान्ति बलिदान र सङ्घर्षमा लागेर निरन्तर रूपमा अगाडि बढी नयाँ बिहानीको लागि हामी नयाँ यात्राको थालनीमा जुट्नुपर्छ |

| | | |
|---|---|---|
| | | भनिएको छ । |
| १८. | सङ्कल्प | युग परिवर्तनका लागि जस्तोसुकै बाधाव्यवधान पार गर्न पनि पछि पर्नुहुँदैन । सधैँ दृढताका साथ सङ्घर्षमा लागिरहने सङ्कल्प यहाँ गरिएको छ । |
| १९. | यो महल | शोषकहरूको महल, दीनदुःखी, श्रमजीवी जनताको हाडखोरमाथि उभिएको हुन्छ । श्रमजीवी जनताको पसिनाको कुनै मूल्य छैन । शोषकहरूद्वारा यी मजदुरहरू युगौदेखि शोषित भइरहेका छन् भनिएको छ । |
| २०. | यतिबेला गाउँमा अलिकति साँझ परेको छ | रातदिन मिहिनेत गरेर पनि बिहानसाँझ हातमुख जोर्न मुस्किल परेका निरीह जनताको चित्रण गर्दै कविले आफ्नो देशमा भएका निरीह गरीबको भलाइका लागि तिनीहरूलाई क्रान्तितिर सचेत गराउने प्रयास गरेका छन् । यसरी जनतामा रहेको सामाजिक आमूल परिवर्तनको आकाङ्क्षा कहिल्यै पनि निभ्दैन । कुनै दिन त उज्यालो अवश्य आउने छ भनिएको छ । |
| २१. | एउटा चिठी सांसद् छोराको नाममा | विगतमा आदर्श, मूल्य मान्यताबाट अगाडि बढेको क्रान्तिकारी मानिस पनि आफ्ना आदर्शहरूलाई पुरै परित्याग गर्न पुग्छ । हिजो जनताप्रति गरिएको प्रतिबद्धताका विरुद्ध आचरण गरिएको जस्तो प्रतीत हुँदैन । राष्ट्र र जनताप्रतिको प्रतिबद्धताको आदर्शलाई तिलाञ्जली गरेपछि आउने चिन्तनको विकृति भनेको विभिन्न खालका शक्ति केन्द्रहरूलाई खुशी नपारी सत्तामा जान सकिँदैन । सत्तामा गइएछ भने पनि टिक्न सकिँदैन भनिएको छ । |
| २२. | ओ यात्री | आफ्नो क्रान्तीकारी सङ्कल्पबाट पथभ्रान्त भएको यात्रीलाई सम्बोधन गर्दै कविले जुन व्यक्ति पहिला आगाको फिलिङ्गोभैँ धपक्क बलेको थियो । अहिले चिसो अगुल्टोभैँ मात्र रहेको छ । पहिले जुन मानिस दाजु थियो, कमरेड थियो तर अहिले भने आँखा जुधाउँदा परक्क मुन्टो बटार्छ, उसले यसो गर्दा त अहिले काठमाडौँमा एउटा घर, श्रीमतीलाई सुन र साडी आदि आदि |

| | | |
|---|---|---|
| | | केके जोड्यो केके? विगतमा यही यात्री शत्रुका ताता गोलीले पनि नढलेको बहादुर सिपाही जस्तो थियो । यो यात्री अहिले आएर चास्नीको गोलीले लड्यिो । हिजो क्रान्तिकारी आदर्शमा हिँड्दा जस्तो अग्लो लाग्ने यो यात्री आफ्नो आदर्शबाट पथभ्रान्त भएपछिको अवस्थामा कुतै पाताल त झरेनौं? भनेर प्रश्न गरिएको छ । यसरी सगरमाथा जस्तो उच्च विचारको व्यक्ति आफ्नो स्वार्थका लागि सडकमा झर्न पनि पछि पर्दैनन् भनिएको छ । |
| २३. | चिता जलिरहेछ | नेपालका दुई तारा मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय र्दुटनामा परी मृत्यु वा हत्या भएपछि सम्पूर्ण देश नै शोकाकु भई हरेक नेपालीको हृदय छियाछिया भईदन्किरहेको छ । गुराँस र सुनगाभा जस्तो प्रिय राष्ट्रिय फूलहरूको अभावमा देश उजाड, बगर, सिखो, डाँडो र बुढो गाइनेजस्तो विरूप हुन पुगेको छ भन्दै देशभक्त नागरिकको रहस्यमय दुर्घटनाले नेपालीहरूको मुटु छियाछिया भएको र छाती जलिरहेको छ भनिएको छ । |
| २४. | यी पाइतालाका डोबहरू | पुर्खाले आफ्नो अस्तित्व जोगाउनका लागि अनेक किसिमका सङ्घर्ष गर्दागर्दै अधुरै अवस्थामा रहेका सपनालाई सही मार्गमा लगाई तिनीहरूको सपनालाई निश्चित लक्ष्यमा पुऱ्याई अस्तित्व संरक्षण गरी हामी सन्ततिहरू अगाडि बढी सङ्घर्ष गर्नुपर्छ भनिएको छ । |
| २५. | प्रेम | प्रेम भनेको फोहर वस्तु र धमिलो पानी नभइ प्रेम पहाडी झरना जस्तै सफा र निर्मल हुनुपर्छ । प्रेमलाई तुच्छ चिजसँग तुलना गर्नु हुँदैन र प्रेमलाई कामेक्षाको तृक्षितका रूपमा नलिइ महान् लक्ष्य पार गर्ने अँध्यारो विरुद्ध लड्ने गर्विलो बाटोको रूपमा लिनुपर्छ । प्रेमलाई खेलौनाको रूपमा लिनु हुँदैन भनिएको छ । |
| २६. | जीवन | कसैका लागि जीवन महलमा बसेर खेल्ने खेल (पासा र पप्लु) |

| | | |
|---|---|---|
| | | होला । अझ कसैका लागि त जीवन आँसुरूपी सागरको भेल पनि होला तर मेरो विचारमा जीवन भनेको अँध्यारो हटाई उज्यालो दिने माथि देउरालीबाट बग्ने मालसिरीको धुन हो भनिएको छ । |
| २७. | दुई अस्तिŒव-<br>(क) एक | तत्कालीन समयमा नेपाली समाजमा देखिएका विकृति र विसङ्गतिका कारण आतङ्कित मानवहृदय सामान्य यथार्थ घटनाबाट त्रसित भई अस्तित्वविहीन अवस्थामा पुग्छ भनिएको छ । |
| | (खा) दुई | हजारौं क्रान्तिकारी प्रजातन्त्रप्रेमी वीरहरूका अगाडि निरङ्कुश तन्त्रको झुटो भ्रान्तिको कुनै अस्तित्व हुँदैन भनिएको छ । |
| २८. | बिदाइमा | प्रजातन्त्रप्राप्तिका लागि अनेक किसिमका यातना र पीडा सहेर बन्दी जीवन जिउनु परे तापनि एउटै लक्ष्य लिएर अघि बढेमा हिमनदी जस्तो अटल र तारा जस्तो चम्किलो बिहानी अवश्य आउने छ त्यसलाई सुनौलो मिर्मिरेका लागि सामन्तवादीलाई हराउन हामीले काँधमा काँध मिलाएर अघि बढ्यौं भने अवश्य सफल भइन्छ भनिएको छ । |
| २९. | रिडी | तत्कालीन समाजका विकृति र विसङ्गतिका कारण सिङ्गो देश नै रिडी जस्तो जवानी गुमाइसकेकी भट्टिवाल्नीको वा निरीह महिलाको जस्तो जीन्दगी बिताउन बाध्य छ भनिएको छ । |
| ३०. | पखेरुको गुराँस | सामन्तवादी व्यवस्थाका यावत संरचनालाई ध्वस्त नगरेसम्म सर्वहारा वर्गको मुक्ति नहुने वास्तविकता देखाउँदै जबसम्म सामन्तवादीहरूका लागि गुराँस जस्तै फुल्न र शीर उठाउन सकिँदैन तबसम्म अन्तिम विजय हाम्रै हो भन्ने गीत सहिद भएर सधैँ अपुरो रहने छ भनिएको छ । |

**चिता जलिरहेछ** कवितासङ्ग्रहभित्रका कवितालाई उदाहरणको रूपमा यसरी प्रस्तुत गरिएको छ । सहिदहरूको बलिदान कहिल्यै खेर जाँदैन । आजका मानिसलाई शस्त्रबलका सहाराले तर्साएर आफ्नो सपना पूरा गर्न खोज्ने शोषकहरूप्रति व्यङ्ग्य गर्दै सहिदका

सङ्कल्पहरू अमर हुन्छन् र सहिदका सपनालाई उनीहरूका सहयात्रीले पूरा गर्दछन् भन्ने कुरा ज्ञवालीले तलको कवितामा व्यक्त गरेको पाइन्छ :

मेरो छोरा मारिए पनि
मेरा आस्था मारिएको छैन/मेरो भावना मारिएको छैन
त्यसैले मलाई बन्दुकले तर्साउन खोज्ने लाछीहरू हो !
सुन ! कान खोलेर सुन
रगतको तर्पण दिएर जन आन्दोलनको ज्वाला
मत्थर पार्ने तिमीहरूको आशा
मध्य दिउँसोको सपना हो । (बिहानीको प्रतीक्षामा, पृ. १५)

शीतविन्दुले आफ्ना कवितामा देशका निरीह जनतामाथि स्वार्थी शासकहरूले गरेको निरङ्कुश शासन व्यवस्थाको अमानवीय व्यवहारलाई यसरी प्रस्तुत गरेका छन् :

जनतालाई भोरमा पार्ने
औसरवाद जस्तै छ, कुहिरो
देख्दा नरम, सेतो र सफा
तर बिछट्टै विश्वासघाती
सधैंभरी अध्यारामा सुताई राख्ने
अज्ञानता जस्तै छ कुहिरो
जताजतै सम्मो एकनास लाग्ने
तर चौपट्टै आत्मघाती
एम्बुस जस्तै छ कुहिरो
त्यसैले अहँ,
यो कुहिरो मलाई मन पर्दैन । (मलाई कुहिरो मन पर्दैन, पृ. ११)

शीतविन्दुका कवितामा किसान, कुल्ली र मजदुरहरूका व्यथाको प्रस्तुति गर्दै तिनीहरूलाई क्रान्तितिर सचेत गराउने प्रयास गरिएको पाइन्छ । देशमा बढ्दै गएको भ्रष्टाचारको कारण कैयौं नेपालीहरू गरिबीको रेखामुनि परेको कुरालाई ज्ञवालीले यसरी व्यक्त गरेका छन् :

हत्केलामा राखेर ज्यानलाई
राँको बोकेर भीर मौरीको गोला झोस्दा
कसैले पनि सोचेको थिएन

महजति माउ-खानेकै सत्र पर्ला भनेर
वोकेर घन र भ्याम्पलहरू
कुलो बनाउन पाताले पहरो फोर्दा
कसैलाई पनि लागेको थिएन
आफ्नो घरमा अनिकालको वज्र झर्ला भनेर
कति सपना थिए खुसियालीका
यतिबेला चल्लाको बथानमा नयाँ बाज झरेको छ
यतिबेला गाउँमा अलिकत साँझ परेको छ (यतिबेला गाउँमा अलिकति साँझ परेको, पृ. ३८) ।

शीतविन्दुका कवितामा प्रकृतिको चित्रण एकातिर पाइन्छ भने अर्कोतिर सामन्तवादी संस्कारलाई ध्वस्त गर्नुपर्ने भाव व्यक्त गरिएको पाइन्छ ।

आततायीहरू फोहरी गाली र धम्कीका साथ पनि
शिर गर्विलो पारेर हेर्न वीरगङ्ना भएर फुलिरहेछ गुराँस
टिलिक्क टल्किने सङ्गीनले मुटु टुक्राटुक्रा पार्दा पनि
“अन्तिम विजय हाम्रै हो” गाइरहने
सहिद बनेर फुलिरहेछ गुराँस (पखेरुको गुराँस, पृ. ४६) ।

## ४.१.५ सहभागी र सहभागिता

**चिता जलिरहेछ** कवितासङ्ग्रहभित्रका कविताहरूमा व्यक्ति, पात्र वा चरित्र सहभागीका रूपमा आएका छन् । हरेक कृतिमा सहभागीहरूको सङ्ख्या घटीबढी भए पनि तिनको उपस्थिति चाहिँ अनिवार्य रहन्छ । कृतिमा सहभागीहरूको भूमिका वक्ता-श्रोता, प्रेषक-प्रापक, सम्बोधक-सम्बोधित आदिका रूपमा रहन्छ । सहभागीहरूको सहभागितामा समय-समयमा परिवर्तन भइरहन्छ । जस्तै : एउटा वक्ता प्रेषक वा सम्बोधक भएर आफ्नो निर्धारित भूमिका सकिएपछि श्रोता, प्रापक वा सम्बोधित बन्न सक्छ ।[८]

शीतविन्दुका कवितासङ्ग्रहभित्रका कविताहरूमा विभिन्न किसिमका व्यक्ति पात्रहरू सहभागिताका रूपमा आएका छन् । ती पात्रहरूलाई कविताशीर्षकअनुसार निम्न बमोजिम प्रस्तुत गरिएको छ :

| क.सं. | कविता | सहभागिता |
| --- | --- | --- |

६. ऐजन ।

| | | |
|---|---|---|
| १. | उर्लिएका वेदनाहरू | आमा, म, केटाकेटी, काका, छोरा, मालिक, साहु, हामी, सन्तान, तिमी, भाइबहिनी, दाजु । |
| २. | विशृङ्खलित विचारहरू | तिमी, हामी, बालक, साथी, म, केटाकेटी, नानी, आमा, भगवान बुद्ध । |
| ३. | रगतमा होली खेलिरहेको देश | आमा, बाबा, सानु, तिमी, म, दिदी, बहिनी, खसम, साथी, हामी, ऊ, वैरी विधवा, मालिक शान्तिप्रेमी, टुहुरा, न्यायप्रेमी, दुःशासन, राक्षस, कसाइ, वीर, सहीद, आफन्त, बालक, कंश । |
| ४. | सिस्नेको तिरैमा | चेली, आमा, बालक, किसान, हत्यारा, सहिद । |
| ५. | म के दिउँ तिमीलाई | म, तिमी, जल्लाद, आफन्ती |
| ६. | बिहानीको प्रतीक्षामा | आमा, छोरा, खसम, म, ऊ, तिमी, छोरी । |
| ७. | भज्ज्याङको चौपारीबाट | चितुवा, दुम्सी, तिमी, कमरेड, साथी, हामी, वैरी |
| ८. | नदी | आमा, छोरा, तिमी, सहिद, विधुवा, छिमेकी, ऊ, म, दाजुभाइ, विधुवा, सिपाही । |
| १०. | एक्लो जून बन्न खोज्नेलाई | आमा, हामी, तिमी, सेनापति |
| ११. | भावुक कविप्रति | कवि, तिमी, आमा, नानी, चेली, प्रेतात्मा । |
| १२. | मलाइ कुहिरो मन पर्दैन | म, उपनिवेशवादी, वैरी, वटुवा, गाईवस्तु, वचेरा, गाउँले, केटाकेटी, जनता । |
| १३. | मेरो जीवनमा स्वागत छ | चन्द्रमा, इन्द्रेणी, प्रिय, हामी, तिमी, म, राजकुमार, राजकुमारी । |
| १४. | सम्झनामा | कवि, साथी, वीर, वैरीहरू, देशभक्त, ब्वाँसा, कमरेड, तपाइँ, भाइ, हामी, मान्छे, सेनापति, सिपाहीं, माली, नेता । |
| १५. | सहीदको सन्देश | आमा, सहिद, छोरा, म, बहिनी, साथी, वैरी, प्रिया, छोरी, बाबा । |
| १६. | उषा म तिमीलाई नै पर्खी बसेको छु | म, तिमी, नरभक्षी, गाउँले, शिशु, आमा । |
| १७. | तिम्रो नयाँ यात्राको | ऊ, काकाकुल, जनता, सहयोद्धा पुर्खा, हामी, |

| | | |
|---|---|---|
| | थालनीमा | आमा, तिमी, मार्क्स, नेल्सन, विन्नी र वैरी । |
| १८. | सङ्कल्प | साथी, सिपाही, तिमी |
| १९. | रिडी | तिर्थालु, व्यापारी, विद्यार्थी, भट्टीवाल्नी । |
| २०. | यी पाइतालाका डोबहरू | आमा, बाबा, दाजु, म, रामु, ऊ । |
| २१. | यो महल | |
| २२. | यतिबेला गाउँमा अलिकति साँझ परेको छ | छविलाल, वीर, चल्ला, बाज, चेली, चितुवा, वाखा, रामे, श्यामे, ऊ, नरकान्ते, साथी, गाउँले, छोरा, बुढा, जुनकिरी, पेत्रेल । |
| २३. | एउटा चिठी सांसद छोराको नाममा | तिमी, छोरा, म, छोरी, आमा, सानु, साथी, सुदामा, दाइ, माइली, विष्णुमाया, हर्के, बिर्खे, किस्न । |
| २४. | चिता जलिरहेछ | दुःशासन, सेनापति, गाइने, हामी, आमा, साथी, दधिचि, शीतविन्दु, अभिमन्यु, सुनगाभा । |
| २५. | बिदाइमा | म, हामी, तिमी, दुश्मन, आफन्त |
| २६. | प्रेम | शुक्रतारा, पशु । |
| २७. | जीवन | |
| २८. | पखेरुको गुराँस | येमान, राजवन्दी, आततायी, सहिद । |
| २९. | दुई अस्तिŒव- | ऊ, |
| | क) एक | |
| | ख) दुई | ऊ, बच्चा, वीर, यमराज |
| ३०. | ओ यात्री | दाजु, साथी, श्रीमती, गुरु, सिपाही, छिमेकी |

शीतविन्दुले **चिता जलिरहेछ** कवितासङ्ग्रहका कतिपय कवितामा आफू सहभागी भएर कविताको रचना गरेका छन् भने कतिपय कवितामा मानवीय र मानवेतर प्राणीहरूलाई सहभागी गराएर कविताको रचना गरेको पाइन्छ । यिनका कवितामा प्रयोग गरिएका सहभागीहरू चरित्रचित्रण गर्ने उद्देश्यले नभई मूलभावलाई चित्रण गर्ने उद्देश्यले आएका छन् ।

## ४.१.६ परिवेश

कृतिमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो । कृतिभित्रका प्रस्तुत घटना घटित हुने परिवेशसूचक स्थान समय र वातावरणमध्ये सबै वा कुनैको अभिव्यक्ति वर्णनात्मक कुनैको विवरणात्मक र कुनैको सङ्केतात्मक हुन्छ । वातावरण सबै कृतिमा स्पष्ट रूपमा आए पनि स्थान र समयको चाहिँ स्पष्ट उल्लेख नहुन पनि सक्छ । यसरी स्पष्ट उल्लेख नगरिएको भए त्यसले सार्वभौमिकता र सार्वकालिकता तथा स्थान र समयको महŒवहीनतालाई जनाउँछ ।[७]

**चिता जलिरहेछ** कवितासङ्ग्रहका कविताहरूमा परिवेशलाई निम्नअनुसार उल्लेख गरिएको छ :

| क्र.स. | कविता शीर्षक | स्थान | समय | वातावरण |
|---|---|---|---|---|
| १. | उर्लिएका वेदनाहरू | बिरानो मुलुक, गाउँ, पेटी, डाँडा, उकाली, महल, स्वर्ग, नर्क | पोहरसाल आजको दिन, यतिबेला, परार साल, दिउँसै, अँध्यारो, भोलि, बिहानी । | गरिबीका कारण रोजीरोटीका लागि विदेसिएका नेपालीले अनेक दुःख, कष्ट सहेर गुजारा चलाउनु परेको दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| २. | विशृङ्खलित विचारहरू | दरबार, स्वर्ग, देश, पहाड | सधैँ, रात, युग, इतिहास | देशमा शस्त्रबलका सहाराले हरेक सर्वसाधारण नेपालीहरूले हत्या, हिंसा, आतङ्कका कारण जिउ गुमाउनु परेको दुःखद् परिवेशको चित्रण गरिएको पाइन्छ। |
| ३. | रगतमा होली खेलिरहेको देश | सङ्घारमा, मझघारी नदी, पहरा, बाटो, खेत, | जुनीभरी, रातभरी, दिन, पहर, अँध्यारो, हरेक | नेपालमा तत्कालीन समयमा देखिएको राजनीतिक द्वन्द्वका |

७. ऐजन ।

| | | | | |
|---|---|---|---|---|
| | | किल्ला, गोरेटा, खोल्सी, रोदीघर, कुरुक्षेत्र, गोकुलवासी | बिहानी, सधैंभरी | कारण नेपाली आमाका सन्तानहरूले रगतको भेल बगाउनु परेको दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| ४. | सिस्नेको तिरैमा | सिस्नेको तिर, पाखो | अँध्यारो रात, असार, भोलि | २०५२ सालमा काङ्ग्रेसी सर्वसत्तावादले माओवादीको जन्म भएका कारण तत्कालीन समाजमा युद्धले निम्त्याएको निराशा र नेपाली आमाबाबु, दिदीबहिनी र बालबच्चाको भविष्य अन्धकार भएको दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| ५. | म के दिउँ तिमीलाई? | चिहान राख्ने ठाउँ, पाखा, कालकोठरी, डाँडा | अँध्यारो रात, प्रभाबत, युगौँ | महŒवाकाङ्क्षा पूरा नभएको दुःखद् परिस्थितिको चित्रण गरिएको छ । |
| ६. | बिहानीको प्रतीक्षामा | झुपडी, मैदान, घर पाताल, भुइँ | रात, युग, वसन्त, दिन, चैत्र | सुनौलो बिहानीसँगै जिउँदो नेपाल हेर्ने आशामा प्रयासरत भएको सुखद परिवेशको चित्रण गरिएको छ । |
| ७. | भञ्याङको चौपारीबाट | गण्डकी, सङ्घार, आकाश आँगन, | युग, दिन, भोलि, उज्यालो, विगत, | क्रान्तिलाई फत्तेगरी नयाँनयाँ विकासका |

| | | | | |
|---|---|---|---|---|
| | | बाटाहरू, मझेरी, मुहान, लेकबेसी, क्षितिज, चौपारी, धर्ती, छहरा | युग, बिहानी । | लागि विछोडका पलका लामो अन्तरालपछि पुनःमिलन भएर सुखद् परिवेशको आगमन हुने आशा गरिएको छ । |
| ८. | नदी | सडक, रणभूमि, भँगालो, दोभान | कहिले, साँझ | सचेत र सार्थक मानवजीवन व्यथित गर्न नदीको जस्तो अजस्र प्रवाह भएर अगाडि बढ्ने चाहनाको अभिव्यक्ति गरिएको छ । |
| ९. | अभिलाषा | मैदान, घनाजङ्गल | कुनैबेला, रात बिहानी | देश र समाजको परिवर्तनका लागि जस्तोसुकै आपदविपत् भोग्नुपरेमा पनि अविचल भई सुखद् बाँच्ने चाहनाको अभिव्यक्ति गरिएको छ |
| १०. | एक्लो जून बन्न खोज्नेलाई | धर्ती | बेला, अँध्यारो | वर्तमान परिस्थितिमा देखा पर्ने र देखापर्दै आएका सम्पूर्ण समस्या समाधानका लागि हामीहरू एकजुट भएर सहकार्य गर्नुपर्छ । वीर नै भएपनि एक्लो व्यक्तिले केही गर्न सक्दैन । त्यसकारण कुनैपनि समस्या |

| | | | | |
|---|---|---|---|---|
| | | | | समाधानका लागि सम्पूर्ण मानव एकजुट हुनुपर्ने भावना व्यक्त गरिएको छ । |
| ११. | भावुक कवि प्रति | हिमाल, जग्गा, भवन | यतिखेर, रात, बेला | यदि यस संसारका प्रत्येक सिर्जनात्मक कुराहरूले मानवीय गरिमा र महत्ताको संरक्षण गर्न सक्दैनन् भने तिनीहरू जतिसुकै राम्रा भए पनि व्यर्थ छन् भनिएको परिवेश पाइन्छ । |
| १२. | मलाई कुहिरो मन पर्दैन | बाटो, रेसुङ्गा, वेसी, आकाश, वन, पथ, जतातततै | उज्यालो, भर्खर, सधैँभरी | स्वार्थी मानव बढेर निरङ्कुश भएकाले सर्वसाधारण नेपाली जनताले अवसरवादीबाट हुने यातना सहनु परेको दुःखद् परिस्थितिको चित्रण गरिएको छ । |
| १३. | मेरो जीवनमा स्वागत छ | गाउँपाखा, गोरेटो, क्षितिज, धर्ती, मैदान, पहाड, खोल्सी | आज, कहिल्यै, वर्सौ, रात | जीवनमा जेजस्ता समस्या आए पनि समस्या समाधानमा निरन्तर लागिपर्ने छु भनि सुखद् परिवेशको चित्रण गरिएको छ । |
| १४. | सम्भनामा | गाउँबेंसी, आकाश, हिमाल, धर्ती, बाटो | भविष्य, बिहान, रात, यतिखेर | चाहे दुःखैदुःखको अवस्था होस् या |

| | | | | |
|---|---|---|---|---|
| | | | | सुखैसुखको अवस्था होस् । त्यस्तो अवस्थामा मानिसले आफ्नो मूल्य र मान्यतालाई परित्याग गर्नु हुँदैन भन्दै सुखद् परिवेशको चित्रण गरिएको छ । |
| १५. | सहिदको सन्देश | धर्ती, माटो, गाउँघर, दरबार, दैलो, आकाश, देउराली | बेला, बिहान, भोलि | देश र जनताका लागि आफ्नो ज्यानको बलिदान नदिने सहिदहरुले बाँचेकाहरूलाई स्वतन्त्रताको लागि लड्न आह्वान गरिएको दु:खद् परिवेशको चित्रण पाइन्छ । |
| १६. | उषा म तिमीलाई नै पर्खी बसेको छु | गाउँवस्ती, विस्तरा, चिहान, बलेनी, कुना, किला, पर्खाल, बाटो, गोरेटो, पाखा | अँध्यारो, सिङ्गो युग | हिजोको दु:खद् दिन सम्झिएर भोलिको युवा भएपछि सुन्दर बिहानी आउने आशामा आफ्ना पाइतालालाई अगाडि बाढाउँदै छु भनेर सुखद् परिवेशको चित्रण गरिएको छ । |
| १७. | तिम्रो नयाँ यात्राको थालनीमा | बस्ती, घर, बिछ्यौना, देश, गोरेटो, बाटो, माटो, रेसुङ्गा, | अँध्यारो, आज, केही बिहानी, भोली, त्यतिखेर, भविष्य, पच्चीस | स्वतन्त्र देश र जनताका लागि हाम्रा पूर्खाहरूले सङ्घर्ष गर्दागर्दै पूरा गर्न नसकेका सपनाहरूलाई |

| | | | | |
|---|---|---|---|---|
| | | पहाड, बडिगाउँ, भँगाला | वर्षे, हजारौं | हाम्रा सन्ततिहरूले अवश्य पूरा गर्नेछन् भन्ने चाहना व्यक्त गरिएको छ । |
| १८. | रिडी | रिडी खोला, काली गण्डकी | कहिले, साँझ, बिहान | रिडी हिन्दुहरूको महान् तीर्थस्थल भूमि आज कोलाहल, प्रदूषित कालोबजारीजस्ता अनेक यातना सहेर रमिते हुन गइरहेको छ भन्दै दुःखद् वातावरणको चित्रण गरिएको छ । |
| १९. | सङ्कल्प | बाटो, क्षितिज, चिहान | कहीं | युग परिवर्तनका लागि सामन्ती संस्कारले दिएका यातना भोग्न बाध्य छु भन्दै दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| २०. | यी पाइतालाका डोबहरू | मुङ्लान, भीर, टाकुरा | इतिहास, बर्सौं, अहिले, मध्यरात, माटो, क्षितिज, गोरेटो | सहिदका सपनालाई नबिर्सी हामी सबै एक जुट भएर सहिदका सपनालाई पूरा गरौं भन्ने चाहना व्यक्त गरिएको । |
| २१. | यो महल | जग, भित्ता, चोक, गल्ली | आज, भोलि | सामन्तवादी संस्कारका कारण सर्वसाधारण नेपालीले भोग्नु परेका |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनेक दुःख, कष्ट र यातनालाई दुःखद् किसिमले चित्रण गरिएको छ । |
| २२. | यतिबेला गाउँमा अलिकति साँझ परेको छ | गाउँ, पहरो, घर, पँधेरा, राजु खोज्सी, महल | क्षण, यतिबेला, साँझ, सातबर्से, दिउँसो, अँधेरो, बिहानी, एक दिनपछि | हत्या, हिंसा र आतङ्कले निम्त्याएको निराशा र अन्धकार, भविष्यले गाउँ नै शोकमा डुबेको दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| २३. | एउटा चिठी सांसद् छोराको नाममा | पिँढीं, झुपडी, गाउँ, चिहान | रातहरू, उज्यालो, हिजो, बिहान, दसवर्ष | लामो सघर्ष र असंङ्ख्य सहिदहरूको बलिदानी पछि देशमा ल्याइएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत पनि जनताको जीवनमा कुनै खास सुधार नभएका कारण गाउँ र पाखाहरू अँध्यारो स्थितिमा छटपटाइरहेका छन् भन्दै दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| २४. | ओ यात्री | उकाली, बाटो, काठमाडौँ, घर ढोका, सगरमाथा, पाताल | कहिले, परन्तु, बर्सौ, साँझ, आजभोलि | पहिला नयाँ नेपालको निर्माणगर्ने दिशामा झन्झन् सङ्गठित तथा सङ्घर्षशील हुँदै गइरहेको व्यक्ति आफ्नो |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्वार्थपूर्तिपछि यथास्थितिकै कठघेरोमा बाँधिएर परम्परागत राज्य-प्रणाली तथा आर्थिक शोषणको एकाधिकार टिकाई राख्न खोज्ने भ्रष्ट व्यक्तिको पर्दाफास गरिएको छ । |
| २५. | जीवन | पर्खाल, जेल, देउराली, जङ्गल, बाटो, आकाश | उज्यालो, रात | कसैका लागि जीवन हाँसो र आँशुको भेल भएता पनि मेरा लागि जीवन अँध्यारो हटाइ उज्यालो देखाउने सुन्दर धून हो भनिएको छ । |
| २६. | प्रेम | पोखरी, पहाड, बाटो | प्रभात, अँध्यारो | निस्वार्थी प्रेमको सुखद् परिवेश चाहन्छु भनिएको छ । |
| २७. | चिता जलिरहेछ | फेवा, रारा, पाखा, मरुभूमि, धर्ती, सगरमाथा, कुरुक्षेत्र, देश | भर्खर, आज, रात, एकदिन, हर बिहान, साँझ | सगरमाथा र धौलागिरिजस्ता उच्च विचारका व्यक्ति मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय दुर्घटनामा गरिएको हत्याका कारण सम्पूर्ण देश नै शोकाकुल अवस्थामा डुबेको दुःखद् परिवेशको चित्रण गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| २८. | बिदाइमा | डाँडापारी, पखेरी, मझेरी, पाखा, बाटो, पहाड, दोभान, मैदान, भीर, आकाश | अहिले, मिर्मिरे, कहिल्यै | केही क्षणका लागि देश र जनताको स्वतन्त्रता प्राप्तिमा बाधाव्यवधान आई अँध्यारोमा अल्झिन परे तापनि निरन्तर सङ्घर्ष गरेर म भोलिको सुन्दर मिर्मिरेमा फर्किने छु भन्दै सुखद परिवेश ल्याउन आह्वान गरिएको छ । |
| ३०. | अस्तित्व | | | |
| | क) एक | आकाश, धर्ती, बिस्तरा, मसानघाट | कतै | सामन्तवादी कुव्यवहारकाकारण अस्तित्वहीन अस्थिपञ्जर, बोकेर डरले तर्सिदै आत्तिदैं मरेतुल्य हुन पुगेको दु:खद् परिवेशको चित्रण गरिएको छ । |
| | ख) दुई | मसानघाट | कतै | अस्तित्वहीन शान्ति र प्राणघाती भ्रान्ति उसलाई मन पर्दैन भन्दै क्रान्ति गर्न सबै उठ किनकि मृत्युञ्जयी वीरका अगाडि यमराजको पनि सेखी झर्छ भनिएको छ । |

शीतविन्दुले आफ्ना कविताहरूमा सुखद् र दुःखद् वातावरणको सृजना गरेर स्थान र समयको साथमा कही हर्ष र कहीँ दुःखको वेदनालाई सुन्दर ढङ्गमा सजाएर आफ्ना कवितामा प्रस्तुत गरेका छन् । उनका कवितालाई समग्रमा हेर्दा सुखदभन्दा दुःखद् पीडाको परिवेश नै बढी चित्रण गरिएको छ । त्यसमा पनि सामाजिक, राजनीतिक, विकृति, विसङ्गति, शोषण र दमन, राजनीतिक द्वन्द्वले सर्वसाधारण मानिसले भोग्नु परेका दुःख, पीडा, गरिबीका पीडाहरू मुख्य रूपमा प्रस्तुत गरेर दुःखद् परिवेशको उल्लेख गरिएको छ । शीतविन्दुको **चिता जलिरहेछ** कवितासङ्ग्रहका कविताहरूमा प्रयोग गरिएको परिवेश सम्पूर्ण स्थानको चित्रण गर्ने उद्देश्यले नभई मूलभावलाई चित्रण गर्ने उद्देश्यले प्रयोग गरिएको छ ।

## ४.१.७ उद्देश्य

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिमा रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ । मनोरञ्जन, आनन्द, शिक्षा, लोक, कल्याण, यथार्थको प्रकटीकरण आदिलाई कृतिलेखनको प्रमुख उद्देश्य मानिन्छ ।[८]

**चिता जलिरहेछ** कवितासङ्ग्रहभित्रका कविताहरूलाई हेर्दा धेरैजसो कवितामा सामाजिक र राजनीतिक द्वन्द्वले ल्याएको यथार्थको प्रकटीकरण गरिएको छ । समाजमा रहेका राजनीतिक र सामाजिक विकृतिका विरोधमा आवाज उठाइएको छ । समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक यथार्थमा देखिएका असन्तुलित व्यवहारप्रति असन्तोष व्यक्त गरिएको छ । आर्थिक पक्षमा पनि अशिक्षा, शोषण-दमन, गरिबी, पछौटेपनलाई हटाउनु पर्ने भावनालाई आफ्ना कविताको उद्देश्य बनाएर व्यक्त गरिएको छ । समाजमा सत्तासीनहरूले सर्वसाधारण जनतामाथि गरेका अन्याय, अत्याचार, शोषण, दमन, र देशका भ्रष्ट नेताहरूको चलखेलका कारण सर्वसाधारण नेपाली आमाका दाजुभाइ, दिदीबहिनी र आमाबावुले सहनु परेका दुःखद् परिस्थितिलाई प्रस्तुत गर्दै देश र जनताको स्वतन्त्रताको पक्षमा आफ्ना विचार व्यक्त गर्दै सम्पूर्ण दाजुभाइ, दिदीबहिनीलाई क्रान्ति गर्न आह्वान गरिएको छ । नेपालीहरू नेपालको हरेक कुरामा सचेत हुनुपर्छ । यहाँ अशान्ति हुनु हुँदैन । प्रजातन्त्रको राम्रो सदुपयोग हुनुपर्छ भन्ने कुरामा उनी सचेत भएर आफ्ना कविताको माध्यमबाट अगाडि बढेका छन् । यसरी शीतविन्दुले आफ्नो मुलुकमा काम नपाएका नेपालीहरूको व्यथा, देशभक्त नागरिकहरूको निर्मम हत्या र त्यसबाट उजाडिएका हजारौँ घरपरिवारहरूको दयनीय अवस्था, आफ्नो मातृभूमिलाई निरङ्कुश सामन्ती अत्याचारबाट मुक्त पार्नका लागि मुलुकका

---
८. ऐजन ।

विभिन्न भेगहरूमा जुझी रहेका वीर योद्धाहरूको आत्मीय सम्झना,युद्धमा मारिएका आफ्ना प्रिय कमरेडहरूलाई क्रान्तिकारी अभिवादन र उनले अपूर्ण छाडेको विजय अभियानलाई लक्ष्यसम्म पुऱ्याई छाड्ने फलामे सङ्कल्पवद्धता, देशीविदेशी प्रतिक्रियावादीहरूको कुत्सित षडयन्त्रमा पारेर दिवङ्गत हुन पुग्नु भएका आदरणीय एवम् प्रिय नेताहरूको असामयिक मृत्युमा अतिशय शोक विह्वल हुन पुगेको अन्तरात्माको क्रन्दन र पछि त्यस शोकलाई शक्तिमा परिणत गरी दिएर अझै जोशजाँगरसाथ अघि लम्कने अदम्य क्रान्तिकारी प्रतिबद्धतालाई उनले आफ्ना कविताको मुख्य उद्देश्य बनाएका छन् । यही नै ज्ञवालीको चिता जलिरहेछ कवितासङ्ग्रहभित्रका कविताहरूको मूल उद्देश्य रहेको छ ।

## ४.१.८ दृष्टिबिन्दु

दृष्टिबिन्दु भनेको कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने पद्धति हो । कृतिका परिवेश, चरित्र, कार्यव्यापार आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकाका रूपमा समेत लिइने दृष्टिबिन्दुमा लेखकीय विचारधाराको पनि अभिव्यक्ति हुन्छ । समाख्यान र समाख्याताको निर्धारणपछि ज्ञान हुने दृष्टिबिन्दु तृतीय पुरुष र प्रथम पुरुष गरी मुख्यतया दुई प्रकारका हुन्छन् । कृति प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुमध्ये कुन दृष्टिबिन्दुमा रचिएको छ र त्यस कृतिका माध्यमबाट लेखकले केकस्तो विचारधारा अघि सार्न खोजेको छ भन्ने कुराको विश्लेषण गरिन्छ ।[९]

शीतविन्दुको **चिता जलिरहेछ** सङ्ग्रहभित्रका कविताहरूलाई अध्ययन गर्दा उनका धेरैजसो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् । उनका थोरै कविता प्रथम पुरुष दृष्टिबिन्दुमा रचिएका कविता निम्नलिखित छन्:

१) अभिलाषा

२) मेरो जीवनमा स्वागत छ

३) यो महल

४) मलाई कुहिरो मन पर्दैन

यी माथिका बाहेक अन्य सबै कविताहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् ।

## ४.१.९ भाषाशैलीय विन्यास

बनोट निर्माण गर्ने सानासाना घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यस्ता साना घटकहरू इन्द्रिय ग्राह्य एवम् मूर्त हुन्छन् । कृतिको बाह्य तहमा

९. ऐजन ।

रहेका बुनोटहरूको योगबाट बनोटको निर्माण हुन्छ । बनोटभित्र खासगरी भाषा (सङ्केत, सङकेतित), शैलीसँग सम्बद्ध घटक वा एकाइहरू बिम्ब, प्रतीक, द्वन्द्व, लय, अलङ्कार, अग्रभूमीकरण (समानान्तरता, विचलन) प्रयुक्ति विविधता आदि पर्दछन् । भाषाशैलीय विन्यासले कवितालगायत सम्पूर्ण साहित्यिक कृतिहरूलाई विशिष्टता प्रदान गर्न महŒवपूर्ण भूमिका खेल्दछ ।[१०]

शीतविन्दुद्वारा रचित कवितासङ्ग्रह **चिता जलिरहेछ**भित्रका कविताहरूलाई अध्ययन गर्दा सरल, सहज र बुझ्न सजिलो हुने खालका कविताहरू छन् । उनका कविताहरू गद्यात्मक शैलीका छन् र भाषाशैली वर्णनपरक छ । यस सङ्ग्रहमा सङ्कलित तीसवटा कवितामध्ये 'सिस्नेको तीरैमा', 'सहिदको सन्देश' दुईवटा गीतिकविता छन् भने बाँकी कविताहरू मुक्त गद्य कविता हुन् । उनले आफ्नो कविताको सङ्ग्रह चिताजलिरहेछभित्रका कविताहरूमा तत्सम, हिन्दी, अङ्ग्रेजी र नेपाली जनजिब्रोमा प्रचलित शब्दहरूको प्रयोग गरी कवितालाई सहज र बोधगम्य बनाएका छन् ।

१) तत्सम स्रोतका शब्दहरू - अक्षता, ओठ, टीका

२) हिन्दी स्रोतका शब्दहरू - अरे, कुत्ते, नामकहराम, गन्धे

३) अङ्ग्रेजी स्रोतका शब्दहरू - बुक, ककटेल पार्टी, नाइट क्लब आदि ।

शीतविन्दुले आफ्ना कविताहरूमा बिम्ब र प्रतीकहरूको पनि राम्रो प्रयोग गरेका छन् । उनले खासगरी **महाभारत, रामायण**, पाश्चात्य साहित्यका बिम्बहरूका साथै मानवेतर प्राणीहरूलाई बिम्बको रूपमा प्रयोग गरेका छन् । उदाहरणको लागि महाभारतका बिम्बहरू जस्तै; अभिमन्यु, दुःशासन, सेनापति, कौरव, चक्रव्यूह, कुरुक्षेत्र आदि ।

त्यस्तै रामायणका बिम्बहरूमा हेर्दा : राक्षस, दानवहरू, कंश आदि । त्यस्तै पाश्चात्य साहित्यका बिम्बहरू, एन्टिनस, हर्कुलिस, मार्क्स, नेल्सन, बिन्नी आदि । यीलगायत विभिन्न खालका नेपाली बिम्ब र प्रतीकहरूको माध्यमबाट कविताहरू व्यङ्ग्यात्मक बन्न पुगेका छन् ।

शीतविन्दुका कविताहरूमा प्रश्नवाचक, विस्मयबोधक, योजक, अल्पविरामजस्ता लेख्य चिह्नहरूको प्रयोग भएको छ । उदाहरणका लागि प्रश्नवाचक चिह्नको प्रयोग भएको कवितालाई हेर्दा :

तिमी के भएछौ छोरा?

---

१०. ऐजन ।

सुकिला लुगा र पङ्खाको हावामा

तिमीले झुपडी भुल्न थालेको त हैन ?

अनि चास्नी लगाएको लागू औषधमा लट्ठ परेर

आफूलाई महलभित्र हुल्न थालेको त हैन?

(एउटा चिठीः सांसद् छोराको नाममा, पृ. ४१) ।

विस्मयबोधक चिह्न प्रयोग भएको यतिबेला गाउँमा अलिकति साँझ परेको छ शीर्षकको कवितालाई हेर्दा :

कठै ! उसको सात बर्से वच्चालाई पनि गोलीले भुटेछ

अब त गीत गाउनु पनि पाप रे !

चुइक्क गर्ने जति सबै बामेकै जात रे ! (पृ. ३८) ।

यसैगरी योजक र अन्त्यानुप्रास मिलेका यी पाइतालाका डोपहरू शीर्षक कवितालाई हेर्दा :

हो मेरो सबैथोक खोसियो- बाबु, आमा र दाजुहरू

मेरो सर्वस्व लुटियो- यौवन, रगत र मासुहरू (पृ. ३७) ।

उनका कविताहरूमा अल्पविराम चिह्नको पनि प्रयोग गरिएको छ । जस्तो चिता जलिरहेछ शीर्षक कवितालाई हेर्दा :

बेगिन्ती सपनाहरू थिए, अनगिन्ती कल्पनाहरू थिए

गाउँदै जानेछ ऊ, भाका पारौँला हामीहरू

बन्दुक दाम्ने छ ऊ, बारुद भरौँ हामीहरू (पृ. ४२) ।

शीतविन्दुका कवितामा कुनै कवितामा कहीँ कतै उद्धरण चिह्नको पनि प्रयोग गरिएको छ । जस्तो 'एउटा चिठी सांसद् छोराको नाममा' शीर्षक कवितालाई हेर्दाः

जब तिमी 'आमा' भन्दै मध्ये रातमा लुगलुग

काप्दै भित्र पस्थ्यौ

तिम्रा कट्याङ्ग्रिएका चिसा हात समाउँदा

मलाई मैरै "किस्न" फर्केर आए झैँ लाग्थ्यो (पृ. ४०) ।

शीतविन्दुले आफ्ना कवितासङ्ग्रहभित्रका कवितामा विभिन्न लेख्य चिह्न, प्रतीक र बिम्ब आदिको प्रयोग गरेर कविताको भाषाशैलीय विन्यासलाई उत्कृष्ट वनाएका छन् ।

### ४.१.१० व्याख्या तथा निष्कर्ष

**चिता जलिरहेछ** कवितासङ्ग्रहका कविताहरूलाई संरचनात्मक प्रारूपका आधारमा अध्ययन विश्लेषण विवेचना गरिसकेपछि निष्कर्षमा यस सङ्ग्रहभित्रका कविता धेरै लामा पनि नभएर धेरै छोटा पनि नभएर मझौला आकारका छन् । शीतविन्दुका कविताहरूलाई देहायबमोजिम क्रमशः निष्कर्षका रूपमा हेर्न सकिन्छ ।

उनका कविता लामोमा ११३ पङ्क्तिदेखि छोटामा ५ पङ्क्तिसम्म फैलिएका छन् र पङ्क्तिपुञ्ज १ देखि ७ सम्म फैलिएका छन् । यी कविताहरू दृश्य, प्रसङ्गमा पनि विभाजित भएका छन् । प्रसङ्गमा कुनै चिह्नद्वारा र कुनै चिह्नबिना नै विभाजित गरिएका छन् ।

उनका कविताको सङ्गठनको व्यवस्थापनमा आदि, मध्य र अन्त्यको राम्रो तालमेल मिलेको छ । उनका कविताहरू सुरुमा चिनारी, मध्यमा समस्या र अन्त्यमा निष्कर्षका रूपमा प्रस्तुत भएका छन् । कविता पढ्दै जाँदा स्थान, घटना आदि देखा पर्दै जान्छन् । क्रमशः समस्याले सताएर अन्त्यमा निचोड प्रस्तुत गरिएको छ ।

उनका कवितामा मूल भावका रूपमा राजनीतिक खिचातानीका कारण राजनीतिक द्वन्द्वले सर्वसाधारण नेपालीले भोग्नु परेका दुःखपीडा, छटपटी, समाजका विकृति, विसङ्गति, अशिक्षा, गरिबी, आर्थिक पछौटेपन, देशभक्त नागरिकहरूको निर्मम हत्या, हजारौँ नेपालीहरू घरवारविहीन हुनुपर्ने बाध्यता, सामन्ती संस्कारद्वारा अतिशय दमन, शोषण, नारीका दयनीय अवस्थाजस्ता विषयलाई मूल भावका रूपमा प्रस्तुत गरेर समस्याको समाधानको उपाय खोज्ने प्रयासमा जुटेका छन् । उनी समाजका हरेक खराब प्रवृत्तिको अन्त्य हुनुपर्छ भन्दै क्रान्तिकारी भावनालाई अघि सारेका छन् । समाजमा र राजनीतिक क्षेत्रमा देखिएका असमान परिस्थितिलाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने भाव आफ्ना कवितामा प्रस्तुत गरेका छन् । उनी कहीँ सफल हुन नसकेर निराशा भएका भाव पनि आफ्ना कवितामा व्यक्त गरेका छन् ।

उनका कवितामा स्थान, समय र परिवेशका रूपमा हाम्रा वरिपरिका दुःखद् घटना र अवस्थाको चित्रण गरिएको छ । यहाँको राजनीतिक, सामाजिक, अभाव, गरिबी, अशिक्षा, हत्याहिंसा, शोषण-दमन, पछौटेपनजस्ता विसङ्गतिबाट दुखित भएर त्यही परिवेशलाई आफ्ना कवितामा समावेश गरेका छन् । सुखद् परिवेश नभएर आफू सधैं निराश परिवेशमा गुज्रनुपर्ने अवस्थाको चित्रणका साथै शोषण र दमनका विरुद्धमा क्रान्ति गरी अन्याय अत्याचारलाई साम्य पार्नुपर्ने प्रगतिवादी विचार उनका कवितामा चित्रित भएको छ ।

उनका कविताको दृष्टिबिन्दु धेरैजसो तृतीय पुरुषात्मक रूपमा प्रस्तुत भएका छन् भने कहीँ कतै उनले प्रथम पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरेका छन् । उनले तत्कालीन समयमा नेपाली जनमानसले देखेका, भोगेका, सुनेका, पढेका विषयवस्तुलाई र कहीँ आफै, कहीँ व्यक्तिलाई तोकेर आफ्ना विचार कविताका माध्यमबाट व्यक्त गरेका छन् । शीतविन्दुका कविताहरूको मूल उद्देश्य समाजका राजनीतिक, सामाजिक, आर्थिक विकृति र विसङ्गतिलाई पर्दाफास गरेर स्वच्छ समाजको निर्माण गर्नु रहेको छ । उनका कवितामा राजनीतिक द्वन्द्वका कारण सर्वसाधारणले भोग्नु परेको दुःखपूर्ण व्यथा गरिबीका कारण नेपालीहरू जिजीविषाका लागि बिदेसिनु पर्ने बाध्यताजस्ता पछौटेपनजस्ता विषयवस्तु लिएर तिनको निर्मूल गर्नु उनका कविताको मूल उद्देश्य रहेको छ ।

उनले कविताहरूमा भाषाशैलीको विन्यास सरल, सहज र बुझ्न सकिने शब्दहरूको प्रयोग गरेका छन् । कतै अङ्ग्रेजी र तत्सम शब्दहरूको प्रयोगका साथै हिन्दी र कतै पाश्चात्य मूलका शब्दको पनि प्रयोग पाइन्छ । यी सम्पूर्ण भाषाबाट आएका शब्दहरू नेपाली भाषामा पचेका छन् । उनका कवितामा कतै प्रश्नवाचक, अल्पविराम, योजक, विस्मयादिबोधक चिह्नजस्ता लेख्य चिह्नहरूको प्रयोग भएको छ ।

शीतविन्दुले आफ्नो **चिता जलिरहेछ** सङ्ग्रहभित्रका कवितालाई ५ देखि ११३ पङ्क्तिसम्म फैलाएर विभिन्न पङ्क्तिपुञ्जमा, पङ्क्ति, प्रसङ्ग आदिमा कवितालाई विभाजन गरेका छन् । उनले कविताको सङ्गठनमा आदि, मध्य र अन्त्यको राम्रो समायोजन गरेको पाइन्छ । उनका कविताका मूल भावमा नेपाली समाजका राजनीतिक, आर्थिक र सामाजिक विषयवस्तुसँग सम्बन्धित दुःख, पीडा, छटपटी, भ्रष्ट नेताहरूको आचरण, शाषकहरूको अत्याचारणपूर्ण दमन, देशभक्त नागरिकको निर्ममपूर्ण हत्या, हजारौं घरपरिवारको बिचल्ली, नारी व्यथालाई प्रस्तुत गरेको पाइन्छ । उनका कवितामा धेरै तृतीय पुरुष दृष्टिबिन्दु र थोरै मात्र प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । परिवेशका रूपमा नेपालका विदेशी स्थान, हिजोआजको समय, व्यथा र पीडालाई समेटिएका दुःखद् वातावरणको प्रयोग भएको छ । थोरै सुखद् वातावरण प्रस्तुत गरेका छन् । ज्ञवालीका कविताको मुख्य उद्देश्य सामाजिक र राजनीतिक क्षेत्रका खराब प्रवृत्तिको अन्त्य गर्नु रहेको छ । उनका कवितामा म, हामी, तिमी, उनी, मान्छे, पशुपंक्षी, राक्षस, देवताजस्ता पात्रहरूलाई सहभागी गराएका छन् । उनले विभिन्न लेख्यचिह्नको प्रयोग गरेर आफ्ना कविताको भाषाशैलीलाई स्तरीयता दिएका छन् । त्यसैले समग्र रूपमा हेर्दा शीतविन्दुका कविता, सरल, सहज, मिठासयुक्त र स्तरीय देखिन्छन् ।

## ४.२ शीतविन्दुको 'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रहको विश्लेषण

### ४.२.१ परिचय

शतिविन्दुको दोस्रो कवितासङ्ग्रह **अस्था ओ मेरी प्रिया** (२०५९) विवेक सिर्जनशील प्रकाशन प्रा.लि. बाट प्रकाशित भएको छ । यस सङ्ग्रहमा शीतविन्दुका पहिलो कवितासङ्ग्रह **चिता जलिरहेछ**का ११ वटा कविता र २०५३ सालपछि रचिएका कविताहरू गरी जम्मा २८ वटा कविताहरू, सङ्कलित छन् । यस कवितासङ्ग्रहका सम्बन्धमा शीतविन्दु स्वयम् भन्दछन् : "यो नितान्त नयाँ कविता सँगालो भने बन्न सकेन । ६ वर्ष अगाडि निकालिएको सङ्ग्रहका केही कविताहरूलाई पनि जुन मुद्रण र वितरण व्यवस्थापनका कारण तपाईँहरू समक्ष आउन पाएनन् र यसमा दोहोऱ्याएको छु" । यस भनाइबाट के प्रस्ट भएको छ भने यस सङ्ग्रहमा **चिता जलिरहेछ** कवितासङ्ग्रहका 'बिहानीको प्रतीक्षामा', 'भञ्ज्याङको चौपारीबाट नदी', 'मलाई कुहिरो मन पर्दैन', 'मेरो जीवनमा स्वागत छ', 'म के दिउँ तिमीलाई?' 'उषा म तिमीलाई नै पर्खी बसेको छु', 'यी पाइतालाका डोबहरू', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'चिता जलिरहेछ', 'ओ यात्री' जस्ता ११ वटा कवितालाई पहिले नै विश्लेषण गरिएकोले यहाँ बाँकी कवितालाई मात्र विश्लेषण गरिएको छ । **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहको विश्लेषण पनि डा. खगेन्द्रप्रसाद लुइटेलको प्रकाशित विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण** कै आधारमा गरिएको छ ।

### ४.२.२ विभाजन

शीतविन्दुको कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया** को विश्लेषण गर्दा उनका कविताहरूको विभाजन पङ्क्ति, पङ्क्तिपुञ्ज र प्रसङ्गहरूमा गरिएको पाइन्छ । उनका कविताहरू छोटोमा १३ पङ्क्ति देखि बढीमा ८१ पङ्क्तिमा फैलिएका छन् । उनका कवितालाई लामादेखि छोटाको क्रममा तल देखाइएको छ ।

| क्र.स. | कविता | पङ्क्ति |
|---|---|---|
| १. | एकादेशमा | ८१ |
| २. | काठमाडौँ अचेल रुन छाडेको | ६४ |
| ३. | आमा र फूलहरू | ६२ |

| | | |
|---|---|---|
| ४. | कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ | ५२ |
| ५. | तिम्रा क्रान्तिको मृत्यु | ५० |
| ६. | किन रुन्छस् कान्छा, सपनाहरूको अकाल मृत्युमा? | ४९ |
| ७. | हजुरवा,! तपाइँको बटौली अहिले बुटवल बनेको छ | ४९ |
| ८. | सङ्कटकाल | ४८ |
| ९. | च्यातिएको क्यानभासमा मेरो वर्तमान | ४८ |
| १०. | आस्था ओ मेरी प्रिया | ४३ |
| ११. | हामी बेनामीहरू | ४१ |
| १२. | एका बिहानै एउटी चेली | ३९ |
| १३. | कालिघाटको पर्खाल र गङ्गा सागरका छालहरू | ३९ |
| १४. | किन मौन अचेल, रेसुङ्गा बाबा? | ३९ |
| १५. | आजभोलि मेरो निलो आकाशमा | ३० |
| १६. | उज्यालो हुनु अघि | १९ |
| १७. | बार वर्षपछि | १३ |

यस कवितासङ्ग्रहका कविताहरूमा शीतविन्दुले कहीँ चिह्नको प्रयोग गरेर र कही नगरी कवितालाई पङ्क्ति, पङ्क्तिपुञ्ज, प्रसङ्ग आदिबाट विभाजन गरेर कवितामा आफ्नो विचार व्यक्त गर्न सफल भएका छन् ।

## ४.२.३ सङ्गठन

शीतविन्दुले **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहका कविताहरूमा उनले आदि मध्य र अन्त्यको सुन्दर व्यवस्थापन गरेका छन् । उनले आफ्नो कविताको मुख्य चिनारीको रूपमा विषयवस्तु प्रस्तुत गरेपछि बीचमा जटिल समस्या उपस्थित गराएर अन्त्य भागमा त्यसको निष्कर्ष प्रस्तुत गरेका छन् । कविताहरू धेरै लामा र धेरै छोटा नभएर मध्य आकारका भएकाले उनका कवितामा सङ्गठन व्यवस्थाको प्रयोग संयोजित रूपमा भएको छ । यिनका कविताको आदि भागमा विषयवस्तुको चिनारी दिएपछि मध्य भागमा समस्याहरूको विस्तार गरिएको छ । यसै भागमा विषयवस्तुको सङ्कटावस्थालाई चरमोत्कर्षसम्म पुऱ्याई अन्त्यमा सम्बन्धित विषयको निचोड दिएर कवितालाई अन्त्य गरिएको छ । कविताको अन्त्यमा उनले समस्याको समाधानलाई आकर्षक रूपमा प्रस्तुत गरेका छन् । उनका कविताको मुख्य

उद्देश्य पनि कविताको अन्त्यमा निचोडका रूपमा उपस्थित भएर कविता आकर्षक हुँदै टुङ्गिएका छन् ।

## ४.२.४ वस्तु

शीतविन्दुका कवितामा पनि विषयवस्तुको प्रयोग गरेर मूल भावलाई दर्साइएको छ । उनका कवितामा तत्कालीन समाजका विकृति र विसङ्गति, राजनीतिका क्षेत्रमा देखिएको खिचातानी, कुर्सीको मोह, भ्रष्टाचार, प्रजातन्त्र प्राप्तिपछि पनि जनताले भोग्नु परेका दुःखपीडा, स्वार्थी र भ्रष्ट नेताहरूको चित्रण, तत्कालीन समयमा माओवादीका कारण हरेक आमाबावुका काख सन्तानरहीत र घरवारविहीन भई नग्न हुनुपरेको अवस्था, हरेक नेपालीले प्रजातन्त्र प्राप्तिपछि पनि स्वतन्त्र हुन नपाई पञ्चायती व्यवस्थाभन्दा भिन्न नभएको अवस्था, देशमा आफ्नै दाजुभाइबीच हत्याहिंसाका कारण जताततै नुनभन्दा सस्तो खुन भएको अवस्था, नारी समस्या, नारीलाई पुरुषले गरेको दुःखपूर्ण दमन, शोषण, प्रहरी दमन, सर्वसाधारण नेपालीको निर्मम हत्या, काठमाडौँ लगायत देशको दुषित वातावरणबाट विरक्ति, आर्थिक समस्याका कारण नेपाली चेली विदेशमा गई आफ्नो अस्तित्व बेच्नु पर्ने बाध्यता, देशमा रहेको अशान्ति, कोलाहलजस्ता विषम परिस्थितिले गर्दा बेचैन अवस्थाको सृजना भएको कुराको उल्लेख उनका कवितामा गरिएको छ । उनका कविताको शीर्षकसँग धेरैजसो कवितामा मूल भाव मिल्न गएको छ । शीतविन्दुले आफूले सामाजिक र राजनीतिक क्षेत्रमा देखेका, भोगेका, सुनेका विषयवस्तुलाई कविताको माध्यमबाट समस्याको निराकरण गर्न आफ्ना भावनालाई सुन्दर रूपमा पोखेका छन् । उनका कवितामा नेपालीका विविध समस्या, नारी पुरुषबीचको भेदभाव, देशको विषम परिस्थितिले व्याकुल मनका छटपटीलाई अनुभव गर्दै उचित समाधान हुनुपर्ने कुरा प्रस्ट पारेका छन् । उनको **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहको विश्लेषण गर्ने क्रममा यहाँ शीर्षक र मूल भावलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | मूलभाव |
|---|---|---|
| १. | एकाविहानै एउटी चेली | नारी युगौदेखि परम्पराका साङ्लामा बाँधिएर संङ्कीर्णताका पर्खालभित्र पुरुषप्रधान समाजले बनाएको पिँजडाभित्र आफ्नै घर-आँगनमा कैदी भएर बाँच्न बाध्य भएका कारण नारी जाति आफ्नो स्वतन्त्र हक र अधिकारका लागि उठ भनिएको छ । |

| | | |
|---|---|---|
| २. | हजुरबा ! तपाईंको बटौली अहिले बुटवल बनेको छ | आधुनिक विकासका नाममा नेपाली सामाजिक राजनीतिक, सांस्कृतिक र अन्य क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रकट गरिएको छ । विकासका नाममा धुलो र धुवाँ उडाउँदै यातायातका साधनहरू गुडिरहेका छन् । भित्ताभित्तामा देशभक्तिका नाराका नाममा नायकनायिकको पोस्टरहरू टाँसिएका छन् । महँगा बोर्डिङ्ग स्कुल दैलोदैलोमा खोलिएका छन् तर शिक्षाका नाममा "राजा महेन्द्रले पञ्चायती प्रजातन्त्र ल्याइबक्स्यो" भन्ने आधुनिक शिक्षा विद्यार्थीलाई बाँडिएको छ । हाम्रा दिदीबहिनीका दिनहुँ अस्तित्व खुलेआम रूपमा लुटिएका छन् । नरहत्या दिनहुँ भइरहेको छ । यहाँ नुनभन्दा खुन सस्तो छ । देश र जनताका लागि जिउ ज्यान दिएर आफूलाई सहिद बनाउने वीरयोद्धाहरूका सपनालाई आज धुलो र धुवाँले पुरिएको छ । विकासका नाममा पुराना मूल्य, मान्यता र संस्कारहरू हराउँदै गएका छन् भनिएको छ । |
| ३. | सङ्कटकाल | केही समय अगाडि माओवादीलाई दबाउने नाममा मुलुकभर लगाइएको सङ्कटकालको तीतो यथार्थलाई यहाँ देखाइएको छ । सङ्कटकाल रोगीहरूका लागि, बुढाबुढीहरूका लागि र सामान्य जीवननिर्वाह गरी गुजारा चलाउनेहरूका लागि महाकाल बन्यो । जनताले भोगेको त्यो महाकालभित्रको छटपटी, चित्कार, त्रासदी र आतङ्कलाई यहाँ व्यक्त गरिएको छ । |
| ४. | वाह्र वर्षपछि | वर्तमान नेपाली समाज जताततै सन्त्रास छ, मारामारा छ, यही आतङ्क र भयका कारण हरेक नेपाली घरवारविहीन अवस्थामा पुगेका छन् । उनीहरूका घरआँगन आज उजाड, बिराना र डरलाग्दा बनेका छन् । जताततै फलामेबार र पर्खालहरू बिछ्याइएको छ । बाह्र वर्षमा त खोलो पनि फर्किन्छ भन्थे पुर्खाहरू तर आज वाह्र वर्ष अगाडि ढुङ्ग्रामा राखिएको |

| | | |
|---|---|---|
| | | कुकुरको पुच्छर बाह्र वर्ष पछिसम्म पनि जस्ताको तस्तै छ । किनकि वाह्र वर्ष अगाडिको शासन व्यवस्था र वाह्र वर्षपछि प्रजातन्त्रप्राप्तिको अवस्थामा गरिएको शासन व्यवस्थामा कुनै परिवर्तन आएको छैन भन्दै इमानका घाँटीमा नेल लगाइएको छ र बेइमानका घाँटीमा विजयका मालाहरू पहिर्‍याइएको छ भनिएको छ । यसरी हामीले स्वतन्त्रताका लागि फलामेबार र काँढेतारहरू तोड्नुपर्छ । नयाँ क्षितिजको खोजीमा उठ्नुपर्छ भनिएको छ । |
| ५. | कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ | स्वतन्त्र राजनीतिका नाममा सत्ता प्राप्तिका लागि भ्रष्ट नेताहरूले देखाएको तुच्छ प्रवृत्तिको चित्रण यस कवितामा देखाइएको छ । प्रजातन्त्र आए पनि शासकहरूको शासन व्यवस्थामा कुनै परिवर्तन नआएको र सत्ता प्राप्तिपछि नेताहरू देश र जनताको विकासमा नलागि आफ्नो स्वार्थ पूर्तितर्फ लागेको नेताको दुश्प्रवृत्तिको चित्रण यस कवितामा गरिएको छ । |
| ६. | किन मौन अचेल रेसुङ्गाा बाबा | देश सधैँ हत्या, हिंसा, आतङ्कले गर्दा शून्य उजाड रणभूमि बनेको छ र पनि मानिस जिन्दगीसँग हरेस नखाई भोलिको सुन्दर बिहानीका लागि मौन भएर निरन्तर रूपमा सङ्घर्ष गरिरहेका छन् भनिएको छ । |
| ७. | किन रुन्छस् कान्छा, सपनाहरूको अकाल मृत्युमा? | युगौंदेखि अन्याय र अत्याचार सहेर आफ्ना सपनाहरूलाई पूरा गर्ने आकांक्षा बोकेर भीरको सालझैँ हाम्रा पुर्खाहरू अडिक रहेका छन् । किनकि पुराना पात झरेर पनि भोलि नयाँ सुनौलो बिहानी लिएर दिन आउने छ । त्यस कारण अतीत सम्झदै जिन्दगीबाट नथाकी शोकको घुम्टो पन्छाएर सुन्दर भविष्यको आधारनिर्माण गर्नका लागि सम्पूर्ण नेपालीहरू एक भएर उठ भनिएको छ । |
| ८. | हामी बेनामीहरू | राष्ट्र र राष्ट्रियताका लागि ज्यानको बलिदान दिने वीरहरू आज बेखबर अवस्थामा छन् । तिनीहरूको कुनै अस्तित्व छैन । |

| | | |
|---|---|---|
| | | देश र जनताको स्वतन्त्रताका लागि क्रान्ति गरी शान्ति ल्याउन अनेक सङ्घर्ष गर्छौं तर हाम्रो कुनै नाम छैन । बस्ने ठाउँ छैन । आफ्नो भन्ने गाउँ छैन । केवल हामी थोकमा र खुद्रामा बेचिन्छौँ । हाम्रा सपनाहरू अधुरै अवस्थामा रही अन्त्यमा हाम्रो अस्तित्व मेटिँदै जान्छ । हो आज देशको निम्ति बलिदान दिने कतिपय नेपाली आमाका सन्ततिहरू यस्तै बेनामी अवस्थामा अलपत्र छन् भनिएको छ । |
| ९. | तिम्रो क्रान्तिको मृत्यु | क्रान्ति र मुक्ति जनताको लागि हो यो कसैको व्यक्तिगत चाहना र इच्छामा सीमित छैन । केही समयअघि माओवादीहरूले जनयुद्ध सुरु गर्दा उनीहरूभित्र क्रान्तिकारीपन थियो । उनीहरूभित्र भएको जनताप्रतिको इमान र क्रान्तिप्रतिको निष्ठा प्रशस्त भए पनि हाल उनीहरूमा त्यसको अभाव देखिएकोले माओवादीहरूको क्रान्तिरङ पहेँलिँदै मृत्यु हुने प्रखर सम्भावना रहेको छ र माओवादीहरूको स्वच्छ क्रान्तिको मृत्यु भई आतङ्क र सन्त्रासपूर्ण क्रानितले देशमा मारामार भएको छ । सच्चा क्रान्तिको जन्म त माओवादीको वर्तमान स्थितिमा छैन भनिएको छ । |
| १०. | उज्यालो हुनुअघि | देशमा प्रजातन्त्र ल्याउन अनेक किसिमका हत्या, हिंसा, आतङ्कहरूलाई आत्मसाथ गरेर हाम्रा अग्रजहरूले आफ्नो ज्यानको बलिदानी दिए । प्रजातन्त्र आए पनि देशको शासन व्यवस्थामा कुनै परिवर्तन आएन । शासकहरूले अझै पनि पुरानै नीतिनियमअनुसार शासन सञ्चालन गरेको र उनीहरूमा कुनै सुनौलो परिवर्तन नआएको भनेर व्यङ्ग्य गरिएको छ । |
| ११. | च्यातिएको क्यानभासमा मेरो वर्तमान | वर्तमान अवस्थामा आफ्नो जीवनको कुनै महŒव नभएको आफ्ना जिन्दगीका हरेक इच्छा चाहना धुजाधुजा भई मूल्यहीन अवस्थामा पुगेका दुःखद् घटनाको चित्रण गरिएको छ । यसरी अनेक प्रसव पीडा पार गरी बच्चा जन्माइसकेकी आमाझैँ केही समयपछि उज्यालो हुने झिनो आशामा मेरो वर्तमान जीवन |

| | | |
|---|---|---|
| | | लथालिङ्ग, टुक्रैटुक्रा भएर बितेको छ भनिएको छ । |
| १२. | आजभोलि मेरो निलो आकाशमा | तत्कालीन समयमा नेपाली समाजमा राजनीतिका नाममा विद्रोह गरी सत्ता आफ्नो हातमा लिन कतिपय दलहरूले गरेको हत्या, हिंसा, आतङ्कको यथार्थ चित्रण यस कविताका माध्यमबाट कविले देखाएका छन् । यसरी क्रान्तिका नाममा समाजलाई पुरानै संरचनामा राखी आफ्नो स्वार्थ पूरा गर्न दलहरू हत्या, हिंसा मच्चाएर सत्ताप्राप्तिका लागि अग्रसर भएका छन् भनिएको छ । |
| १३. | आमा र फूलहरू | द्वन्द्वबाट आफ्नो सहारा गुमाएकी एक अवला नारीले आफ्नो कलिला सन्तानको लालनपालनका लागि अर्काको घरमा जुनसुकै बेला पनि दासी हुनुपर्ने बाध्यता छ तर पनि दिनरात नभनी आफ्नो पसिना बगाएर मजदुरी गरी जीवनयापन गर्ने वीरहरूका सन्तान खान नपाएर बिचल्लीमा परेका छन् । आजको द्वन्द्वबाट आमाबाबु गुमाएका यी बेसाहारा बच्चाहरूलाई सान्त्वनासम्म दिने कोही छैन । यी फूलरूपी बच्चाहरूको भविष्य अब कता? जसका आमाबावुले देश र जनताका लागि पसिना मात्र हैन ज्यान गुमाउन पछि परेनन् भनिएको छ । |
| १४. | काठमाडौँ अचेल रुन छाडेको छ | राजनीति गर्ने नेताले प्रजातन्त्र प्राप्तिपछि देशमा विकास गर्छु भनेर सत्ता र अधिकार आफ्नो हातमा लिएपछि देश र जनताको वेवास्ता गरिएको स्थिति यस कविताका माध्यमबाट व्यक्त गरिएको छ । देशमा प्रजातन्त्र आयो तर देश र जनताको सेवामा वेवास्ता गरी आफ्नो स्वार्थपूर्तिमा नेताहरू तल्लीन रहेको, विकासका नामकमा बजेटहरू निकालेर ऐस, आराम, मोजमज्जामा नेताहरू लागेको, विकट गाउँका जनताको दुःख, पीडा, पत्रपत्रिकामा मात्र सीमित राखिएको, गाउँका जनता एकछाक खान र एकथोपा पानी पिउन नपाई छटपटिएका छन् तर देश र गाउँको विकास गर्छु भनि अधिकार पाएपछि आफ्ना |

| | | |
|---|---|---|
| | | आमाबाबु, दिदीबहिनी र घरपरिवारलाई समेत बिर्सी नेताभनाउँदाहरू ऐसआराममा व्यस्त छन् । उनीहरूलाई भोकतिर्खाले गाउँपाखा रोएको खबर सुन्नसम्म फुर्सद छैन भनिएको छ । |
| १५. | आस्था ओ मेरी प्रिया | 'आस्था' शब्दको अर्थ हो दिलैदेखि जागेको विचार भरोसा, त्यसकारण आस्था कविको सबैभन्दा प्रिय नाम पनि हो । **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहको नाम राखेर कविले यस सङ्ग्रहमा दुईचारवटा कवितामा आस्था प्रकट गर्ने काम गरेका छन् । आस्थाको नामका मानिसले आफ्नो जीवन अपूर्ण राख्दछ । त्यसकारण आस्था हराउँदै गएको वर्तमान समयसँग उनी दुःखी छन् । उनलाई डर पनि छ । कतै जीवित आस्थाहरू विस्तारै लोप हुँदै त जाने होइनन् भन्दै आस्थामा दृढ रहनु पर्ने भाव व्यक्त गरेका छन् । |
| १६. | कालीघाटको पर्खाल र गंगासागरका छालहरू | नेपालीहरू आफ्नो जीवनको प्रवाह नगरी दिनरात रोजीरोटीका लागि आफ्नो अस्तित्व बेच्न बाध्य छन् । यो कालीघाटमा त मानिसका देहहरू जल्नुपर्ने हो तर यहाँ देह नभएर नेपाली चेलीहरूको कौमार्य जल्ने गर्छ । देह जल्दा त खरानी हुन्छ तर यहाँ तनमन जल्दा पानी (आँसु) भएको छ । नारीहरू भोलिको जाउलोको लागि यही कालिघाटमा रमिते बनेर, तमासे बनेर बाँच्न बाध्य छन् । यसरी नारीशोषण र दमनको भावनालाई एकातिर देखाइएको छ भने अर्कोतिर नारी आफैमा स्वतन्त्र शिक्षित नभएका कारण यस्तो तुच्छ पेसा अगाल्न बाध्य छन् भनिएको छ । |
| १७. | एकादेशमा | तत्कालीन समयमा नेपाली समाजमा माओवादीले सर्वसाधारण जनतामाथि देखाएको उग्र प्रवृत्तिलाई मूल विषय बनाई देशमा प्रजातन्त्र आए पनि शासन व्यवस्थामा कुनै परिवर्तन आएको छैन । हरेक गाउँपाखा, घर-आँगन उजाड, मसानघाटसरह रणभूमिमा परिणत भएका छन् । सर्वसाधारण जनताले एक |

| | | |
|---|---|---|
| | | छाक खान र एक भुत्रो लगाउनसम्म त्रास छ । आज रात परे भोलिको उज्यालो देख्ने हो होइन भन्ने अवस्थामा जनता छन् । हरेक दिदीबहिनीका सिन्दुर पुछिएको छ । हरेक आमाबाबुका आशाहरू निराशामा परिणत भएका छन् । देशमा हत्या, हिंसा र आतङ्क झन् मौलाउँदै गएको छ । सुन्दर भविष्यको सपना देखेका युवायुवतीका इच्छाहरू अन्धकारमा परिणत भएका छन् । एकादेशमा त एउटालाई मात्र रिझाए पुग्यो यहाँ त दुई थरी राजा छन् । एउटालाई खुसीपारे अर्को आगो बन्छ । अर्कोलाई खुसी पार्दा अर्को चिहान खन्छ भनिएको छ । एकातिर माओवादीको दबाब अर्कोतिर प्रहरी दमनले गर्दा जनता दुई ढुङ्गाबीचको तरुल भई बाँच्नु परेको दुःखद् स्थितिलाई यहाँ चित्रण गरिएको छ । |

**आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रह भित्रका कविताहरूलाई उदाहरणको रूपमा यसरी देखाइएको छ ।

नारी युगौंदेखि परम्पराका साङ्लामा बाँधिएर पुरुषप्रधान समाजमा शोषित भएर बाँच्न बाध्य छे भन्दै नारीजातिको शोषणको चित्रण र त्यसको विरोध उनका कवितामा पाइन्छ । पुरुषप्रधान समाजमा नारीजातिले भोग्नु परेको पीडालाई शीतविन्दुले 'एकाबिहानै एउटी चेली' नामक कवितामा यसरी देखाएका छन्:

हराएछन् लोग्नेका ती मायालु आँखाहरू
बिलाएछन् सासुका ती गुलीया भाखाहरु
फेरि पनि रगतको पोखरीमा छोरी नै देखेर
सल्किएछ डढेलो दन्किएछ ज्वाला
कुन जुनीको पापले चेली
आज फेरि भोकोपेट खोल्सी तर्‍यौ?
भन त चेली
आज फेरि किन रगत बगाउँदै जङ्गलबाट फर्कियौ ? (पृ. २९) ।

आधुनिक विकासका नाममा मानिसले पुराना मूल्य, मान्यता, संस्कार र परम्परालाई कुल्चेर समाजमा विकृति र विसङ्गति मच्चाइ रहेको तीतो यथार्थलाई शीतविन्दुले 'हजुर

बा! तपाईंको बटौली अहिले वुटवल बनेको छु' नामक शीर्षकको कवितामा यसरी देखाएका छन् :

बोधीवृक्ष टुक्रायाएर जापान पुऱ्याउँछ
र कोठामा बोन्साई सजाउँछ बुटवल
बहिनीको चीर हर्छ, बालाहरू अपहरण गर्छ
मध्यदिउँसमै विरोधीलाई गिंड ! डुक्रिन्छ बुटवल
बर्दीको रोहवरमा रात-रातभर उफ्रिन्छ बुटवल
बगाएर गुन्युचोलीहरू तिनाउमा
घुँडा माथि-माथि स्कर्ट भिरेर हिड्छ बुटवल
त्यस्तो पाखे कहाँ छ र हजुरबा !
पुरानो टालो हालेर नयाँ पाइन्ट माथि
मुन्द्री हाल्न कान चिरेर हिँड्छ बुटवल । (पृ. ३२) ।

शीतविन्दुका कवितामा नेपालीहरू गरिबीले सताइएका र आफ्ना पीरमर्काहरू भन्ने ठाउँ नपाएका पीडित अवस्थाको चित्रण पाइन्छ । उनी आफ्ना देशमा भएका निरीह गरिबको भलाइका लागि आवाज उठाउँछन् । देशमा बढ्दै गएको भ्रष्टाचारको कारण कैयौं नेपालीहरू गरिबीको रेखामुनि परेको कुरालाई कविले 'यतिवेला गाउँमा अलिकति साँझ परेको छ' नामक शीर्षकको कवितालाई हेर्दा

हत्केलामा राखेर ज्यानलाई
राँको बोकेर भीर मौरीको गोला भ्कोस्दा
कसैले पनि सोचेको थिएन
मह जति माउरवानेकै सत्र पर्ला भनेर
बोकेर घन र भ्याम्पलहरू
कुलो बनाउन पाताले पहरो फोर्दा
कसैलाई पनि लागेको थिएन
आफ्नो घरमा अनिकालको वज्र भ्कर्ला भनेर
कति सपना थिए खुसीयालीका
यतिबेला चल्लाको वथानमा नयाँ बाज भ्करेको छ
यतिबेला गाउँमा अलिकति साँझ परेको छ । (पृ. २२) ।

देश र जनताको स्वतन्त्रताका लागि लड्ने सहिदहरू आज वेखवर वेवारिसे अवस्थामा पुगेका छन् भन्ने भावलाई कविले 'हामी बेनामीहरू' शीर्षकको कवितामा यसरी देखाएका छन् :

हाम्रो कुनै नाउँ छैन
बस्ने कुनै ठाउँ छैन
आफ्नो भन्ने गाउँ छैन
झरेका पातहरूले जस्तै
हुरीलाई पछ्याउँछौं
र फालिन्छौं कुनै पखेरामा
'क्रान्ति'को नाममा
'शान्ति' को नाममा
सनाखत हुन नसकेका वेवारिसेहरू
नाम नजुरेका हामी बेनामीहरू । (पृ.. ५०) ।

देशमा प्रजातन्त्र आए पनि शासकहरूको शासन व्यवस्थामा कुनै परिवर्तन आएको पाइँदैन । दलहरू पुरानै नीतिनियमअनुसार शासन सञ्चालन गरेको र सुनौलो परिवर्तन देशमा अझै पनि नआएको भन्दै कवि शीतविन्दुले 'उज्यालो हुनुअघि' नामक शीर्षकको कवितामा व्यङ्ग्य गरेका छन् । जस्तैः

धेरै ताराहरू झरे सगरबाट
धेरै मोतीहरू खसे नजरबाट
बारम्बार ढोकाहरू फोड्दै
तारन्तार आस्थाहरू तोड्दै
धेरै जल्लादहरू पसे डगरबाट
उज्यालो हुनु अघि
हो, उज्यालो हुनु अघि धेरै मलामीहरू गुज्रिए बगरबाट (पृ. ४०) ।

द्वन्द्वबाट आफ्नो सहारा गुमाएकी एक अवला नारीले आफ्ना कलिला सन्तानको लालनपालनका लागि अर्काको घरमा जुनसुकै बेला पनि दासी बन्न पुग्नु पर्ने तर पनि दिनरात नभनी आफ्नो पसिना बगाएर मजदुरी गरी जीवनयापन गर्ने वीरहरूका सन्तान

आज रित्तो पेट लिएर नग्न अवस्थामा छन् भन्ने भाव 'आमा र फूलहरू' नामक शीर्षकको कवितामा कविले यसरी देखाएका छन् । जस्तै :

राँकिदै गएको गर्मी
रात्तिदै गरेका मालिक आँखाहरू
निसहाय एउटी विधवा
चारैतिर तेर्सिका तिखा काँडाहरू
सान्त्वनासम्म दिन नसक्ने
रातापहेँला फूलहरू
डुब्दै गरेको घाम
रक्तिम भइरहेको आकाश
बिरानिँदै गरेको याम
टुट्दै गरेको विश्वास
उजाड आँगन, नाङ्गा नानीहरू
भग्न हृदय, सर्न्तत आमा
सुन्दर बगैँचा, संतृत्त फूलहरू (पृ. ४८) ।

## ४.२.५ सहभागी र सहभागिता

शीतविन्दुको कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया**का कवितामा विभिन्न प्रकारका व्यक्ति, चराचुरुङ्गी, पशुपंक्षी, मानवीय र मानवेतर प्राणीहरू सहभागिताका रूपमा आएका छन् । ती पात्रहरूलाई कविताका शीर्षकअनुसार निम्नबमोजिम प्रस्तुत गरिएको छ :

| क्र.सं | शीर्षक | पात्र |
|---|---|---|
| १. | एकाबिहानै एउटी चेली | नानी, बाला, चेली, लोग्ने, सासु, छोरी, मुसाका छाउरा, पापीहरू |
| २. | हजुरबा ! तपाईंको बटौली अहिले बुटवल बनेको छ | हजुरबा, ऊ, आमा, कुखुरा, बोँसाइ, बहिनी, बालक, विरोधी |
| ३. | कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ | कमरेड, म, जेठी भाउज्यू, कान्छी भाउज्यू, महिला, कार्यकर्ता, श्रीमती, अग्रवालजी, राणाजी |
| ४. | आजभोलि मेरो निलो आकाशमा | सूर्य, जमातहरू, लाटोकोसेराहरू, खुनीहरू, |

| | | |
|---|---|---|
| | | चमेराहरू, अपशकुनी |
| ५. | आस्था, ओ मेरी प्रिया | तिमी, मान्छे, कालिदास, इमानहरू, प्रिया |
| ६. | उज्यालो हुनुअघि | जल्लादहरू, मलामी, कंश |
| ७. | सङ्कटकाल | बाबा, तिमी, आमा, सुरक्षाकर्मी, प्रिया, साथी |
| ८. | तिम्रो क्रान्तिको मृत्यु | सिद्धार्थ, राहुल, यशोधरा, हामी, साथी, तिमी, आमा, गिद्धहरू |
| ९. | आमा र फूलहरू | येमान, नानीहरू, आमा, कान्छु र सानीहरू, मालिक |
| १०. | हामी बेनामीहरू | हामी, जर्साप, आमा |
| ११. | काठमाडौँ अचेल रुन छाडेको छ | हामी, जन्ती, मलामी, आमा, मुना |
| १२. | किन मौन अचेल, रेसुङ्गा वावा? | रेसुङ्गा बाबा, अर्जुन, चेली, मान्छेहरू, तिमी |
| १३. | च्यातिएको क्यानभासमा मेरो वर्तमान | कोपिला, आमा, चेली, येमान, विधुवा, कलाकार, आमा, म |
| १४. | किन रुन्छस् कान्छा, सपनाहरूको अकाल मृत्युमा? | कान्छा, जेठी आमा, वबनी,नायकहरू, ज्यानमारा |
| १५. | कालीघाटको पर्खाल र गंगा सागरका छालहरू | वेली, चमेली, सीता, ठूली, उजेली, रीता, गोरी, छोरी |
| १६. | बाल्ह वर्षपछि | पुर्खा, इमान, येमान, बेइमान |
| १७. | एकादेशमा | बाघ, चेली, बाला, छोरा, राजा, गाउँलेहरू, उनीहरू, हामी, आमा, म, बुढी, राक्षस, बहिनी |

शीतविन्दुले **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहका कतिपय कवितामा आफू सहभागी भएर कविताको रचना गरेका छन् भने कतिपय कवितामा मानवीय र मानवेतर लगायतका प्राणीहरूलाई सहभागी गराएर कविताको रचना गरेको पाइन्छ । कवि शीतविन्दुका कवितामा प्रयोग गरिएका सहभागीहरू चरित्रचित्रण गर्ने उद्देश्यले नभई मूल भावलाई चित्रण गर्ने उद्देश्यले आएका छन् ।

### ४.२.६ परिवेश

**आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहमा नेपाली समाजका विभिन्न ठाउँका साथै विदेशी परिवेशलाई कतै छिटफुट रूपमा चित्रण गरिएको पाइन्छ । यस कवितासङ्ग्रहका कवितालाई शीतविन्दुले परिवेश निम्न प्रकारले देखाएका छन् :

| क.सं. | कविता | स्थान | समय | वातावरण |
|---|---|---|---|---|
| १. | एकाबिहानै एउटी चेली | ह्यालखालभित्रको कोठा, जङ्गल, आँगनको डिल | औँसीको रात, एकाबिहानै, आज, अब, बेला | नारीले मानसिक र शारीरिक यातना भोग्न बाध्य यहाँको दु:खद् परिवेशमा तिमी नारी हिंसा, अत्याचार, दमनका विरुद्धमा आवाज उठाउँदै सुखद् क्षण लिएर आऊ भनिएको छ । |
| २. | हजुबा तपाइँको बटौली अहिले बुटवल बनेको छ | उकाली, बुटवल, जितगढी, कोठा, चोक, चौराहा, घर, सुनौली | आधुनिक बेला, अतीतु, कुखुराको डाँको, महिनै पिच्छे | आधुनिक विकासका नाममा तत्कालीन समयका मानिसले आफ्नो संस्कार, रीतिथिति, र पुराना मूल्यमान्यतालाई कुल्चिदै जताततै हत्या, हिंसाजस्ता व्यवहार देखाइएको दु:खद् परिवेशको चित्रण गरिएको छ । |
| ३. | कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ | आकाश, फुटपाथ, मञ्च, भुइँ, झुपडी, गाउँ, पसल | कहिले, रात, बिहान, साँझ, अचेल, धेरै पटक | सत्ता प्राप्ति पछि नेताहरू देश र जनताको विकासमा नलागी आफ्नो स्वार्थपूर्तिमा व्यस्त रहेको दु:खद् परिवेशको चित्रण यस |

| | | | | |
|---|---|---|---|---|
| | | | | कवितामा गरिएको छ । |
| ४. | आजभोलि मेरो निलो आकाशमा | आकाश, धर्ती, वादल, वञ्जर, डाँडो, खानी, घर | नेपथ्य, काला रातहरू, अलिकति, दिउँसो, रात, अबेर | क्रान्ति गरी प्रजातन्त्र ल्याए पनि नेताहरूले सत्ता प्राप्तिपछि समाजका नीतिनियमलाई पुरानै संरचनामा राखेर आफ्नो स्वार्थपूर्तिमा लागि परेको दुःखद् वातावरणको चित्रण गरिएको छ । |
| ५. | आस्था ओ मेरी प्रिया | बस्ती, भान्सा, गोरेटा, संसार, बाटो, जङ्गल, बल्खुखोला, दरबार | बेला, अचेल, बारमासे, जमाना, यतिबेला, अँध्यारो, दिन, इतिहास, मध्यरात | तत्कालीन समयमा जमाना फेरिएका कारण दिउँसै मानिस मासिनका भीडमा एक्लै भएको दुःखद् परिवेशको चित्रण गरिएको छ । |
| ६. | उज्यालो हुनु अघि | सगर, ढोका, बगर | उज्यलो हुनु अघि, रात | देशमा प्रजातन्त्र आए पनि जनताको हक र अधिकार अझै स्वतन्त्र रूपमा प्राप्त नभएको, अझै शासकहरूको शासन गर्ने शैली पुरानै भएको दुःखद् परिवेशको चित्रण छ |
| ७. | किन मौन अचेल, रेसुङ्गा बाबा | रेसुङ्ग, धवलागिरि, बडिगाड, पखेरा, उकालो, आरोलो, देश, फाँटहरू | अचेल | जस्तोसुकै दुःखपीडा आइ परे पनि मानिस आफ्नो जिजीविषाका लागि मौन भएर सङ्घर्ष गर्नु पर्ने र स्वतन्त्रताका लागि सबै एक भएर उठ भन्दै सुखद् |

| | | | | |
|---|---|---|---|---|
| | | | | परिवेश ल्याऊ भनिएको छ । |
| ८. | किन रुन्छस् कान्छा, सपनाहरूको अकाल मृत्युमा | पिँढीमा, बस्ती, घर, भीर, खेत | सिङ्गो युग, यतिबेला, भविष्य | अतीत सम्झँदै जिन्दगीबाट नथाकी शोकको घुम्टो पन्छाएर सुन्दर भविष्यको आधार निर्माण गर्न उठ भन्दै सुखद परिवेशको सिर्जना गर भनिएको छ । |
| ९. | बाऱ्ह वर्षपछि | टुँडिखेल, बाटो, मसानघाट, बस्ती, आँगन, जतातत्तै | बाऱ्ह वर्ष, अचेल | यहाँबाट शान्ति हरायो आँगनमा पनि मृत्युले आतङ्क लिएर आएपछि देश कुरुक्षेत्र बनेको र यहाँका जनता मसान बनेका छन् भन्दै दु:खद् परिवेशको चित्रण गरिएको छ । |
| १०. | एकादेशमा | बस्ती, जङ्गल, गाउँ, आँगन, घर | हरेक रात, यतिबेला, आज, एकदिन, भविष्य, भोलि, प्रभात, अझै | अशान्तिले जिन्दगी नै कुरुक्षेत्र भएर कोलाहल वातावरणमा दु:खद् परिवेशको चित्रण गरिएको छ । |
| ११. | कालीघाटको पर्खाल र गंगा सागरका छालहरू | कालीघाट, गंगासागरको तट, माटो | साँझ, बर्सौदेखि | नारीले जिजीविषाका लागि आफ्नो अस्तित्व बेची शारीरिक यातना भोग्न बाध्य यहाँको दु:खद् परिवेशको चित्रण गरिएको छ । |
| १२. | तिम्रो क्रान्तिको | दरबार, वनबास, | मध्यरात, दिन | माओवादीहरूले जनयुद्ध |

| | | | | |
|---|---|---|---|---|
| | मृत्यु | सडक, सहर, गाउँ, पिँढी | | सुरु गर्दा जनताप्रतिको इमान र क्रान्तिप्रतिको निष्ठा प्रशस्त भए पनि हाल उनीहरूमा त्यसको अभाव भएको दु:खद् परिवेश पाइन्छ । |
| १३. | आमा र फूलहरू | दैलो, ढोका, बगैँचा, बिस्तरा, पिँढी, आकाश, आँगन, पखेरा, धर्ती | मिर्मिरे, विहानी साँझ, भोलि, आज, कहिल्यै | पुरुष अहङ्कारको शिकार भएर घोर अन्यायमा कति बस्नें नारीले हिंसाविरुद्ध आवाज उठाउनुपर्छ त्यसैले यातना झेल्नु हुँदैन भन्दै युद्धको पिपासुबाट फुल्न लागेका कोपिला बालकहरूको संरक्षण गर्नुपर्ने परिस्थितिको चित्रण गरिएको छ । |
| १४. | सङ्कटकाल | फूलवारी, मुलुक | अहिले, अचेल | माओवादीलाई दबाउने नाममा सरकारद्वारा लगाइएको सङ्कटकाल सर्वसाधारणका लागि महाकाल बनेको दु:खद् परिवेशको चित्रण गरिएको छ । |
| १५. | हामी बेनामीहरू | ठाउँ, गाउँ, पखेरा, झुपडी छानाहरू सिँढीहरू, छिडी, भुइँ | कहीँ उज्यालो | देश र जनताका लागि जिउज्यान अर्पण गर्ने व्यक्तिहरू आज बेवारिसे अवस्थामा बिना नाम अलपत्र भएको दु:खद् |

| | | | | |
|---|---|---|---|---|
| | | | | परिवेशको चित्रण गरिएको छ । |
| १६. | काठमाडौं अचेल रुन छाडेको छ | काठमाडौँ, मञ्च, पसल, दौंधा, हुम्ला, पाल्पा, राप्ती, सेती गाउँ | हिजो, अचेल, हरेक रात | नेपालको तत्कालीन विकासको अवस्था हेर्दा राणा-शासन, पञ्चायतभन्दा पनि जनताको बलिदानले ल्याएको प्रजातन्त्रमा झन् तल्लो स्तरको दुःखद् अवस्था देखिएको पाइन्छ । |
| १७. | च्यातिएको क्यान भासमा मेरो वर्तमान | सडक, पखेरामा घर, धौलेघर, आकाश, छाना | वर्तमान, दिन, उज्यालो | आफ्नो जिन्दगी मूल्यहीन, अर्थहीन भई जीवनमा हरेक चाहना धुजाधुजा भएको दुःखद्को परिवेशको चित्रण गरिएको छ । |

शीतविन्दुको दोस्रो कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया** (२०५९) का कवितामा प्रयोग गरिएको परिवेश सम्पूर्ण स्थानको चित्रण गर्ने उद्देश्यले नभई मूल भावलाई चित्रण गर्ने उद्देश्यले प्रयोग गरिएको छ । यस सङ्ग्रहभित्रका कवितामा सुखद्भन्दा दुःखद् परिवेश बढी आएको छ । किन कि तत्कालीन समयमा देशमा बढेको हत्या, हिंसा, आतङ्कलगायत राजनीतिक क्षेत्रमा देखिएका विसङ्गतिलाई कवि शीतविन्दुले यथार्थ रूपमा जस्ताको तस्तै प्रयोग गरी कविताको रचना गरेका छन् । उनका यस सङ्ग्रहका समग्र कवितालाई हेर्दा सुखद् नभई दुःखद् परिवेश नै बढी चित्रण गरिएको छ । त्यसमा पनि सामाजिक, राजनीतिक विकृति, विसङ्गति, शोषण र दमन, राजनीतिक द्वन्द्वले सर्वसाधारण मानिसले भोग्नु परेका दुःख, पीडा, छटपटी मुख्य रूपमा प्रस्तुत गरेर दुःखद् परिवेशको उल्लेख गरिएको छ ।

## ४.२.७ उद्देश्य

शीतविन्दुको कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया**का कविताहरूको अध्ययन र विश्लेषण गर्दा उनका कवितालेखनको मुख्य उद्देश्य समाजका राजनैतिक, आर्थिक, सामाजिक विकृति र विसङ्गति अनि राजनीतिक द्वन्द्वका कारण नेपाली नारीले झेल्नु परेका

दुःख, पीडा, पुरुषले नारीलाई दिएका मानसिक, शारीरिक यातनाहरूको पर्दाफास गरिएको छ । नारीको अस्तित्वमाथि प्रश्न उठाएर समस्याको समाधानका लागि बाटो पहिल्याउने जमर्को उनका कवितामा पाइन्छ । समाजमा राजनीति द्वन्द्वले हरेक नेपालीले भोगेका दुःख, कष्ट, पीडा, भ्रष्टाचार, शोषण, दमनजस्ता समस्याहरूलाई पनि उनले आफ्ना कवितामा प्रस्तुत गर्दै समाजका यस्ता भ्रष्ट नेताको शोषण, दमन, अन्याय, अत्याचार अशान्तिजस्ता कार्यको अन्त्य हुनुपर्ने कुरामा जोड दिनु उनका कविताको उद्देश्य हो । यसरी नेपालमा देखिएको राजनीतिक खिचातानीदेखि कतिले ती राजनीतिक चलखेलका विरुद्ध हामीहरूले आवाज उठाउनु पर्ने उद्देश्य स्पष्ट पारेका छन् ।

## ४.२.८ दृष्टिबिन्दु

शीतविन्दुको कवितासङ्ग्रह **आस्था ओ मेरी प्रिया**का कविताहरू सबैमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर कविताको रचना गरेका छन् । शीतविन्दुले समाजका, राजनीतिक क्षेत्रका विषम परिस्थितिलाई आफूले देखेका, भोगेका, सुनेका, यावत् दुःख, पीडा, कष्ट विकृति र विसङ्गतिलाई यथार्थ ढङ्गबाट प्रस्तुत गरेका छन् । उनका कवितासङ्ग्रहमा भएका कवितालाई हेर्दा सम्पूर्ण कविता तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । जस्तै :

१) एकाबिहानै एउटी चेली - नानी, बालक, चेली, लोग्ने, सासु ।

२) च्यातिएको क्यानभासमा मेरो वर्तमान - आमा, चेली, विधवा, कलाकार

यस्तै सम्पूर्ण १७ वटै कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.२.९ भाषाशैलीय विन्यास

कवि शीतविन्दुका **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहका कविताहरूमा भाषाशैलीय विन्यासलाई हेर्दा उनका कवितामा निम्न, बिम्ब प्रतीक प्रयोग गरेको पाइन्छ । शीतविन्दुले लाटकोसेरा, खुनीहरू, गिद्धहरू, चराचुरुङ्गी, मानवेत्तरका साथै मानववीय अर्जुन, राहुल, यशोधरा, राक्षसजस्ता **महाभारत**का पात्रहरूलाई समेत प्रतीकात्मक रूपमा प्रयोग गरेका छन् । यसरी विविध मानवीय, मानवेतर, चराचुरुङ्गी, पशु र **महाभारत**लगायतका प्राणीहरूलाई प्रतीकात्मक रूपमा आफ्ना कवितामा समावेश गरेर कवितामा स्तरीयता कायम गर्न सफल भएका छन् । उनका यस कवितासङ्ग्रहमा पनि मुक्त छन्दको प्रयोग गरी कवितालाई लयात्मक बनाइएको पाइन्छ । कविता सरल, सहज र बुझ्न सजिला छन् ।

उनका कविताका अर्थ बुझिने छन् अनि लक्ष्यार्थ र व्यङ्ग्यार्थको प्रयोग पनि कवितामा उत्तिकै भेटिएको पाइन्छ ।

कवि शीतविन्दुले **आस्था ओ मेरी प्रिया** कवितासङ्ग्रहका कवितामा पनि विभिन्न लेख्य चिह्नहरूको प्रयोग गरेर कविताको रचना गरेका छन् । उनले योजक, अल्पविराम, विस्मयवोधक आदि चिह्नहरूको प्रयोग गरेर कविता रचना गरेका छन् । उदाहरणका लागि योजक चिह्न प्रयोग भएको एउटा कवितालाई हेर्दा

एउटालाई खुशीपार - अर्को आगो बन्छ
एउटाको पूजा गर - अर्को चिहान खन्छ ।

प्रश्नवाचक चिह्न प्रयोग भएको कवितालाई हेर्दा :

पछ्यौरीको छेउमा
व्यथा कुट्र्यायौ कि सातु?
गाग्रीको परेलीबाट
पानी छचल्क्यायौ कि आँसु?
पारेर खलाँती पिञ्जरा जस्तो छाती
चेली !
फेरी पनि यो घाममा तिमी उकालो चढ्यौ ? (पृ. २८)

विस्मयबोधक चिह्न प्रयोग भएको कवितालाई हेर्दा:

चेली !
साँझ पिच्छे कति जाउलो मात्र उमाल्छ्यौ ?
अब त
पटुकी कस्ने बेला भएन र ?
बोल न चेली ! (पृ. २८)

## ४.२.१० व्याख्या तथा निष्कर्ष

शीतविन्दुका कविताको विश्लेषण गर्दा उनका कविताहरू धेरै लामा पनि छैनन् र छोटा पनि नभएर मझौला आकारमा अवस्थित रहेको पाइन्छ । उनका कविताको विभाजनमा आदि, मध्य र अन्त्यको प्रयोग संयोजित रूपमा भएको छ । उनका कविताहरूमा स्थान, प्रसङ्ग, पङ्क्तिपुञ्ज, पङ्क्तिहरूमा विभाजन गरिएको छ । कवि शीतविन्दुले कविताहरूमा योजक, प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधकजस्ता चिह्नरूको प्रयोग

गरेका छन् । उनका कविताको सङ्गठन व्यवस्थापनमा पनि कवितालाई पूर्णता दिन आदि, मध्य र अन्त्यको राम्रो व्यवस्थापन गरिएको छ । उनका कविताको आधा भागमा चिनारीसँग सङ्घर्ष विन्यास, मध्य भागमा अन्य सङ्कटावस्थाहरू र अन्त्य भागमा निष्कर्षहरू देखाएर कविताको अन्त्य गरिएको छ । शीतविन्दुका कविताको भाव नेपाली समाजका राजनीतिक, सामाजिक, आर्थिक अवस्थामा देखिएका असन्तुष्टिलाई पर्दाफास गर्ने काम गरिएको छ । नेपाली राजनीति द्वन्द्वले हरेक नेपालीले भोग्नु परेका हत्या, हिंसा, आतङ्क जस्तो दुःखद् परिवेशलाई नै आफ्ना कविताको परिवेश बनाएका छन् । शीतविन्दुले कविता लेख्नुको मुख्य उद्देश्य समाजका राजनीतिक विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचार, स्वार्थी नेताहरूको भ्रष्ट नीति, राजनीतिक चालखेल, माओवादीहरूको उग्र प्रवृत्तिले निम्त्याएको पीडा, व्यथा, गरिबी, अशिक्षा आदि समस्यालाई सबैका सामु प्रस्ट पारेर त्यसको समाधानको बाटो पहिल्याउनु रहेको छ ।

शीतविन्दुले विभिन्न मानवीय र मानवेतर तिमी, उनी, राक्षस, पशुपंक्षी, लाटकोसेरा, उल्लुजस्ता तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर कवितारचना गरेका छन् । उनका कवितामा सहभागीका रूपमा मान्छे, वृद्ध, छोरा, छोरी, देवीदेवता, राक्षस, दिदीबहिनी, चेली, यशोधरा, अर्जुन आदिजस्ता पात्रहरूको सहभागिता पाइन्छ । शीतविन्दुको कविताको भाषा जटिल नभएर सरल, सहज र बुझ्न सजिलो छ । उनले आफ्ना कवितामा कहीं पनि जटिल शब्दको प्रयोग गरेको पाइँदैन ।

शीतविन्दुले आफ्ना **चिता जलिरहेछ** (२०५३), **आस्था ओ मेरी प्रिया** (२०५९), कवितासङ्ग्रहका कवितालाई पङ्क्ति र पङ्क्तिपुञ्जमा विभाजन गरेर आदि, मध्य र अन्त्यको सुन्दर संयोजन गर्दै समाजमा विद्यमान बेथितिलाई विषयवस्तु बनाएर कुरीति र कुसंस्कार अन्त्य हुनुपर्छ भन्ने आशाका साथ राजनैतिक, आर्थिक, सामाजिक असमानताको अन्त्य हुनुपर्छ भनेका छन् । उनका कवितामा आफूलगायत **महाभारत, रामायण** पशुपंक्षी, देवीदेवता, राक्षस पात्र पनि सहभागीका रूपमा आएका छन् । उनले नेपाली परिवेशमा हिमाल, पहाड, तराई, खोलानाला र विदेशी स्थान, आज, हिजो र इतिहासको समय अनि दुःखद् वातावरणलाई आफ्ना कविताको परिवेश बनाएका छन् । थोरै सुखद् वातावरणको चित्रण गरेका छन् । समाजका, राजनीतिका अन्याय, अत्याचार र सर्वसाधारण नेपालीले भोग्नु परेका विविध यातना, पीडा, व्यथा र नारी शोषणको अन्त्य हुनुपर्छ भन्ने उनका कविताको उद्देश्य रहेको छ । उनले प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी विभिन्न

योजक, प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधक लेख्य चिह्नको प्रयोग गरेर सरल, सहज रूपमा कविताहरू प्रस्तुत गरेका छन् ।

# पा“चौ“ परिच्छेद

## शीतविन्दुका कवितागत प्रवृत्तिहरू

नेपाली बामपन्थी आन्दोलनका एक सक्रिय व्यक्तित्व प्रदीप ज्ञवाली नेपाली साहित्य जगत्मा शीतविन्दुको नामले सुपरिचित छन् । प्रगतिवादी साहित्यिक कृतिका माझमा शीतविन्दुका पनि दुईवटा कविताकृति **चिता जलिरहेछ** (२०५३) र **आस्था ओ मेरी प्रिया** (२०५९) थपिएका छन् । यिनै कविता कृतिमा देखाइएका कविताागत प्रवृत्तिलाई निम्नानुसार चर्चा गरिएको छ :

### ५.१ सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको विरोध

शीतविन्दुले आफ्ना कवितालेखनमा प्रगतिशीलतालाई यथेष्ट स्थान दिएका छन् । उनका धेरैजसो कविताहरूले सङ्घर्षको स्वर बोकेका छन् । सामन्त वर्ग र अभिजात्य वर्गको उत्पीडनका स्वरूपलाई प्रगतिवादी कविहरूले कवितामा चित्रण गर्दछन् र सामन्तवादको सामाजिक व्यवस्थाको तीव्र विरोध गरेका हुन्छन् ।[१] कवि शीतविन्दुका कवितामा सामन्तवादी व्यवस्था विरुद्धमा तीव्र प्रहार भएको छ । उनका कवितामा सामन्तवादी शोषकीय संरचनालाई ध्वस्त पार्नुपर्ने आकाङ्क्षा अभिव्यक्त भएको छ । सामन्तवादी-पुँजीवादी शक्तिको विरोध छ । देशमा प्रजातन्त्र आए पनि त्यसले उत्पीडित वर्गलाई मुक्त गर्न नसकेको र सामन्तशाही व्यवस्थाभन्दा भिन्न नरहेको यथार्थता हरेक कवितामा कविले व्यक्त गरेका छन् । भ्रष्टाचार र शोषणको सहायतामा पुँजीवादी शासकहरूको घृणित स्वार्थपूर्ति ऐसआराम गर्ने स्वभावलाई कविले 'ओ यात्री' कवितामा यसरी देखाएका छन् । उदाहरणका लागि :

काठमाडौँमा एउटा घर
श्रीमतीलाई सुन र साडी
साँझै पिच्छे मासु र ह्विस्की,
ढोका बाहिर एउटा गाडी
सुन्दै थिएँ, हिजो आज
यस्तो आदर्शको महामारी
फैलिँदैछ रे पार्टी-भरी
मेरो गुरु थला त परेनौं । (पृ. २७) ।

---

१. जगदीशचन्द्र भण्डारी, **प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास,** (अप्रकाशित विद्यावारिधि शोधपत्र), त्रि.वि., २०५३, पृ. १६३ ।

शीतविन्दुका कवितामा पुँजीवादी तथा साम्राज्यवादी शक्तिका विरुद्धमा आक्रोश र घृणा व्यक्त गरिएको पाइन्छ भने पुँजीवादी शासन व्यवस्थाद्वारा गरिने हत्या, हिंसा, आतङ्क र निर्मम शोषण गरी ऐसआराम गर्ने अमानवीय प्रवृत्तिको तीव्र आलोचना गर्दै त्यस प्रवृत्तिको विरोध गरेको पाइन्छ । यो उनको कवितागत प्रवृत्ति हो ।

## ५.२ सामाजिक यथार्थ र वर्गसङ्घर्षको चित्रण

शीतविन्दुका कवितामा सामाजिक यथार्थ र वर्ग सङ्घर्षको चित्रण गरिएको पाइन्छ । नेपाली समाजका शोषक र शोषित, धनी र गरिब, उच्च र निम्नजस्ता असमानतामा विभाजित रहेको पाइन्छ ।[२] शीतविन्दुका कवितामा सामन्तवादी र पुँजीवादी शक्तिद्वारा सिर्जित असमानता, वर्ग वैषम्य एवम् शोषक र शोषितबीच रहेको भिन्नतालाई देखाउँदै समाजमा उड्दै र ब्युँझदै गइरहेको वर्गसङ्घर्षको चित्रण गरिएको छ । समकालीन राजनीतिक र आर्थिक व्यवस्थाद्वारा सिर्जित समाजका विसङ्गत र क्रूर यथार्थको प्रकटीकरण उनका कवितामा पाइन्छ । २०४६ सालको प्रजातन्त्र प्राप्तिपछि स्थापित पुँजीवादी र सामन्तवादी व्यवस्थाका नेताहरूले आफ्नो स्वार्थपूर्तिका निम्ति मात्र काम गरेको तथ्यलाई केही कविताका माध्यमबाट पर्दाफास गरिएको छ । सामन्तवादी व्यवस्थाका यावत् संरचनालाई ध्वस्त नपारेसम्म सर्वहारा वर्गको मुक्ति नहुने वास्तविकतालाई ‘सिस्नेको तिरैमा’ नामक गीति कवितामा शीतविन्दुले यसरी व्यक्त गरेका छन् :

रगतको धारा बगेर गयो सिस्नेको तिरैमा
अधेरी राती पुछियो सिन्दुर चेलीको शिरैमा
असारैमास धानको पाँजा खुनैले रङ्गियो
ती बुढी आमा धर्धरी रँदा पहिरै बगीगो
के रैछ यस्तो यो प्रजातन्त्र बारुदै गनायो
जुनकिरी जस्तो पाँच वर्षे बाला टुहुरै बनायो
रोपाई सकी फर्केका किसान ढालेर रातीमा
हत्याराहरू घुम्दैछन् तक्मा भिरेर छातीमा
पुछेर आँशु बदलाको ज्वाला बालौ-है आँखैमा
सहिदको रगत फुल्ने छ भोलि नेपाली पाखैमा (पृ. १०.)

---

२. ऐजन ।

## ५.३ धार्मिक अन्धविश्वास र रुढिवादको विरोध

नेपाली समाजमा व्याप्त देखिएका धार्मिक आडम्बर, खोक्रो आध्यात्मिकता र निरर्थक वर्णवाद, टुना, मुना, तन्त्रमन्त्रजस्ता काल्पनिक एवम् अवैज्ञानिक विधिविधान र भ्रमपूर्ण मान्यताहरू सामन्तवादी व्यवस्थाले आफ्नो वर्गहितका लागि सिर्जना गरेको हुँदा प्रगतिवादी कविहरूले सामन्तवादी सामाजिक संरचनालाई सुदृढ गराउने र शक्ति प्रदान गर्ने त्यस किसिमका बेथिति र कुरीतिका विरुद्धमा आक्रोश व्यक्त गर्दै त्यसका ठाउँमा जनवादी संस्कृतिको स्थापना गर्नमा जोड दिएका छन् । यसरी परम्परागत अन्ध धारणा तथा भाग्यवादका विरुद्धमा जनमानसलाई उठाउनु र वर्गीय भावनाको उद्बोधन गराउनु प्रगतिवादी कविताहरूको विशेषता रहेको देखिन्छ ।[३] सामन्तवादी व्यवस्थाका यावत् संरचनालाई ध्वस्त नगरेसम्म सर्वहारा वर्गको मुक्ति नहुने वास्तविकतालाई 'पखेरुको गुराँस' कवितामा यसरी भाव व्यक्त गरेका छन् :

आततायीहरूका फोहरी गाली र धम्कीका सामु पनि
शिर गर्विलो पारेर हेर्न
वीरङ्गना भएर फुलिरहेछ गुराँस
टिलिक्क टल्किने सङ्गीतले मुटु टुक्राटुक्रा पार्दा पनि
"अन्तिम विजय हाम्रो हो" गाइरहने
सहिद बनेर फुलिरहेछ गुराँस (पृ. ४६) ।

यसरी परम्परावादी आततायीहरूका फोहरी गाली र धम्कीका सामु डराएर बस्नु हुँदैन । जस्तोसुकै दुःखकष्ट सहेर पनि अन्त्यमा हाम्रो विजय अवश्य हुनेछ भनी सङ्घर्ष गरी बलिदानी दिन पछि नपरी रुढिवादीहरूको अन्त्य गरेरै छोड्नु पर्ने भाव माथिको कवितांशमा व्यक्त गरिएको छ ।

## ५.४ नारीजातिको शोषणको चित्रण र त्यसको विरोध

समाजमा हर्ताकर्ताका रूपमा स्थापित पुरुष वर्गले नारीलाई गरेको शोषण, पुरुषवर्गकै पक्षमा रहेका परम्परागत विधिविधान आदिको चित्रण र त्यसको विरोधमा प्रगतिवादी कविहरूले कविता सिर्जेका हुन्छन् ।[४] यसरी नै शीतविन्दुका कवितामा पनि नारी जातिको शोषणको चित्रण र त्यसको विरोध भएको पाइन्छ । पुरुषप्रधान समाजमा नारी

३. ऐजन ।
४. ऐजन ।

जातिले भोग्नु परेको पीडालाई कविले "एकाबिहानै एउटी चेली" नामक कवितामा यसरी देखाएका छन् :

हराएछन् लोग्नेका ती मायालु आँखाहरू
बिलाएछन् सासूका ती गुलिया भाखाहरू
फेरी पनि रगतको पोखरीमा छोरी नै देखेर
सल्किएछ डढेलो दन्किएछ ज्वाला
कुन जुनीको पापले चेली
आज फेरि भोको पेट खोल्सी तर्स्यौ?
भन न चेली
आज फेरी किन रगत बगाउँदै
जङ्गलबाट पर्कियौं ? (पृ. २९) ।

## ५.५ समतायुक्त सामाजिक व्यवस्थानिर्माणका निम्ति आह्वान

शीतविन्दुका कवितामा समतामूलक सामाजिक व्यवस्था निर्माणका निम्ति आह्वान गरेको पाइन्छ । सामाजिक व्यवस्था परिवर्तनमा जनतालाई जागरुक गराउनु र पुरानो व्यवस्थाप्रति वितृष्णा जगाउनु अनि आमूल परिवर्तनकारी सङ्घर्षमा उत्प्रेरित गर्नु प्रगतिवादी कविहरूको उद्देश्य रहेको देखिन्छ ।[छ] ज्ञवालीले आफ्ना कवितामा अन्याय, अत्याचारयुक्त सामाजिक युग र जीवनको प्रतिरोधमा क्रान्तिको आह्वान गरेका छन् । उनले अन्याय, अत्याचार र विषमतायुक्त परिपाटीको उन्मुलनपछिको न्याय, सदाचार र समतायुक्त सामाजिकताप्रति सङ्केत दिएका छन् । समाजका भ्रष्ट व्यक्तिलाई फोडेर मात्र नयाँ समाजको निर्माण हुने भएकोले क्रान्तिकारी शक्तिलाई सङ्घर्ष गर्न आह्वान गरिएको पाइन्छ । उदाहरणका लागि तलको कवितांशलाई देखाउन सकिन्छ :

भो उदास नबन ए प्यारो आकाश
तिम्रो मुहारलाई अँध्यारो पार्ने काला वादलहरूलाई
हामी सँधैभरी गर्जिरहन दिने छैनौं
उसको रगत पोखिएर त्यसै खेरा जाने छैन
त्यसमाथि सुन्दर संसारको जग वलियो गरी उठ्नेछ
रगतमा होली खेलिरहेको देशले
असह्य प्रसव पीडापछि जन्माइछाड्ने छ
भोलि विहान एउटा हिस्सी परेको वालक जन्माइछाड्ने छ । पृ. १०) ।

५. ऐजन ।

## ५.६ स्वरगत प्रवृत्ति

शीतविन्दु प्रगतिवादी, क्रान्तिकारी कवि भएकाले उनको नीजि स्वर भनेको प्रगतिशीलता नै हो । उनका धेरैजसो कविताले सङ्घर्षको स्वर बोकेका छन् । राजनीति क्षेत्रले ग्रहण गरेका विसङ्गतिमूलक पक्षहरूप्रति शब्द र भावले प्रहार गर्न कवि रतिभर चुकेका छैनन् । कविका अधिकांश कविता समसामयिक घटनाबाट प्रभावित भएर लेखिएको देखिन्छ । उनका कवितामा नयाँ मूल्यप्रति आग्रह मात्र पोखिएको छैन । नयाँ सिर्जनाप्रतिको चासो र परिवर्तनको तीव्र चाहनासमेत गाँसिएर आएका छन् । उनका कविता सामाजिक मूल्य स्थापना गर्न सफल भएका छन् । मानवीय मूल्यहरण, विसङ्गति, जनसंवेदनाको प्रस्तुतीकरण, आशावादिताको झलक उनका कवितामा भेटिन्छ । कविको चेत सामाजिक र यथार्थवादलाई पक्रन सफल भएको देखिन्छ । कतिपय कवितामा सामाजिक प्रतिबिम्ब झल्किन्छ, राजनीतिक आस्था, निरङ्कुशता विरोधी जनचेतना, सामाजिक संरचनाले जन्माएका विभिन्न समस्याहरू, मानवीय शोषण, आधुनिकताको नाममा मानवीय संवेदनाहरूको मूल्यहरणजस्ता पक्षहरूलाई उनका कवितामा मुख्य स्वर बनाइएको छ । एकातिर शीतविन्दु आफ्ना कविताहरूमा क्रान्तिप्रति उत्कृष्ट आस्था र चाहना प्रकट गर्दछन् भने अर्कोतिर क्रान्तिको नाममा उग्र बामपन्थी क्रियाकलापले सिर्जित समस्याप्रति पनि तीव्र आक्रोश व्यक्त गर्दछन् ।[६] उनका कवितामा जनताका भावना र जनताका चीत्कारहरू प्रतिबिम्बित भएको पाइन्छ । उदाहरणका लागि :

बन्दुकको गडगडाहट माझ हर्ष मनाउनेहरूलाई त
यो एउटा "ककटेल पार्टी" एउटा विजयउत्सव थियो
शान्तिप्रेमीहरूका लागि भने त्यो दिन
आँसुको भेल बगाउने दिन थियो, वेदनाले छाती पिट्ने दिन थियो
टुहुराहरूको क्रन्दन र विधवाहरूको विलापमा आनन्द
मनाउनेहरूका लागि त
यो रमाइलो रोदी घर थियो, रङ्गीचङ्गी नाइटक्लब थियो
परन्तु न्यायप्रेमीहरूका लागि त यो
एउटा वज्रपात, एउटा भूकम्पको दिन थियो । (पृ. ७)

६. दिलीपकुमार नेपाली, 'वर्तमान समयको धड्कन '**छाम्ने आस्था ओ मेरी प्रिया**', **जनतहल्का** साप्ताहिक, (वर्ष ६, अङ्क ३४, २०५९), पृ. ५ ।

## ५.७ भाषाशैलीगत प्रवृत्ति

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो ।[७] शीतविन्दु नेपाली बामपन्थी आन्दोलनका एक सक्रिय व्यक्तित्व भएका कारण उनका कवितामा प्रयोग गरिएको भाषा सरल, सहज र यथार्थ समाजबाट टिपिएको पाइन्छ । प्रगतिवादी कवितामा प्रयोग भएको भाषा नेपाली उत्पीडित जीवनको यथार्थ संसारबाट लिइएको पाइन्छ । कवितामा प्रयोग गरिएको भाषा क्लिट, दुरुह र असम्प्रेय किसिमको देखिदैन । उनका कवितामा प्रयुक्त भाषाशैली सरल, सरस र सुबोध्य देखिन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग, अनुप्रासीयता, आलङ्कारिकता, भाषाप्रयोगमा स्पष्टता पाइन्छ । उनका कवितामा प्रयुक्त भाषा लाक्षणिक किसिमको भए तापनि सजिलै बुझ्न सकिने खालको छ । यसरी भाषा सरल भइकन पनि मार्मिक हुनु उनको भाषाशैलीगत वैशिष्ठ्य मान्न सकिन्छ । भावानानुकूल भाषाशैलीको प्रयोग उनका कवितामा पाइन्छ । वर्णनमूलक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक, सम्बोधनात्मक आदि शैलीको अनुसरण उनले गरेका छन् । वाक्यमा पदक्रम विचलन गरिएको छ । नेपाली झर्रा शब्दहरू बढी प्रयोग भए तापनि तत्सम शब्दका साथै आगन्तुक र पाश्चात्य मूलका शब्द, **रामायण** र **महाभारत**का शब्दसमेत प्रयोग गरिएको छ । कवितामा आवश्यकताअनुसार प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधक, उद्धरण चिह्न आदिको प्रयोग गरिएको पाइन्छ । शीतविन्दुको अभिव्यक्ति सरल, सुस्पष्ट स्वभाविक हुनुका साथै सरल संरचनाभित्र कथ्य र भावको समायोजन गरिएको पाइन्छ ।

## ५.८ लयगत प्रवृत्ति

लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई बुझाउँछ ।[८] प्रगतिवादी नेपाली कविहरूले कविताको सिर्जनामा लय मुक्त वागद्य र नेपाली लोकलयलाई आधार बनाएका छन् । शीतविन्दुका कविताहरू मुक्त लयमा आधारित छन् । मुक्त लयमा संरचित उनका कवितामा सहज रूपमा लय, भाव, भाषाका बीचमा तादत्म्यता पाइन्छ । सांगीतिक र सुन्दर भाषाको प्रयोगले कवितालाई सुमधुर र गेयात्मक बनाएको छ । अन्तर अनुप्रासीयता र अन्य विविध अनुप्रासप्रयोग भएको पाइन्छ । त्यसले भावगत स्तरमा कवितालाई गम्भीर र तीव्र बनाएको छ ।

---

७. डा. खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् ।
८. ऐजन ।

शीतविन्दुका कविताहरू पद्यविहीन छन् । यसरी शीतविन्दु प्रगतिवादी कवि भएकाले उनका कविताहरू गद्यशैलीमा रचिएका छन् । उनका कविताहरू गेयात्मक छन् । जस्तै:

हाम्रो कुनै नाउँ छैन
बस्ने कुनै ठाउँ छैन
आफ्नो भन्ने गाउँ छैन
झरेका पातहरूले जस्तै
हुरीलाई पछ्याउँछौं
र फालिन्छौं कुनै पखेरामा
क्रान्तिको नाममा
शान्तिको नाममा
सनाखत हुन नसकेका बेवारिसेहरू
नाम नजुरेका हामी बेनामीहरू (हामी वेनामीहरू, पृ. ५०)

रित्तो छ पेट तर पनि मान्छे
जिजीविषाका लागि
भिडिरहेकै छ, भिडिरहेकै छ
रुण छ देश, दारुण छ परिवेश
उज्यालोको खोजीमा मान्छे
हिँडिरहेकै छ, हिँडिरहेकै छ । (किन मौन अचेल रेसुङ्गाबाबा, पृ. ५६) ।

उपर्युक्त कवितामा सुललित पदावली र सङ्गठित शब्द संयोजनका साथै मध्यानुप्रास र अन्त्यानुप्रासको कुशल संयोजनबाट श्रुतिमाधुर्य बन्न पुगेको छ । उनका कवितामा गद्य कवितात्मक लय र गीतिलयलाई कवितामा प्रयोग गरिएको पाइन्छ ।

कविताको भावले अपेक्षा गरेअनुरूप शब्द प्रयोग गरी भाव र भाषाका बीचमा अन्तरसम्वन्ध स्थापित गरी कवि शीतविन्दुले कविताको लयमा अन्तर्साङ्गीतिकतालाई बढाउने प्रयास गरेका छन् । अन्तर अनुप्रासीयता र कतैकतै अन्त्यानुप्रासीयता र मध्यानुप्रासीयता अनि आध्यानुप्रासीयताको समेत प्रयोग भएकाले उनका गद्य कविताको लयमा साङ्गीतिक मिठासको अभिवृद्धि भएको छ । उनका गद्य कविताका पङ्क्तिहरू समान र असमान गति र यतिमा लयबद्ध भई प्रस्तुत भएका देखिन्छन् । गद्यकवितामा पनि पद्यात्मकताको छनक पाइनु उनका कविताको लयगत विशेषता हो ।

## ५.९ बिम्वप्रतीक र अलङ्कारयोजना प्रयोगगत प्रवृत्ति

कुनै व्यक्ति वा वस्तुको आकृति र त्यससम्बन्धी अवधारणा, त्यसको पुनर्निर्माण; मानसपटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र वा प्रतिकृति तथा मानसिक, विचार एवम् मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारहरू बिम्ब हुन् ।[९] उपमान व्यवस्था, बिम्बात्मकता, प्रतीकात्मकता र ब्यङ्ग्यात्मकताका दृष्टिले प्रगतिवादी कविताहरू विशिष्ट रहेका देखिन्छन् । बिम्बको प्रयोगले प्रगीतात्मक कविता सशक्त र भाव प्रवल बन्दछ । शीतविन्दुले आफ्ना कवितामा राजनीतिक, सामाजिक, आर्थिक, पौराणिक आदि क्षेत्रबाट विविध बिम्ब र प्रतीकहरू टिपेका छन् । वर्तमान समय र सन्दर्भको एउटा बिम्बलाई उनले यसरी प्रस्तुत गरेका छन् । उदाहरणका लागि 'बिहानीको प्रतीक्षामा" शीर्षकको कवितालाई हेर्न सकिन्छ :

एक झोक्का चिसो सिरेटो हुत्तिदै आउँछ
झुपडीको ढोका चर्मराउँदै उदाङ्गिन्छ
अँध्यारोसँग पिल्पिलाइरहेको टुकी ध्याप्प निभ्छ
मृत्युजस्तो छायाँले मझेरी छोपिन्छ
निर्मोही सिरेटोभन्दा पनि दस गुना निर्मम खबर सुसाउँदै भित्रिन्छ
"आमा, तिम्रो छोराले मैदानमा वीरगति पाएको छ" (पृ.१२) ।

प्रस्तुत अंशहरूले वर्तमान परिवेशको धड्कन राम्रैसँग छामेको छ । यहाँ चिसो सिरेटो एउटा अत्यासलाग्दो बनेको छ । निर्मम खबरहरूले प्रत्येक नेपाली आमाको छाती चर्चर चिरिएको बेला कविले वर्तमान समय र सन्दर्भको एउटा बिम्ब नै प्रस्तुत गरेका छन् ।

प्रतीकविधान पनि कविताको अर्को सशक्त पक्ष हो । कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व गर्ने चिह्नलाई प्रतीक भनिन्छ ।[१०] शीतविन्दुले सामाजिक यथार्थ, राजनैतिक प्रसङ्ग, सामाजिक विकृति र कुप्रवृत्तिजस्ता पक्षको उद्घाटन गर्न सहज रूपले कवितामा प्रतीकविधान प्रयोग गरेका छन् । उदाहरणका लागि मलाई कुहिरो मन पर्दैन नामक शीर्षकको कवितालाई हेर्दा:

जनतालाई भोरमा पार्ने
औसरवाद जस्तै छ कुहिरो
देख्दा नरम, सेतो र सफा
तर विछट्टै विश्वासघाती

---

९. ऐजन ।
१०. ऐजन ।

सधैंभरि अँध्यारामा सुताइराख्ने
अज्ञानता जस्तै छ कुहिरो
जताततै सम्मो र एकनास लाग्ने
तर चौपट्टै आत्मघाती
एम्बुस जस्तै छ कुहिरो (पृ. २४) ।

प्रजातान्त्रिक यो राजनीतिक खेललाई शीतविन्दुले कुहिरोसँग दाँज्दै औसरवादको संज्ञा दिएका छन् । जनतालाई अँध्यारो र अज्ञानताले छोडेर राख्ने आत्मघाती एम्बुस जस्तै कुहिरोसँग उनको कुनै सहमति छैन । जहाँ जनताका जिजीविषाहरू प्रत्येक पल मर्दै गइरहेका छन् ।[११] अलङ्कार पनि कविताको सशक्त कलापक्ष मानिन्छ । विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगबाट कविता भावसंवेद्य बन्दछ । शीतविन्दुले आफ्ना कवितामा अनुप्रास, यमकजस्ता शब्दालङ्कार प्रयोग गरेका छन् । माथिको कवितांशलाई उपमा अलङ्कारको उत्कृष्ट उदाहरणका रूपमा लिन सकिन्छ ।

## ५.१० विषयवस्तुगत प्रवृत्ति

वस्तुले कृतिको सारभूत अंश वा सारतŒवलाई जनाउँछ । वस्तु सबैखाले कृतिमा हुन्छ र वस्तुबिना कुनै पनि कृतिको संरचना हुँदैन । वस्तु मूलतः भाव वा विचारका रूपमा अभिव्यक्त हुन्छ । प्रगीतात्मक संरचना भएका कृतिमा भाव र विचारका रूपमा सारतŒव आउँछ ।[१२] शीतविन्दुले आफ्ना कवितामा विभिन्न विषयवस्तुले कवितालाई सजाएको पाइन्छ । उनले गद्यशैलीमा आत्मपरक र वस्तुपरक चित्रण गर्दै मानवीय मूल्यको खोजी गरेका छन् । यसका साथसाथै वीरता, क्रान्तिकारिता, स्वतन्त्रता, समानता र युवाहरूको भूमिकाको चर्चा गर्दै सामाजिक, राजनीतिक, ऐतिहासिक, धार्मिक कुरीति र विसङ्गतिप्रति सहज ढङ्गले व्यङ्ग्य गर्दै सभ्यता र संस्कृतिको विकाससँगै मानवता, सेवा र विश्ववन्धुत्वको भावना विकास नभएको वर्तमान विषयप्रति आक्रोश व्यक्त गरेका छन् । उनका कविताहरूको मुख्य सारभूत अंश मानवता, राष्ट्रियता, निरङ्कुशताको उद्घाटन गर्नु हो । गरिबी, स्वतन्त्रता, समानता, वर्तमान राजनीति क्षेत्रमा देखा परेका विकृतिको उद्घाटन, सत्ता टिकाउन गरिएका अनेक षडयन्त्रमूलक कार्यहरू, शक्तिको भरमा सत्ता टिकाउन चाहने सत्तालोलुप भ्रष्ट सत्तासीन व्यक्तिहरूको चित्रण गर्नु पनि उनका कविताको विशेषता हो । देश र जनताको लागि केही गर्छु भन्ने भावनाले अगाडि बढेका व्यक्तिको

११. दिलीपकुमार नेपाली, **पूर्ववत्** पृ. ४ ।
१२. डा. खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत** ।

खुट्टाकाटी पत्तासाफ गराउने षडयन्त्रकारी व्यक्तिको चरित्रको उद्घाटनलाई कलात्मकताका साथै व्यङ्ग्यात्मक र क्रान्तिकारी ढङ्गले प्रस्तुत गरिएको पाइन्छ ।

शीतविन्दुका कविताहरूमध्ये 'बिहानीको प्रतीक्षामा', 'चिता जलिरहेछ', 'सङ्कटकाल', 'रगतमा होली खेलिरहेको देश', 'मलाई कुहिरो मन पर्दैन' जस्ता कविताहरूमा निरङ्कुशताको दमन, अत्याचारको उद्घाटन गर्दै त्यस्तो व्यवस्थाको विरोधमा सङ्घर्ष गर्ने क्रान्तिकारी भावना अभिव्यञ्जित भएका छन् । विपन्नता र असमानता हटाई सम्पन्नता र समानता ल्याउन उनी वर्तमानप्रति आक्रोश र भविष्यप्रति आशा प्रकट गर्दछन् । उत्साहमा आधारित क्रान्तिधर्मी तथा आशावादी कविता रच्नु उनको वस्तुगत वैशिष्ट्य हो । शीतविन्दुका कविताले नेपाली राजनैतिक आकाशमा देखापरेका विशृङ्खलताहरू नेपाली जनजीवनले भोगिरहेका शासकीय यन्त्रणाहरू, असल कार्यमा जीवन उत्सर्ग गर्ने अग्रजहरूका सम्झनाहरूलाई मुख्य रूपमा कथ्य बनाएका छन् ।[१३] उनका धेरै कविताहरूले वैचारिक दर्शनलाई आधारित बनाएर यथार्थको अभिव्यक्ति गर्ने प्रयत्न गरेका छन् । उनका कविताहरूमा बढी अँध्यारो प्रकट हुन्छ, बढी कुहिरो लागेर बस्तीहरू कठ्याङ्ग्रिन पुग्छन्, उज्यालो हुनुभन्दा अघिको वातावरणलाई प्रस्तुत गरिएको छ ।[१४] शीतविन्दु आफ्ना केही कवितामा सजीव ढङ्गले वास्तविकतालाई प्रस्तुत गरेका छन् । केही समय अगाडि माओवादीलाई दबाउने नाममा मुलुकभर लगाइएको सङ्कटकालको तीतो यथार्थलाई शीतविन्दुले 'सङ्कटकाल' नामक कवितामा यसरी व्यक्त गरेका छन्-

मेरी आमा
नखोक्नोसन भन्या
दम छ भनें दबाएर राख्नोस्
आफ्नो लठ्ठी कुनामा फ्याँक्नोस्
तपाइँको खोकीले अशान्ति फैलाउँछ ।
तपाइँको लठ्ठीले आतङ्क मौलाउँछ
चर्को स्वरमा खोक्नु हुन्न
सुरक्षाकर्मीहरूलाई रोक्नु हुन्न
तपाइँलाई थाहा छैन
अचेल मुलकभर सङ्कटकाल लागेको छ (पृ. ४२) ।

---

१३. मातृका पोखरेल, 'सामाजिक मूल्यको दृष्टिमा शीतविन्दुका कविताहरू', **जनएकता**, (वर्ष ७, अङ्क ३५, २०५९ पृ. ४) ।
१४. ऐजन ।

यसरी शीतविन्दुका कविताहरू लघुकार्य छन् र अनुभूतिपूर्ण, सुसंवेध र मुक्तलयको निर्धारित निर्वाहले गर्दा गेयात्मक भएका छन् कविताको केन्द्रीय वस्तु सुबोध्य, सरल र सहज ढङ्गबाट प्रकट भएको छ ।

# छैटौं" परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### उपसंहार

वि.सं. २०१९ सालमा गुल्मी जिल्ला चौताराको तल्लो थुम्का टोलमा जन्मिएका प्रदीप ज्ञवाली नेपाली साहित्यिक र साहित्येतर विधामा समेत कलम चलाएका एक सफल साहित्यकार हुन् । नेपाली कविता विधामा शीतविन्दुका नामले सुपरिचित व्यक्ति प्रदीप ज्ञवाली प्रगतिवादी क्रान्तिकारी कविका रूपमा देखापरेका छन् ।

यस शोधपत्रको शोध परिचयसँग सम्बन्धित पहिलो परिच्छेदमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छ । दोस्रो परिच्छेद देखि पाँचौं परिच्छेदसम्म गरिएको अध्ययनको उपसंहार यसप्रकार छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा शीतविन्दु (प्रदीप ज्ञवाली) को जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय दिइएको छ । जसमा कविको जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, आर्थिक स्थिति, पारिवारिक स्थिति, साहित्यिक संलग्नता, सामाजिक र राजनीतिक संलग्नता, पेसा, स्वभाव र रुचिलाई सङ्क्षिप्त रूपमा देखाउनुका साथै कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, समालोचक व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, भूमिकालेखक व्यक्तित्व र स्तम्भलेखक व्यक्तित्वका रूपमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

त्यस्तै यस शोधपत्रको तेस्रो परिच्छेदमा शीतविन्दुको कवितायात्रालाई चरण विभाजन गरी पहिलो चरण (२०४१-२०५३) र दोस्रो चरण (२०५३-हालसम्म) गरी दुई चरणमा विभाजनगरी चरणगत मोडहरूलाई देखाइएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा शीतविन्दुका कवितासङ्ग्रह **चिता जलिरहेछ** (२०५३) र **आस्था, ओ मेरी प्रिया** (२०५९) को विश्लेषण डा. खगेन्द्रप्रसाद लुइटेलको प्रकाशित विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**को प्रारूपका आधारमा गरिएको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा शीतविन्दुका कवितासङ्ग्रहका कवितामा देखिएका कवितागत प्रवृत्तिहरूलाई केलाइएको छ । उनका कवितामा देखिएका प्रवृत्तिहरू सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको विरोध, धार्मिक यथार्थ र रुढिवादको विरोध, नारीजातिको शोषणको चित्रण र त्यसको विरोध, समतायुक्त सामाजिक व्यवस्था निर्माणका निम्ति आह्वान, स्वरगत प्रवृत्ति, भाषाशैलीगत प्रवृति, लय प्रवृति आदिजस्ता प्रवृत्तिको सामान्य चर्चा गरिएको छ ।

कवि शीतविन्दुका कविताहरूका बारेमा समष्टिगत रूपमा भन्नु पर्दा नेपाली राजनीतिक र सामाजिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई विषयवस्तु बनाउनुका साथै राष्ट्रियता, प्रकृति, समाज, सांस्कृतिक र आर्थिक पक्षलाई समेत विषयवस्तु बनाएको पाइन्छ । मीठो भाषामा सरल तरिकाले, सहज ढङ्गमा मुक्तगद्य छन्दमा उनका कविता लेखिएका छन् ।

कवि शीतविन्दुका कविताका केन्द्रीय भावलाई शीर्षकले पनि स्पष्ट सङ्केत गरेको पाइन्छ । उनका शीर्षक अभिधार्थमा रहेका छन् । आफूले देखेका, भोगेका, सुनेका र सोचेका विषयवस्तु लिएर कल्पनामा बुन्दै कविताहरू रचना गरिएका छन् । उनका कविताहरूमा बिम्ब र प्रतीकको पनि संयोजन भएको पाइन्छ । उनका कवितामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । मुक्तलयको प्रयोग गर्नु उनको कृतिगत विशेषता हो । समाजका राजनीति क्षेत्रका विद्यमान बेथितिको पर्दाफास गर्नु उनका कविताको उद्देश्य हो । शीतविन्दुका कवितामा सहभागिका रूपमा **रामायण, महाभारत** र पाश्चात्य इतिहास र साहित्य अनि नेपाली मानवीय र मानवेतर पशुपंक्षीलाई सहभागी बनाई कविताको रचना गरिएको पाइन्छ । कविले आफ्ना कविताको परिवेशअन्तर्गत नेपालका हिमाल, पहाड, तराई, खोलानाला, सहरबजार, देउराली, चौपारी, भञ्ज्याङ र विदेशीभूमि भारतका गङ्गासाँगर, कालीघाट, कोलाकत्ताजस्ता स्थानलाई लिएका छन् । उनले समयमा हिजोआज, भविष्य र इतिहासको समयलाई पनि आफ्ना कविताको परिवेशअन्तर्गत समावेश गरेका छन् । कविले वातावरणमा धेरैजसो दुःखद् वातावरणलाई प्रस्तुत गरेका छन् । उनका कवितामा थोरै मात्र सुखद् वातावरणको चित्रण गरिएको छ । कविले सामाजिक र राजनीतिक क्षेत्रका कुरीति र अत्याचारको अन्त्य गर्न आफ्ना कविताका माध्यमबाट चाहेका छन् । कविले विभिन्न लेख्य चिह्न (प्रश्नवाचक, विस्मयादिबोधक, अल्पविराम, उद्धरण चिह्न आदि) जस्ता चिह्नहरूको प्रयोग गरी आगन्तुक, तत्सम र तद्भवजस्ता शब्दको प्रयोग गरेर भाषाशैलीमा स्तरीयता प्रदान गरेका छन् । समग्रमा भन्दा कवि शीतविन्दुका कविता सरल, सहज, श्रुतिमधुर, मुटु छुने, आफूले भोगेका सुख दुःखका व्यथाहरूलाई स्तरीय रूपमा व्यक्त गरेका छन् ।

# सन्दर्भग्रन्थसूची


**(क) पुस्तक तथा शोधपत्र**

उपाध्याय, गोपीरमण, **प्रगतिशील साहित्य समालोचना**, रूपन्देही : बुटवल साहित्यकला संस्कृति प्रतिष्ठान, २०५९ ।

घिमिरे, रवीन्द्रराज, **सहयात्री उन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, २०६२ ।

दाहाल, सीतादेवी, **उषा शेरचनका कविताको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६० ।

फुल्देल, चिन्तामणि, **प्रदीप ज्ञवालीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६१ ।

भण्डारी, जगदीचन्द्र, **प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., २०५३ ।

लुइटेल, डा. खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शीतविन्दु, **चिता जलिरहेछ,** नवलपरासी : नवयुग प्रिन्टर्स, २०५३ ।

________,**आस्था ओ मेरी प्रिया**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, २०५९ ।

________,**सहयात्री**, दो.सं., काठमाडौँ : साथी प्रकाशन, २०६० ।

ज्ञवाली, प्रदीप, **मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाली क्रान्ति**, काठमाडौँ : दृष्टि प्रकाशन, २०५७ ।

___________, **विचारको केन्द्रीकरण कि भ्रष्टीकरण**, काठमाडौँ : एक्काइसौँ शताब्दी, २०५८ ।

___________, **कुहिरो**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, २०६० ।

**(ख) पत्रिका**

खनाल, केशव, 'प्रदीप ज्ञवालीः राजनीति र साहित्य दुवै क्षेत्रमा चर्चित', **छलफल** (वर्ष २२, अङ्क १९, २०६०, फागुन), पृ. ५ ।

नेपाली, दिलीपकुमार, 'वर्तमान समयको धड्कन छाम्ने आस्थाको मेरी प्रिया', **जनतहल्का** साप्ताहिक (वर्ष ६, अङ्क ३४, २०५९, फागुन) पृ. ५) ।

पोखरेल, मातृका, 'सामाजिक मूल्यको दृष्टिमा शीतविन्दुका कविताहरू', **जनएकता** (वर्ष ७, अङ्क ३५, २०५९, चैत्र) पृ. ४ ।

साहानी, दिल, 'कवि शीतविन्दु र चिता जलिरहेछ', **समकालीन साहित्य** (वर्ष १३, अङ्क ३, २०५९, माघ-फागुन), पृ.९ ।